# परिच्छेद एकः परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा त्यस्तो ज्योती हो जसले मानविय जीवनलाई सहि मार्गदर्शन गर्न बाटो देखाउछ। यो मानविय जीवनभर प्राप्त हुनेसम्पूर्ण अनुभवहरूको एक समष्टिगत रुप हो, शिक्षा जीवनपर्यान्त चलिरहने एक गतिशिल प्रक्रिया हो। शिक्षाले व्याक्तिमा अन्तर्निहित क्षमतालाई सम्भाव्य मात्रामा पूर्ण विकास गराउने कार्य गर्दछ। शिक्षाले आर्थिक सामाजिक सांस्कृतिक एवं राजनैतिक विकासमा महत्वपूर्ण स्थान लिएको हुन्छ किनकि शिक्षा परिवर्तनको संवाहक हो। तसर्थ हरेक राष्ट्रले राष्ट्र विकासका लागि शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकता दिनु पर्दछ। शिक्षाको  उद्देश्य प्राप्तिको लागि पाठ्यक्रम तथा सो अनुसारको पाठ्यपुस्तक वा पाठ्यसामग्रीको आवश्यकता पर्दछ।

प्राचिन युगको नेपाली समाजमा घर परिवार र समाज नै विद्यालयको भूमिका निर्वाह गर्ने निकाय थिए।यस कालको नेपालको शिक्षा गुरुकुल प्रणालीमा आधरित थियो। त्यस वेलाको शिक्षालाई गुरुकुल, ऋषिकुल, पितृकुल र मठमन्दिर, विहार र कुटीहरूको शिक्षा पनि भन्ने गरिन्थ्यो। त्यस वेलाको पाठ्यक्रमको रुपरेखा आमा वुवा र समाजमा चिन्तन  तथा कार्यशैलीमा आधरित थियो। आमाको काम छोरीले, बाबुको काम छोराले गर्ने प्रचलनलाई नै त्यस वेलाको पाठ्यक्रमको संगठन मान्नु पर्दछ। त्यस बेलाको समाज धर्ममा र धार्मिक परम्परामा मात्र विश्वास गर्ने खालको थियो। त्यसै गरी पाठ्यक्रमले पनि आफ्नै धर्म र संस्कृतिमा आधरित भई अनौपचारिक तवरको संचालनबाट औपचारिक मान्यता प्राप्त गर्दथ्यो। नेपालको सन्दर्भमा राजा मानदेवको पालामा ऋषिकुल,देवकुल,पितृकुल,लिच्छिवीकालमा कला संस्कृतिको विकासदेखि पृथ्वीनारायण शाहको पाला सम्ममा सैनिक शिक्षा सम्मको विकास गर्ने पाठ्यक्रमको प्रकृति रहेको थियो।  त्यसवेलाको  शिक्षा पुर्णरुपमा धार्मिक ग्रन्थहरू र तत्कालिन आचरण, अनुशासन, व्यवहार र कर्तव्यमा आधरित थियो (कट्टेल, २०६४)।

मध्ययुगमा नेपालमा शैक्षिक प्रणालीको औपचारिक विकास भएको पाईन्छ । हाम्रो देशमा औपचारिक रुपमा वि.स. १९१० मा शिक्षाको सुरुवात दरवार स्कुलको स्थापना जंग बहादुर राणाले गरेदेखि भएको पाइन्छ। यस पछि नेपालमा भाषा पाठ्शाला,स्रेस्ता पाठशाला,आधार पाठशाला, बौद्ध पाठशाला र मदरसाहरू चलेको पाईन्छन्। यस्ता विद्यालयमा पढाइने पाठ्यक्रम निर्माणको लागि वनारस र मिथिलाका विद्वानहरूसँग सम्पर्क राख्ने गरेको पाईन्छ। यस अवधिका पाठ्यक्रममा धार्मिक परम्परा र संस्कृत भाषाका साथै अंग्रेजी परम्पराको पाठ्यक्रमको प्रकृति र संगठनको पनि

सुरुआत भएको पाईन्छ । वि.स. १९५८ मा देवशमशेरले जताततै शिक्षाको प्रचार गराउनेउद्देश्यले चारभञ्ज्याङ र पहाड तर्फ गरी जम्मा १५० वटा पाठशालाहरूको स्थापना गर्न लगाए । यी पाठशालाहरूको पाठ्यक्रममा पढाई, लेखाई,गणित , ईतिहास , भुगोल जस्ता विषयहरूलाई संगठित गरिएको थियो । भारतको स्वतन्त्र पछि नेपालमा पनि आधार शिक्षाको पाठ्यक्रमहरूलाई कार्यन्वयन गरिएको थियो (कट्टेल, २०६४)।

आधुनिक युगको शुरुवात वि.सं. २००७ सालको राजनैतिक परिवर्तन पछिको समयलाई मानिन्छ । यस काल खण्डमा शिक्षाको संख्यात्मक विकास भएर गयो । यस विकासलाई योजनाबद्ध रुपमा बढाउनको लागि वि.सं. २००९ मा शिक्षा वोर्डको स्थापना गरियो ।यो बोर्डको सिफारिसमा शिक्षालाई योजनाद्व र व्यवस्थित गर्ने उद्देश्यले वि.स. २०११ सालमानेपाल राष्ट्रिय शिक्षा योजना आयोग २०११ को स्थापना भयो । प्रजातन्त्र प्राप्तिपछि गठित नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको पाठ्यक्रम विकास कार्यलाई आधुनिक पाठ्यक्रम निर्माणको पहिलो कार्य मानिन्छ । नेपाल राष्ट्रिय शिक्षा योजना आयोगले सिफारिस गरेको पाठ्यक्रम समाजकेन्द्रित , सामजिक र व्यक्तिगत आवश्यकतामा आधरित , मानवजीवन केन्द्रित रही नेपालमा शिक्षा योजना तर्जुमाको थालनी गर्ने निधो गरेको पाईन्छ ।राष्ट्रिय शिक्षा आयोग २०४९ अनुसार शिक्षाको राष्ट्रिय लक्ष्य, उद्देश्य ,नीतिहरू पुरा हुने गरीबढ्दो विज्ञान प्रविधीको होडमा मेल खाने गरी पाठ्यक्रमको निर्माण ,कार्यान्वयन र विकास गर्दै जानु पर्दछ भन्ने कुराको उल्लेखछ ।राष्ट्रिय शिक्षाको उद्देश्य पुरा गर्नका लागि शिक्षा प्रणालीको विकास र विस्तारमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोग २०११ लगायत सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिती २०१८, राष्ट्रिय शिक्षा पद्धती योजना २०२८ , राष्ट्रिय शिक्षा आयोग २०४९को ठूलो योगदान रहेको पाईन्छ (कट्टेल, २०६४)।

नेपाल राष्ट्रिय शिक्षा योजना आयोग लागु भएपछि प्राथमिक तहदेखि माध्यमिक तहसम्म अनिवार्य रूपमा सामाजिक शिक्षा विषय लागु गरियो । यस अवधी पूर्व नेपालमा विभिन्न तहका विद्यालय, कलेजहरू स्थापना भए पनि यिनिहरूमा दिइने शिक्षा पर्याप्त र व्यवस्थित दुवै थिएन । यस अवधिसम्म नेपालमा करिव २ वटा उच्च शिक्षाका क्याम्पस, २६ वटा मा.वि. र ३०० भन्दावढी प्रा.वि. हरू मात्र स्थापना भएका थिए (शर्मा र शर्मा, २०६४) ।

कुनै पनि देशको औपचारिक शिक्षालाई व्यवस्थित र योजनावद्व रूपमा अगाडी बढाउनका लागि पाठ्यकमको आवश्यकता पर्दछ । त्यसकारण शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, कक्षागत उद्देश्य र विषयगत उद्देश्य पूरागर्नको लागि पाठ्यकमको निर्माण गरिएको हुन्छ । पाठ्यकम शिक्षण सिकाइको एक दस्तावेज हो, योजना हो तथा शिक्षणको मार्ग दर्शक पनि हो ।

विद्यालयहरूमा अध्ययन गराउने विषयहरूमध्ये सामाजिक अध्ययन पनि एक महत्वपूर्ण विषय हो । यो सामाजिक अध्ययन विषयको पनि माध्यमिक तहको पाठ्यक्रम अन्तर्गत छुट्टै पाठ्यक्रम छ । यस विषयको पाठ्यक्रम सामाजिक विज्ञानको विभिन्न विषयवस्तुलाई समेटेर एकिकृत पाठ्यक्रम र विषयगत पाठ्यक्रमको रूपमा तयार गरिएको छ । पाठ्यक्रम निर्धारण गर्दा हरेक विषयको उद्देश्य, लक्ष्य, विषयसूची, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन साधन आदि पक्षलाई निश्चित गरिएको हुन्छ । पाठ्यक्रम निर्माण पश्चात निर्धारित उद्देश्यहरूलाई कार्यन्वयन तहमा लागु गर्न सहयोगि सामग्रीको रुपमा पाठ्यपुस्तक तयार गरिन्छ । पाठ्यक्रमले निश्चित गरेको उद्देश्यहरूको व्यवहारिक क्षेत्रमा कार्यन्वयन गर्न विषयवस्तु संगठित गरि पाठ्यपुस्तक तयार गरिन्छ । पाठ्यक्रम निर्माणका सिद्धान्तमा उपयोगिता, अनुभव, लचकता, जीवनसंग सम्वन्धिक कृयाकलाप, आवश्यकता, रुची, समन्वय, निरन्तरता आदि सिद्धान्त पर्दछन् (शर्मा र शर्मा, २०६४) ।

यसरी नै असल पाठ्यपुस्तकमा हुनुपर्ने गुणहरूमा विषयवस्तुको समन्वय गरेको, व्यवहारिक ज्ञान दिने, विषयवस्तु साध्य र भाषा साधानको रुपमा, शैक्षिक सामग्रीको रुपमा, पाठ्यक्रमको विकल्पको रुपमा, प्रयोजन मूलक समाग्री तथा स्थरअनुसार शिक्षण गर्ने सामग्रीको रुपमा तयार गरीएको हुनुपर्दछ । पाठ्यपुस्तक कुनै पनि विषयको लागि महत्वपूर्ण तथा आधारभूत समग्रीको रुपमा आउछ । समग्र शिक्षा नीतिको सफलता तथा शिक्षण सिकाइको गुणस्तर पाठ्यपुस्तकमा भर पर्दछ । पाठ्यपुस्तक विद्यालय शिक्षणको आधार भएकोले शिक्षक तथा विद्यार्थीका लागि यसको आफ्नै किसिमको महत्व रहेको हुन्छ । पाठ्यक्रम र पाठ्यपुस्तक घनिष्ट सम्वन्ध रहेको हुन्छ । पाठ्यक्रम सवै स्थानमा अप्राप्त हुनसक्दछ भने पाठ्यपुस्तक सबै ठाँउमा प्राप्त हुन्छ । पाठ्यक्रमले स्पष्ट नगरेको कुरालाई पाठ्यपुस्तकले स्पष्ट गर्दछ । पाठ्यक्रमले निर्देशन गरेको मूल्यांयकन पाठ्यपुस्तकका आधारमा गरिन्छ । पाठ्यक्रमको प्रयोगात्मक सन्दर्भ समाग्री पाठ्यपुस्तक स्पष्ट र सन्तुलित हुनुपर्दछ । राष्ट्रिय आवश्यकताको परिपूर्तिको आधारमा पाठ्यक्रम हो भने ति आवश्यकताहरूको निदान गर्ने आधार पाठ्यपुस्तक हो । सामग्रीको स्रोत उल्लेख गर्ने काम पाठ्यक्रमले गर्दछ भने ति स्रोतलाई विद्यार्थीको उमेर, बौद्धिक स्तर र मनोवैज्ञानिक किसिमले पाठ्यपुस्तकले प्रस्तुत गर्दछ । उपयुक्त कुराहरूबाट पाठ्यक्रम र पाठ्यपुस्तकवीचको घनिष्ठ सम्वन्ध स्पष्ट हुन्छ (पा.वि.के., २०५९) ।

पाठ्यपुस्तक पाठ्यवस्तु पठनपाठनको लागि अति आवश्यक सामग्री हो । पाठ्यपुस्तकले पाठ्यक्रमको पुर्ण प्रतिनिधित्व गरिनु पर्दछ । गुणस्तरीय समाज, गुणस्तरीय नागरिक भएमात्र सम्भव छ , गुणस्तरिय नागरिक विकासका लागि सामाजिक अध्ययन आवश्यक छ । सामजिक अध्ययन

विषय उच्च गुण सम्पन्न नागरिक उत्पादन सँग सम्बन्धित रहेको हुँदा पाठ्यक्रम र पाठ्यपुस्तक वीचमा उचित तथा गुणात्मक सम्बन्ध कायम भएको हुनुपर्दछ। अर्थात पाठ्यपुस्तकले पाठ्यक्रमको पूर्ण प्रतिनिधित्व गरेको हुनुपर्दछ (लुइँटेल, २०६४)।

नेपालको सन्दर्भमा सामाजिक अध्ययन सम्वन्धित विषयवस्तु संगठित गरी सामाजिक अध्ययन विषयका रुपमा ने.रा.शि.आ. २०११ को सिफारिस पछि त्यसैवर्षदेखि प्रा.वि. तहदेखि मा.वि.तहसम्म सुरुभएकोमा सामाजिक अध्ययन विषयको पाठ्यक्रममा परिवर्तन गरी पाठ्यक्रम कार्यान्वयनको शिलशिलामा शैक्षिक सत्र वि.स. २०५६/०५७ क्रमश कक्ष ९ र १०मा अनिवार्य विषयको रुपमा व्यवस्था गरेको थियो। सामाजिक अध्ययन विषय माध्यमिक तहसम्म अनिवार्य विषयको रुपमा लागुभई विद्यालयमा शिक्षण कार्य हुदै आएको सन्दर्भमा यस अध्ययनले माध्यमिक तहको वर्तमान सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तक अन्तरसम्वन्धको विश्लेषण गरी यथार्थ पत्ता लगाउन आवश्यक ठानी यो शीर्षकमा केन्द्रित भई अध्ययन गरिने छ। यसबाट सामाजिक अध्ययन विषयको पाठ्यक्रम अनुरुप पाठ्यपुस्तकमा विषयवस्तुको पर्याप्तता र उपयुक्तताको विश्लेषण गर्ने, यसका विषयवस्तु र पाठ्यक्रमका उद्देश्यहरूको व्यवहारिक एवं समयसापेक्षताको लेखाजोखा गर्नु तथा पाठ्यक्रम र पाठ्यपुस्तकको सहसम्वन्धको अध्ययन गर्नको लागि विषय शिक्षक तथा विद्यार्थीका लागि क्रमश: प्रश्नावली, लक्षित समूह छलफल र अध्ययनकर्ता स्वयमले दस्तावेज विश्लेषण अध्ययनका साधनहरू अपनाइ उपयुक्त उद्देश्यहरूको प्राप्ति गर्ने प्रयास गरिने छ (लुइँटेल, २०६४ )।

पाठ्यक्रमले निश्चित लक्ष्य र उद्देश्य राखेको हुन्छ। पाठ्यक्रमको उद्देश्य पूरा गर्ने सशक्त माध्यम पाठ्यपुस्तक हो। पाठ्यपुस्तकको निश्चित क्षेत्र हुन्छ। पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य बमोजिमको पाठ्यांशको विस्तृत व्याख्या र विश्लेषणको आवश्यकता पर्दछ। शैक्षिक कार्यक्रमको विस्तृत रुप पाठ्यक्रम हो भने निश्चित विषयहरूको अध्ययन गर्ने पाठ्यपुस्तक हो । पाठ्यक्रमले सिकाईका विधीहरू शिक्षण क्रियाकलपहरू र मूल्यांकन विधि समेतको उल्लेख गरेको हुन्छ। सो कुरालाई प्रष्टाउने पाठ्यपुस्तक विषय शिक्षणको विस्तृत रुप हो।

सामजिक विषयको पाठ्यक्रम र पाठ्यवस्तु विचको सम्बन्धवारे पत्ता लगाई वर्तमान आवश्यकताको पाठ्यक्रम र पाठ्यवस्तु निर्माणमा सहयोगगर्न यो अध्ययन अनुसन्धान गरिएको छ।

## १.२ समस्याको कथन

सामाजिक अध्ययन भनेको आफूबस्ने समाज, गाउँ, जिल्ला, देश तथा संसारको वस्तुस्थितिको अध्ययन हो । तसर्थ यस विषयको पाठ्यक्रम बनाई पाठ्यपुस्तकका माध्यमबाट पाठ्यवस्तुलाई व्यावहारिक कार्यन्वयनमा स्तरीय र प्रभावकारी गराउन सके निकै सान्दर्भिक हुने देखिन्छ । त्यसैले यस अध्ययनमा हाल कार्यन्वयनमा रहेको माध्यमिक तहको समाजिक अध्ययन विषयको वर्तमान पाठ्यक्रम र पाठ्यपुस्तक अन्तरसम्वन्धको विश्लेशण गर्न खोजिएको छ । माध्यमिक तहको सामाजिक अध्ययन विषयको  उद्देश्य र पाठ्यवस्तुहरूको व्यवहारिकता एवं समयसापेक्ष नरहनु, माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यपुस्तक पाठ्यक्रम अनुरुप नरहेको भन्ने सरोकारवालाको गुनासो ,  यस विषयको पाठ्यक्रमअनुसार पाठ्यपुस्तकमा समावेश भएका पाठ्यपुस्तकमा भएको पाठ्यवस्तुहरूको पर्याप्तताको अवस्था र  पाठ्यवस्तुहरूको उपयुक्तताको नरहेको  सन्दर्भमा   मूख्य समस्याको रुपमा रहेको देखिन्छ  ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि क्षेत्रमा गरिने अध्ययन अनुसन्धानको उक्त क्षेत्रमा आ-आफ्नो महत्वरहेको हुन्छ । नेपालमा माध्यमिक विद्यालय तहमा सामाजिक अध्ययन विषय शैक्षिक वर्ष २०५६ सालदेखि अनिवार्य विषयको रुपमा स्थापित गरिएको छ । यस तहको समाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तक अन्तरसम्बन्ध विश्लेषण गरी यस विषयको पर्याप्तता, उपयुक्तता, व्यवहारिकता, समयसापेक्षता,  पक्षको अध्ययन गर्नु आवश्यक रहेको छ । एक पटक लागु गरिएको पाठ्यक्रम सधैका लागि उपयुक्त हुदैन किनकि समय परिस्थिति परिवर्तन सँगै व्यक्ति, समाज र देशको इच्छा, आवश्यक र सामाजिक मूल्यमान्यतामा परिवर्तन भईरहन्छ । त्यसकारण पाठ्यक्रम र पाठ्यवस्तुको निरन्तर मूल्याङ्कन गरी त्यसमा रहेको कमि कमजोरी हटाइ प्रभावकारी बनाउन पाठ्यक्रम र पाठ्यपुस्तकमा समय समयमा परिमार्जन र संशोधन गर्ने काम भइरहनु पर्दछ । यसले गर्दा प्रस्तुत विषयको अध्ययन औचित्वपूर्ण रहेको छ ।

यस सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यवस्तुहरूको पर्याप्तता र उपयुक्तता के कति मात्रामा रहेको छ ?  उद्देश्य  र पाठ्यवस्तुहरूको समय सापेक्षता र व्यावहारिकताको स्थिति कस्तो छ ? पाठ्यक्रम र पाठ्यपुस्तक विचको अन्तरसम्बन्ध के कस्तो रहेको छ भन्ने अध्ययन गर्नु हो ।  माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रमले निर्धारण गरेको पाठ्यवस्तुहरू पाठ्यपुस्तकले समेटेको या नसमेटेको निर्क्योल गरी अनावश्यक पाठ्यवस्तु हटाई छुट भएको

आवश्यक पाठ्यवस्तुहरूको पहिचान गर्नु आवश्यक छ । पाठ्यपुस्तकमा समावेश गरिएको पाठ्यवस्तुहकरुको गहिराई, तिनिहरूको उपयुक्तता र अनुपयुक्तता, कृयाकलाप र अभ्यासहरू, भाषा र चित्रहरू सम्वन्धमा अध्ययन गर्नु समेत आवश्यक देखिन्छ । सामाजिक अध्ययन विषयको पाठ्यक्रमको उद्देश्य र पाठ्यवस्तुको व्यवहारिकता तथा समयसापेक्षताको लेखाजोखा गर्नुपर्ने अनिवार्य देखिएको छ । यस अध्ययनले विद्यार्थी बर्गमा विषय वस्तुको सम्बन्ध ,पाठ्यांशमा हुनुपर्ने विषय वस्तु तथा सोको अंकभारको ज्ञान प्राप्त हुन गई सोही अनुसारको अध्ययन गर्नमा सहयोग पुग्ने देखिन्छ । त्यस्तै शिक्षकहरूलाई पाठ्यक्रम अनुसार पाठ्यपुस्तकले समेटेको छ छैन र कसरी अध्ययन अध्यापन गराउदा सिकाई प्रभावकारी हुन्छ भन्ने ज्ञान प्राप्त हुन जान्छ भने अंकभार अनुसारको शिक्षण क्रियाकल गर्ने र पाठ्यक्रम र पाठ्यपुस्तक विचको खाडल पहिचान गरी सोको परिपुर्ति गर्ने सहयोगी हुने देखिन्छ । पाठ्यक्रम निर्मातालाई पाठ्यक्रमलाई समयसापेक्ष परिवर्ततन गर्न सहयोग पुराउछ । निति निर्मातालाई समग्र देश विकास गर्न कस्तो शिक्षा प्रदान गर्न कस्तो पाठ्यक्रम निर्माण गर्ने भन्ने मार्गदर्शन गर्न सहयोग गर्दछ । पाठ्यपुस्तक लेखकलाई पाठ्यक्रमका साधरण एवं विशिष्ट उदेश्य पुरा गर्न एवं विद्यार्थीको स्तर अनुसारको पाठ्यपुस्तकमा परिमार्जन गर्न सहयोग गर्दछ । यस अध्ययनले समाजलाई विद्यालय प्रति खेल्नु पर्ने भुमिका एवं सुसंस्कृति युक्त बाटो देखाउनेमा ठुलो भुमिका रहने देखिन्छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य निम्नानुसार छन् ।

क) सामाजिक अध्ययन विषयको पाठ्यक्रममा समावेश गरिएका पाठ्यवस्तुहरूको विश्लेषण गर्नु

ख) यस विषयका पाठ्यवस्तुहरूको उपयुक्तताको लेखाजोखा गर्नु ।

ग) यस विषयका पाठ्यक्रम र पाठ्यपुस्तक बीचको अन्तरसम्वन्धको विश्लेषण गर्नु ।

घ) यस विषयको शिक्षणमा देखिएका समस्याको पहिचान गर्नु ।

ङ) यस विषयको पाठ्यक्रम र पाठ्यपुस्तकमा देखिएको समस्या सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्न

यस अध्ययनको मुख्य विशिष्ट उद्देश्य नै पाठ्यक्रम र पाठ्यवस्तु विचको अन्तरसम्वन्ध विश्लेषण गर्ने भएको हुँदा निम्न प्रश्नहरूलाई अनुसन्धानात्मक प्रश्नको रुपमा निम्न विषयवस्तुलाई लिइनेछ ।

१. सामजिक अध्ययन विषयको पाठ्यक्रमको उद्देश्य र पाठ्यवस्तु व्यवहारिक र समयसापेक्ष छ ?

२. के माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यकममा समावेश गरिएका पाठ्यवस्तु पर्याप्त छ ?

३. के यस विषयका पाठ्यकम अनुसार पाठ्यवस्तुहरू उपयुक्तता छन् ?

४.पाठ्यकम र पाठ्यवस्तु बीचको अन्तरसम्बन्ध कस्तो रहेको छ ?

## १.६ अध्ययनको परिसिमा

यो सिमित साधान, स्रोत, समय र अध्ययन सम्बन्धी समस्यालाई ध्यानमा राखि अध्ययनको परिशिमा निर्धारण गरिएकोछ । पूर्वाञ्चल विकास क्षेत्रको मोरङ जिल्लाको सुन्दर दुलारी नगरपालिका भित्रका २ वटा सामुदायिक मा.वि.हरू साजीलाल उ.मा.वि. र ज्योती मा.वि. नमुना छनौट विधिवाट छनौट गरी सो विद्यालयमा शैक्षिक वर्ष २०७२।०७३ मा कार्यन्वयनमा रहेको कक्षा ९ र१० को सामाजिक शिक्षा पाठ्यवस्तु र सो सम्बन्धी पाठ्यकमलाई अध्ययन क्षेत्र भित्र सिमीत गरिएकोछ । नमुना छनौटमा परेका मा.वि.बाट २-२ जना सामाजिक अध्ययन विषय शिक्षकलाईछनौट गरी प्रश्नावलीको प्रयोगबाट तथ्याङ्क संकलन गरिएकोछ । उक्त मा.वि. कक्षा ९र१० मा अध्ययनरत १८।१८ जना विद्यार्थी पर्ने गरी लक्षित समूह छलफलका लागि छनौट गरी अध्ययन गरिएकोछ । त्यसै गरी सोधकर्ता स्वयंले पनि दस्तावेज ( पाठ्यक्रम र पाठ्यपुस्तक सहसम्बन्ध, विषयवस्तुको लम्वीय र समतलीय सम्बन्ध ) विश्लेषण गरी जानकारी प्राप्त गरिएकोछ ।यस अध्ययनको उद्देश्य १.४ मा उल्लेख गरिएको सीमा भित्र रहि अध्ययन विश्लेषण गरी यो शोधपत्र तयार गरिएकोछ ।

## १.७. शब्दको परिभाषा र व्याख्या

समय सापेक्षः समय परिवर्तन सगै पाठ्यक्रममा समावेश गरिने विषयवस्तुको मात्रा, प्रकृति र समन्वयात्मक स्वरुप जस्ता कुराहरूमा परिवर्तन हुनुलाई बुझाउछ ।

उपयुक्तताः पाठ्यक्रममा छनोट भएका विषयवस्तु पाठ्यकम अनुरुप तथा विद्यार्थीको स्तर, उमेर क्षमता रुचि अनुसार भएको स्थितिलाई वुझाउछ ।

व्यवहारिकता : उद्देश्य अनुसार राखिएका विषयवस्तु र प्रयोजन योग्य भएको अवस्थालाई जनाउछ ।

पर्याप्तता : पाठ्यक्रम अनुरुप तयार गरिएका पाठ्यपुस्तकमा संगठित विषयवस्तु, पाठ्यक्रमको उद्देश्य, समय, विद्यार्थीको स्तर क्षमता र रुचि अनुसार भएको स्थितिलाई बुझाउछ।

स्रोतकेन्द्र : शिक्षा नियमावली २०५९(संसोधन सहित) अनुसार जिल्ला शिक्षाकार्यालय अन्तर्गत सञ्चालित निकाय ।

विद्यालय व्यवस्थापन समितिः विद्यालय सञ्चालन र व्यवस्थापनमा सहयोगगर्ने समुह ।

सामुदायिक विद्यालय : नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्विकृत प्राप्त विद्यालय ।

पाठ्यवस्तु : पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धिहरू प्राप्त गर्ने सहयोगि पुस्तक तथा शैक्षिक सामग्री ।

सिकाइ उपलब्धिः निश्चित कृयाकलाप पश्चात प्राप्त उपलब्धि ।

शिक्षक : सामुदायिक विद्यालयमा कार्यालयका कार्यरत शिक्षक

विद्यार्थी : माध्यमिक तहमा अध्ययनरत विद्यार्थी

पाठ्यक्रम : सिकाइ योजना

# परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

यस अध्ययनलाई  उद्देश्यात्मक रुपमा दुईवटा भागमा हेर्न खोजिएको छ, जसमा माध्यमिक तहको वर्तमान सामाजिक विषयको पाठ्यक्रम र पाठ्यपुस्तुक अन्तरसम्वन्ध विश्लेषण अन्तर्गत पाठ्यक्रमका आधारमा पाठ्यपुस्तकमा समावेश गरिएका पाठ्यबस्तुहरूको पर्याप्तता, उपयुक्तता तथा पाठ्यवस्तु र  उद्देश्यहरूको व्यवहारिकता एवं समयसापेक्षता सम्बन्धि अहिलेसम्म प्रकाशनमा आएको अनुसन्धानका निष्कर्ष समेट्ने प्रयाश गरिएको छ । जसमा विभिन्न संघ, संस्था, व्याक्ति तथा अनुसन्धानकताहरूले निकालेको अनुसन्धानको सारलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

शर्मा र पौड्याल(२०५९) का अनुसार पाठ्यक्रमको मूल्याङ्कन एउटा नियमित प्रकृया हो । यसका लागि उपयुक्त सुचनाहरूप्राप्त गरी विश्लेषण गर्दै पाठ्यक्रम सम्वन्धि निर्णय लिनुपर्दछ । पाठ्यक्रम मुल्याङ्कनका लागि सुचना प्राप्ती, विद्यार्थी, पाठ्यकम निर्माता, विद्यालय, अविभावक, उच्च शैक्षिक प्रतिष्ठान विश्वविद्यालय र सरकारवाट हुन्छ । प्राप्त सुचनाको आधारमा पाठ्यक्रमले शिक्षाका साधारण  उद्देश्य पुरा गर्न सक्छ सक्दैन, पाठ्यकम विभादमुक्त छ छैन, पाठ्यकम विद्यार्थीको स्तर र तह अनुसार छ छैन, पाठ्यपुस्तकका शिर्षक, उपशिर्षक, चित्र आवरण आदि उपयुक्त भए नभएको आधारमा मुल्याङ्कन गर्नुपर्दछ ।

पन्त (२०६३) का अनुसार हरेक पाठका लागि सुहाउँदो शिक्षण विधि, शैक्षिक सामाग्री छनौट तथा निमार्ण गरी शिक्षकले शिक्षण गरेमा शिक्षणमा सुधार हुन जान्छ । कक्षाभार विद्यालयमा शिक्षकलाई बढी हुनुले शिक्षणका लागि पूर्व तयारीको समस्या पर्छ । विद्यालयमा पर्याप्ता मात्रमा शिक्षक सामग्री र सन्दर्भ सामग्रीको व्यवस्था नभएकोले विद्यालयले मिलाउनु पर्दछ । अवलोकन तथा शैक्षिक भ्रमण गर्द स्रोत साधन जुटाई स्थानिय स्थान भन्दा बहेकका भौगोलिक, ऐतिहासिक, सांस्कृतिक महत्वका स्थानमा भ्रमण गराउन विद्यालय प्रशासनले व्यवस्था मिलाउनु पर्दछ । विद्यालयमा शिक्षक दरबन्दि न्यून भएकोले विद्यार्थी संख्या र विषयगत रुपमा शिक्षक दरबन्दिको व्यवस्था जि.शि.का मार्फत गरिनु पर्दछ । स्थानीय रुपमा प्राप्त हुने शैक्षिक सामग्रीको प्रयोगलाई शिक्षकले प्राथमिकता दिनु पर्दछ ।

राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८) का अनुसार शिक्षाको लक्ष्य हासिल गर्नको लागि वनाएको शैक्षिक कार्यक्रम पाठ्यक्रम हो ।

पाठ्यक्रम विकास केन्द्र (२०५९)का अनुसार पाठ्यपुस्तकमा समावेश गरिएका कतिपय पाठहरू स्पष्ट नभएको कारण कक्षा शिक्षणमा समस्या उत्पन्न भएको, कतिपय पाठहरू दोहोरिएको, विषयवस्तु बढि भएको कुनै एकाइमा विषय वस्तु अपुग भएको,अभ्यासहरू व्यवहारिक नभएको समग्रमा पाठयक्रम र पाठ्यपुस्तक वीच तालमेल नमिलेको निष्कर्ष निकालिएको थियो । यस प्रतिवेदनले मुख्यतय पाठ्यपुस्तकमा रहेको भाषा, विषयवस्तु, चित्र, अभ्यासहरू र क्रियाकलापमा आंशिक परिर्वतन गर्नु पर्ने सुझाव दिई परिवर्तन गर्ने कार्य गरेको पाइयो ।

## २.२ सैद्धान्तिक खाका

टाइलर (१९४९) का अनुसार पाठ्यकमका चारवटा तत्व उल्लेख गरेका छन्, जसमा विद्यालयले कस्ता उद्देश्यरु प्राप्त गर्न खोज्नुपर्दछ भन्ने उद्देश्य तत्व, ती शैक्षिक उद्देश्यहरू प्राप्त गर्न के कस्ता शैक्षिक उदेश्यहरू प्राप्त गर्न खोज्नुपर्दछ भन्ने सिकाई अनुभवहरूको छनौट वा विषयवस्तु तत्व, शैक्षिक अनुभवहरूलाई कसरी प्रभावकारी ढंगबाट संगठन गर्न सकिन्छ भन्ने शिक्षण विधि तत्व र ती उदेश्यहरू प्राप्ती भए नभएको हामी कसरी निर्धारण गर्न सक्छौ भन्ने मूल्यांकन तत्व अन्तर्गत पर्दछन् । उनले प्रस्तुत गरे अनुसार शिक्षण संस्थाहरूले उत्तर खोज्नुपर्ने प्रश्नहरूको आधारमा के भन्न सकिन्छ भने पाठ्यक्रम विकास एक तार्किक र व्यवस्थित प्रक्रिया हो । प्रत्येक प्रश्नहरूको तार्किक र क्रमबद्ध उत्तर खोजेर मात्र पाठ्यक्रम तथा शैक्षणिक कार्यक्रमको विकास सम्भव छ । उनका अनुसार पाठ्यक्रमका उदेश्यको श्रोतहरूमा सिकारु, समकालिन समाज, विशेषज्ञ,दर्शनशाश्त्र र मनोविज्ञान हुन् । सिकाई अनुभवहरूको छनौट गर्ने क्रममा ५ वटा मुख्य सिद्धान्तहरूहुनुपर्दछ जसमा सिकाई अनुभवले अभ्यास गर्ने अवसर,सन्तुष्टि प्रदान गर्न सक्ने, विद्यार्थीको क्षमता स्तरअनुसार,समान उदेश्य प्राप्तीका लागि खास अनुभवको प्रयोग , एउटा सिकाई अनुभवले विभिन्न सिकाई उपलब्धी ल्याउन सक्ने हुनुपर्दछ । सिकाई अनुभवहरूको संगठन गर्ने ३ आधारहरू :निरन्तरता , क्रम, समन्वय, रसिकाई अनुभवहरूको संगठन सिद्धान्तहरूमा तार्किक सिद्धान्त, मनोवैज्ञानिक सिद्धान्त र कालक्रममा आधरित सिद्धान्त पर्दछन् । मूल्यांकनको विधि प्रक्रिया अन्तर्गत परीक्षा , अनुगमन, अवलोकन , अन्तरवार्ता र प्रश्नावली पर्दछन (खनाल,२०६४ बाट उद्धृत) ।

टावा (१९६२) का अनुसार पाठ्यकमका७ वटा तत्व उल्लेख गरेका छन् जसकाअनुसार आवश्यकताहरूको निधान, उद्देश्यहरूको निर्माण, विषयवस्तुको छनौट, विषयवस्तुको संगठन, पूर्व अनुभवको छनौट, सिकाई अनुभवहरूको संगठन र मूल्याङ्कन हुन् । आवश्यकताको पहिचान गर्दा

विद्यार्थीहरूको शारीरिक , मानसिक तथा बौद्धिक ,सामाजिक ,संवेगात्मक विकास तथा पारिवारीक पृष्ठ भुमि समेतको विश्लेषण गरिएको हुन्छ । त्यसैगरि समाजको आवाश्यकता, समयको माग, अपेक्षा , साँस्कृतिक स्थानान्तरण , आर्थिक तथा राजनैतिक स्थिती , सिकाई प्रक्रियमा सम्बन्धि तथ्यांकहरू , सिद्धान्तहरू,सिकाईको स्थानान्तरण , उत्प्रेरणा , अभ्यास,स्मरण तथा विस्मरण, संवेगात्मक , शारीरिक , मानसिक तथा संवेगात्मक तयारीपन ,शिक्षा ऐन नियम , विनियम , मानविय संसाधन तथा सुविधाहरू , ज्ञानको फैलावटको स्थिती आदिको ठोस विश्लेषण गरि कमि कमजोरीहरू तथा यसको कारण समेतको निदान गरिन्छ । त्यस्तै विशिष्ट उदेश्यको निर्माण गर्दा सिकाइनु पर्ने धारणाहरू तथा विचारहरू, विकासित हुनुपर्ने प्रवृत्तिहरू , संवेदनशिलता तथा भावनाहरू, पुनर्वल सुदृढिकृत तथा अग्रसरताको निम्ति चिन्तन पद्धती रपारंगत हुनुपर्ने आदतहरू र सिपहरूमा ध्यान दिनुपर्ने कुरा उनले उल्लेख गरेको छ । उदेश्य निर्धारण गर्दा उदेश्यको कथन अनुरुपको वाञ्चित व्यवहार, विशिष्ट एवम् विश्लेषणात्मक, सिकाइ अनुभवको रुपरेखा, विकासात्मक , यथार्थमा आधरित र व्यापक क्षेत्र ओगटेको हुनुपर्दछ । त्यस्तै विषयवस्तुको छनौट गर्दा विषयवस्तुको वैधता र महत्व, सामाजिक वास्तविकता अनुकुलसँग सामञ्जस्यता, व्यापकता र गहिराइमा सन्तुलन, सिकाइ योग्य एवं प्रयोजन योग्य, सिकाईहरूको रुचि एवं आवाश्यकता अनुकुल, उदेश्यहरूमा व्यपकतामा ध्यान दिनुपर्दछ । त्यस्तै विषय वस्तुको संगठन गर्नका लागि कालक्रमको निर्धारण,सञ्चयी सिकाइ प्रदान गर्ने, समन्वय प्रदान गर्ने, तार्किक तथा मनोवैज्ञानिक आवाश्यकताहरूको संयोजन आवश्यक पर्दछ । त्यस्तै सिकाई अनुभव छनौट गर्दा सिकाई अनुभवले निश्चित कार्य गर्नुपर्ने, वास्तविक कार्यक्रममा रुपान्तरण गर्न सकिने, अनुभवमा विविधता हुनुपर्ने र सिकारु हरूमा सिकाइ सिर्जनाशिलताको सम्भावना बढाउनुपर्ने कुरा पर्दछ । त्यसै गरी सिकाइ अनुभवहरूको संगठित गर्ने आधारहरूमा कालक्रम, एकिकृत सिकाइ प्रदान, समन्वयको आधारबाट संगठन, तार्किक तथा मनोवैज्ञानिक आवाश्यकताको आधारमा संगठन, विभिन्न सिकाइ नमुनाको आधारबाट शिक्षण गर्ने गरी संगठित गरिनुपर्दछ ।त्यसै गरि मूल्यांकनका औपचारिक प्रक्रियाहरू तथा साधनहरू, अनौपचारिक साधनहरू प्रयोग गरी उदेश्यहरूसँग शैक्षिक उपलब्धिको संगती, वोधगम्यता, विद्यार्थी उपलब्धी,परीक्षण गर्ने सिकाईको योग्यता, समझदारी तथा सिपको विकास गर्ने क्षमता, मुल्यांकन साधनहरूको छनौट, निर्माण तथा प्रयोग गर्ने क्षमताको समेत मूल्यांकन गरिन्छ साथै सिकाइको स्तर, विद्यार्थीको स्तर र पाठ्यक्रमको प्रभावकारिता समेत मूल्यांकन गरिन्छ (कट्टेल २०६४,बाट उद्धृत) ।

स्टफविम र गुवा (१९७१)ले कुनै पनि पाठ्यक्रम कति प्रभावकारी र स्तरयुक्त छ भन्नका लागि उक्त पाठ्यक्रकमको परिवेश, लगानी, प्रकृया र उत्पादन हेर्नु पर्दछ भनी (आई.पि.पि. मोडल) प्रस्तुत गरेको छन । उनका अनुसार पाठ्यक्रमलाई निम्नआधारमा हेरिनु वढि सान्दार्भिक र उपयुक्त हुन्छ । निरन्तरता, एकरुपता, व्यापकता वस्तुपराक्ता, वैधता, मूल्याङ्कनको उपयुक्ताता र सामाजिक यथार्थताको प्रासाङ्गिता भनी बताएका छन् । अलकिन(१९६९) ले पाठ्यक्रम मुल्याङ्कन गर्न पाठ्यक्रमको समाकालिन आवश्यकता के  हो ? त्यो आवश्यकता अनुसार पाठ्यक्रम निमार्ण भएको छ छैन ? पाठ्यक्रमको कार्यन्वयन कस्तो छ ? भन्ने कुराको विश्लेषण पर्दछ( भण्डारी,२०६१बाट उद्धृत) ।

केयर (१९६८) का अनुसार पाठ्यक्रम सिद्धान्त शुद्ध वैज्ञानिक सिद्धान्त जस्तो हुदैन । तापनि प्रयोगात्मक भावनाको आधारमा पाठ्यक्रम सिद्धान्त विकास गर्न सकिन्छ । परिकल्पनाहरू वा धारणात्मक पृष्ठभूमिहरूको संयोजनवाद पाठ्यक्रम सिद्धान्त विकास गर्न सकिन्छ । उनले पाठ्यक्रम सिद्धान्तको विकास दुई पद्धतिहरू : निगमन र आगमन विधिबाट हुने कुरा बताएका छन् । पाठ्यक्रम सिद्धान्तको नमुना पाठ्यक्रम विकासको सम्बन्धमा उनले प्रस्तुत गरेको चारवटा चरहरू पाठ्यक्रमको  उद्देश्य, ज्ञान, सिकाइ अनुभव र मूल्याङ्कन नै पाठ्यक्रम निर्माणको कुरामा पर्दछ । चारवटा चरहरू मध्ये कुनै पनि चरबाट पाठ्यक्रम विकास गर्न सकिन धारणा उनले उल्लेख गरेका छन् । पाठ्यक्रमका  उद्देश्य तथा अवस्थामा असंख्या  उद्देश्यहरूको सूची तयार गर्न सकिन्छ । उद्देश्य निर्धारण गर्ने कार्य यथार्थ चिन्तनमा आधारित हुन्छ  (कट्टेल २०६४,बाट उद्धृत)।

पाठ्यक्रमका   उद्देश्यहरू सिकाइ अपेक्षित उपलब्धि हुन्  तसर्थ यिनीहरू शैक्षिक उद्देश्य भन्दा सकारात्मक र विशिष्टिकृत हुन्छ ।  उद्देश्यहरू कार्यमूलक हुनु पर्दछ । सिकाईहरू उद्देश्य प्राप्त गर्ने निश्चित सिकाइ व्यवहारमा सङ्लग्न हुनुपर्दछ । पाठ्यक्रमको ज्ञान तत्व अन्तर्गत   उद्देश्यहरू प्राप्त गर्न पाठ्यक्रमका विषयवस्तुहरूलाई कसरी छनौट तथा सङ्गठन गर्नु पर्ने भन्ने सवालको खोजिमा ध्यान दिनु पर्दछ । पाठ्यक्रमको विषयवस्तु छनोट गर्दा सिकारुको क्षमता रुचि, सिकाइ वातावरण, सिकाई प्रक्रिया, विषयवस्तुको प्रकृतिलाई ध्यानमा राखि निर्धारित  उद्देश्यहरू प्राप्त गर्न सकिने खालका विषयवस्तुहरूको छनोट र सङ्गठन प्रभावकारी ढङ्गबाट गरिनु पर्दछ ।

उद्देश्य पूरा गर्न सङ्गठित गरिएका विषयवस्तुहरूको माध्यमबाट कस्ता सिकाइ अनुभवहरू प्रदान गर्ने भन्ने प्रश्ननै सिकारुहरूलाई प्रदान गरिने सिकाइ अनुभवहरू छनौट गर्ने अधारहरू हुन् । केयरले सिकारूलाई प्रदान गरिने सिकाइ अनुभवहरूलाई सिकारू र उसको वातावरणका तत्वहरू

विचको अन्तरक्रियाको रुपमा अर्थाएको छन् । पाठ्यक्रम मूल्याङ्कन नमूनाको अर्को महत्वपूर्ण तत्व यो पाठ्यक्रम विकासको एउटा एकिकृत भाग हो । पाठ्यक्रमको बारेमा निर्णय लिनको लागि प्रयोग गर्ने सूचना एवम् जानकारीहरूको सङ्कलन गरिन्छ । कुनै पनि पाठ्यक्रमको उपयुक्तता एवम् कमजोरीको निरन्तर मूल्याङ्कन गर्नु पर्दछ (खनाल र तिमिल्सेना, २०६३) ।

सेलर र अलेक्जेण्डर ( १९७४ ) का अनुसार ईच्छित उपलब्धीहरू प्राप्त गर्न विद्यालय भित्र तथा बाहिरा गर्ने सम्पूर्ण प्रयासहरू पाठ्यक्रम हो । पाठ्यक्रम योजनाले विद्यार्थीहरूलाई विभिन्न सिकाई क्रियाकलपमा संलग्न गराउने लक्ष्य राखेको हुन्छ भने त्यो लक्ष्यको प्राप्ति पाठ्यक्रम योजनाको कार्यान्वयनबाट सम्भव हुन्छ । पाठ्यक्रमको कार्यान्वयन शिक्षक र विद्यार्थीहरूबाट गरिन्छ जसलाई शिक्षण भनिन्छ । शिक्षणको प्रमुख उद्देश्य विद्यार्थीहरूको व्यक्तिगत, सामजिक, मानसिक, नैतिक, संवेगात्मक लगाएतका सम्पूर्ण पक्षको विकास गर्नु हो । यसरी विद्यार्थीहरूमा सर्वाङ्गीण विकास गराउने कार्य शिक्षक , विद्यार्थी र वातवरण विचको अन्तरक्रियाबाट सम्भव हुन्छ ( खनाल,२०६४ बाट उद्धृत) ।

पन्त (२०६३) आफ्नो अध्ययन शोधपत्रमा माध्यमिक तहमा सामाजिक शिक्षा शिक्षण अन्तर्गत सामाजिक शिक्षा शिक्षणको अवस्था ,शिक्षणमा आईपरेका समस्या ,पहिचान र समाधानका उपायहरू पत्ता लगाउने उद्देश्य राखि गरेका सोध अनुसन्धानमा निम्न अनुसारको सुझाव दिएको थियो - हरेक पाठका लागि सुहाउदो शिक्षण विधि, शैक्षिक सामग्री छनौट तथा निर्माण गरी शिक्षकले शिक्षण गरेमा शिक्षणमा सुधार हुन जान्छ । कक्षाभार विद्यालयमा शिक्षकलाई वढी हुनुले शिक्षणको लागि शिक्षकलाई पुर्वतयारीका समस्या पर्छ । विद्यालयमा पर्याप्त मात्रामा शिक्षण सामाग्री र सन्दर्भ सामग्रीको व्यवस्था नभएकोले विद्यालयले मिलाउनुपर्दछ । अवलोकन तथा शैक्षिक भ्रमण गर्दा श्रोत साधान जुटाई स्थानिय ठाँउहरू भन्दा बाहेकका भौगोलिक,ऐतिहासिक, सांस्कृतिक महत्वका स्थानमा भ्रमण गराउन विद्यालय प्रशासनले व्यवस्था मिलाउनु पर्छ । विद्यालयमा शिक्षक दरवन्दि न्युन भएकाले विद्यार्थी संख्या र विषयगत रुपमा शिक्षक दरवन्दीको व्यवस्था जि.शि.का. मार्फत गरिनुपर्दछ । स्थानिय रुपमा प्राप्त हुने शैक्षिक सामाग्रीको प्रयोगलाई शिक्षकले प्राथमिकता दिनुपर्दछ ।

## २.३ पुनरावलोकनको उपादेयता

अनुसन्धानात्मक कार्यलाई अगाडि बढाउन अनुसन्धानको शीर्षकसँग सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाकाको पुनरावलोकन गरी सकेपछि यसले अध्ययनलाई सैद्धान्तिक ढाँचा प्रदान गरी प्राप्त तथ्याङ्कलाई व्याख्या विश्लेषण गर्न मद्दत पुगेको छ । यसैगरी साहित्यको पुनारावलोकनले पाठ्यक्रम र पाठ्यवस्तु विच  देखिएको रिक्तता पत्ता लगाई यस अध्ययनलाई अघि बढाउन मद्दत पुगेको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यो अनुसन्धान मूलत सर्वेक्षण तथा दस्तावेज विश्लेषणमा आधारित रही वर्णनात्मक ढाँचामा आध्ययन गरिएकोछ । यसमागुणात्मक र परिमाणात्मक दुवै अनुसन्धानात्मक ढाँचाको प्रयोग गरिएको  छ ।

## ३.२ जनसङ्ख्या र नमुनाको आकार

यो अध्ययन मोरङ जिल्लाको सुन्दर दुलारी न.पा. अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक माध्यमिक विद्यालयहरूमा केन्द्रित रहेकाले यसको जनसङ्ख्याको रूपमा त्यहाँ भित्र सञ्चालित सामुदायिक विद्यालयहरू, कार्यरत्त सामाजिक विषयका शिक्षक, प्र.अ., अध्यायनरत विद्यार्थीहरू, विद्यालय व्यवस्थापनका पदाधिकारीहरू, स्रोतव्यक्तिलाई जनसंख्याको रूपमा छनौट गरिएकोछ ।

यो अध्ययन सुन्दरदुलारी न.पा. भित्र सञ्चालित सामुदायिक माध्यमिक विद्यालयमा केन्द्रित रहेकाले यस अध्ययनलाई आवश्यक पर्ने तथ्याङ्क सङ्कलनका लागि निम्नानुसारका नमुनाको आकार निर्धारण गरिएको छ ।

तालिका नं. १ :नमुनाको आकार

<table>
<tr><th>विवरण/ विद्यालय</th><th>शिक्षक(प्र.अ.समेत)</th><th>विद्यार्थी</th><th>वि.व्य.स. पदाधिकारी</th><th>स्रोतव्यक्ति</th></tr>
<tr><td>साजिलाल उ.मा.वि.</td><td>२</td><td>१८</td><td>१</td><td rowspan="2">१</td></tr>
<tr><td>ज्योति मा.वि.</td><td>२</td><td>१८</td><td>१</td></tr>
</table>

साजिलाल उ.मा.वि. र ज्योती मा.वि.बाट बाट सामाजिक विषय  शिक्षक(प्र.अ.समेत) २/२, विद्यार्थी १८/१८ जना र दुवै विद्यालयको एक जना श्रोत व्यक्ति नमुनाको आकारको रुपमा लिएको छ ।

### ३.२.१ नमुना छनौट विधि

विभिन्न नमुना छनौट विधि मध्ये उदेश्य मुलक नमुना छनौट विधि पनि एक नमुना छनौट विधि पनि एक हो । यो त्यस्तो विधि हो जसले अनुसन्धान कर्ताको अनुसन्धान कार्यमा सहजता

ल्याउन जनसंख्याबाट अनुसन्धान कर्ताको इच्छा अनुसार नमुना छनौट गरिन्छ । यस अध्ययनलाई आवश्यक पर्ने तथ्याङ्क सङ्कलनका लागि नमुनाको आकार छनौट गर्दा सुन्दरदुलारी न.पा.भित्र सञ्चालित दुई वटा सामुदायिक विद्यालयको छनौट  उद्देश्य मूलक नमुना छनौट विधिबाट, प्र.अ., अध्यापनरत शिक्षक र स्रोतव्यक्तिको छनौट स्वतः तथा अध्ययनरत्त विद्यार्थी र वि.व्य.स. पदाधिकारीको छनौट पनि  उद्देश्य मूलक नमुना छनौट विधिबाट गरिएको छ । यसरी सीमित व्यक्ति , समयको पावन्दी र विषयवस्तुको ज्ञान जानेको व्यक्तिको सुनिश्चितताको कारणउदेश्य मुलक नमुना छनौट विधि प्रयोग गरी शिक्षक, विद्यार्थी एवं पदाधिकारी छनौट गर्नु परेकोछ ।

### ३.२.२ नमुना छनौटको आधार

यस अध्ययन कार्यलाई अगाडि बढाउन अनुसन्धानकर्ताको सिमित स्रोत र साधनलाई उपयोग गर्दै नमुना छनौटको आधार निर्धारणको लागि यातायातको सुविधा, आर्थिक मितव्यता, समयको पावन्दि, भौगोलिक अवस्था, जातिय र लौङ्गिक अवस्था, सुगमता, अनुसन्धानकर्ताको चिरपरिचत स्थान समेतलाई आधार बनाई नमुना छनौट गरिएको छ ।

### ३.३ तथ्याङ्कका स्रोतहरू

यस अनुसन्धानात्मक कार्यलाई अघि बढाउन प्राथमिक र द्धितीय तथ्याङ्कसङ्कलनका स्रोत प्रयोग गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

तथ्याङ्कन सङ्कलनको लागि छनौट गरिएका अनुसन्धानका साधनबाट संकलित गरिएका तथ्याङ्कहरू प्राथमिक स्रोत अन्तर्गत समावेश गरिएकोछ ।  यस अन्तर्गत विद्यार्थी, शिक्षक र पदाधिकारी सँगको औपचारिक एवं अनौपचारिक अन्तर्वार्ता  प्रश्नावली एवं छलफल कार्यक्रम रहेको छन् ।

### ३.३.२ द्धितीय स्रोत

अध्ययन अनुसन्धानसँग सम्बन्धित दस्तावेजहरू : माध्यमिक पाठ्यविकास केन्द्रबाट प्रकाशित माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ , कक्षा ९ र १० को सामाजिक विषयको पाठ्यपुस्तक

, शिक्षा वुलेटिन र विद्यालयको प्रकाशन एवं हाजिरी रेकर्डको अध्ययन विश्लेषण गरी सङ्कलन गरिएका तथ्याङ्कहरू द्वितीय स्रोत अन्तर्गत प्रयोग गरिएको छ।

## ३.४ अनुसन्धानका साधन

यस अध्ययनलाई आवश्यक पर्ने तथ्याङ्क सङ्कलनका लागि निम्नानुसारका अनुसन्धानका साधनहरूको प्रयोग गरिएकोछ।

### क) अन्तर्वार्ता प्रश्नावली

दुई वा सो भन्दा बढी व्यक्तिहरू एक आपसमा आमनेसामने भई एकले प्रश्न गर्ने अन्यले उत्तर दिने विधिलाई अन्तर्वार्ता सूची भनिन्छ (अधिकारी र पाण्डे २०६९)। यो साधन नमुना छनौटमा परेका शिक्षक, प्र.अ.,शिक्षक ,श्रोत व्यक्ति र  वि.व्य.स. पदाधिकारीलाई प्रयोग गरिएको छ। यसरी यो साधान प्रयोग गर्नुको खास कारण भनेको उनिहरू उमेर ,अनुभव एवं शैक्षिक योग्यताले परिपक्क वनाएको हुन्छ। उक्त साधन अनुसूचि ५ र ७ मा प्रस्तुत गरिएको छ।

### ख) केन्द्रित छलफल

वास्तविक सत्य र सामूहिक भावनालाई प्रतिनिधित्व गर्ने गरी तथ्याङ्क सङ्कलन गर्ने साधन केन्द्रित छलफल हो (खनाल, २०७०)। यो साधनबाट तथ्याङ्क सङ्कलनका लागि विद्यार्थीलाई  सहभागि गरीएको छ किन कि विद्यार्थी प्रश्नावली भर्न सक्ने एवं योग्य भई सकेको हुदैनन् साथै लजाउने स्वभावको हुने गर्दछन भने अर्को तर्फ समुहमा रमाउने र सहासका साथ सोधेको कुरा भन्ने गर्दछन र एकले भन्न छुटाएको कुरा अर्काले भनिदिन सक्ने हुन्छ । उक्त साधन अनुसूचि ६ मा प्रस्तुत गरिएको छ।

### ग) अभिलेख अध्ययन

यसबाट सामाजिक विषयसँग सम्बन्धित माध्यमिक शिक्षा पाठ्यक्रम २०६४, कक्षा ९ र १० को पाठ्यपुस्तक, विद्यालय व्यवस्थापन समितिको निर्णय, जिल्ला शिक्षा कार्यालयको परिपत्र र शिक्षक मासिक अभिलेखहरूको अध्ययन गरी तथ्याङ्क सङ्कलन गरिएकोछ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

अनुसन्धानका साधनहरूलाई अनुसन्धान कर्ता आफैले सम्बन्धित क्षेत्रमा पुगी अन्तर्वार्ता र केन्द्रित छलफल सञ्चालन गरी तथ्याङ्कहरूको सङ्कलन गरिएकोछ । साजिलाल उ.मा.वि. र ज्योती मा.वि. मा गई सर्वप्रथम प्रधानाध्यपकसँग सोध कार्यवारे विस्तृत जानकारी दिई सो सम्बन्धि सहयोगको लागि अनुरोध गरीयो र वहाँहरूको सल्लाह बमोजिम विषय शिक्षक तथा सञ्चालक समितीको अध्यक्ष सँग भेटबार्ता गरि उदेश्य अनुसारको तथ्यांक संकलन गरियो । त्यसै गरी विद्यार्थीको भेला गराई विषयवस्तु केन्द्रित छलफल चलाई सो अनुसारको अभिलेख गरियो भने श्रोत व्यक्ति सँग टेलिफोनबाट सम्पर्क गरी समय मिलाई भेटघाट एवं छलफल चलाई शोध कार्यको लागि सुचना संकलन गरियो ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

अनुसन्धानात्मक कार्यलाई पूर्णता प्रदान गर्नको लागि सङ्कलन गरिएका तथ्याङ्कहरूलाई निर्धारण गरेको उद्देश्य अनुसार क्रमशः प्रस्तुत गर्दै उपयुक्त शीर्षक र उपशीर्षकको छनौट गरी तथ्याङ्कलाई प्रस्तुतिकरण गरिएको छ । त्यसैगरि प्राप्त तथ्याङ्कलाई साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाँकासँग जोड्दै तालिकरणको सहयोगबाट गुणात्मक र परिमणात्मक व्याख्या विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

## ४.१ पाठ्यवस्तुको विश्लेषण

अनुसन्धान कार्यमा तथ्याङ्क संङ्कलन गरिसकेपछि ती तथ्याङ्कहरूको विश्लेषण र व्याख्या गर्नु पर्ने हुन्छ। यस अध्ययनमा अध्ययनको उद्देश्य माध्यमिक तहको वर्तमान सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तक अन्तरसम्वन्ध विश्लेषण अन्तर्गत पाठ्यक्रममा समावेश गरिएका पाठ्वस्तुहरूको पर्याप्तता र उपयुक्तताको विश्लेषण, पाठ्यक्रममा उद्देश्य र पाठ्यवस्तुहरूको व्यावहारिकता एवम् समयसापेक्षता विश्लेषण तथा पाठ्यक्रम र पाठ्यपुस्तकविचको सम्बन्ध अध्ययन गर्नको लागि नमुना छनौटमा परेको मोरङ्ग जिल्लाको सुकुना उच्च मा.वि. कोशी हरैचा न.पा. स्रोत केन्द्रका सामुदायिक माध्यमिक विद्यालयहरू(अनुसुची १) मा गई विषय शिक्षक,व्यवस्थापन समितीको प्रतिनिधी ,श्रोत व्यक्ति र विद्यार्थी लक्षित समुह (अनुसुची २,३ ४) का उत्तर दाताबाट (अनुसुसी ५,६र७) अनुसारका अन्तरवार्ता प्रश्नावली आधारमा सङकलन गरिएका पक्ष एउटा छन् भने पाठ्यक्रम र पाठ्यवस्तु विचको सम्बन्ध अध्ययन (अनुसुची ८,९, र १०) अनुसारका मापदण्डहरूको आधारमा तुलनात्मक विश्लेषण र व्याख्या गरिएको अर्को पक्ष रहेको छ। यसरी यस अध्ययनका लागि प्रयोग गरिएका उपर्युक्त दुवै पक्षका आधारमा प्राप्त गरिएका जानकारी तथ्याङक तथा प्रतिक्रियाहरूको विश्लेषण र व्याख्या गरी वैधता प्रदान गर्नको लागि शोध कार्य प्रयास गरिएको छ।

तालिका २ : तथ्यांक संकलन तथा विश्लेषण सम्बन्धि विवरण

| विवरण | सम्बन्धित अनुसुची |
|---|---|
| नमुना छनौटमा परेको विद्यालय | अनुसुची १ |
| शिक्षक,व्यवस्थापन समितीको प्रतिनिधी ,<br>श्रोत व्यक्ति र विद्यार्थी | अनुसुची २,३ र ४ |
| छलफल एव अन्तरवार्ता प्रश्नावली | अनुसुसी ५,६र७ |
| पाठ्यक्रम र पाठ्यवस्तु विचको सम्बन्ध अध्ययन | अनुसुची ८,९ र१० |

### ४.१.१ सामाजिक अध्ययनको पाठ्यक्रम अनुरुप पाठ्यपुस्तकमा पाठ्यवस्तुहरूको विश्लेषण

सामाजिक अध्ययन विषयका उद्देश्यहरूविशिष्ट छन् भनि सोधिएको प्रश्नमा विषय शिक्षकले विशिष्ट नै भएको बताएकोभएपनि पूर्ण रुपमा विशिष्ट हुन नसकेको धारणाराखेका थिए । किन विशिष्ट हुन नसकेको भनि प्रति प्रश्नमा उहाँहरूको जवाफ थियो की सबै उद्देश्यहरू सैद्धान्तिकरुपमा विशिष्ट गरेको देखिएपनि व्यवाहारिक रुपमा विशिष्ट नभएको बताए । पाठ्क्रमका उद्देश्यहरू समाजका वर्तमान अवस्था पुरा गर्न सके नसकेको सम्बन्धमा देखाएको प्रश्नमा विषय शिक्षकले सामन्यतया समाजका वर्तमान आवश्यकता पुरा गर्ने धारणा राखेतापनि अपेक्षित मात्रामा समाजका आवश्यकता पुरा गर्न नसकेको प्रतिक्रिया दिएका थिए ।

यस विषयको पाठ्क्रमले निर्धारण गरेका उद्देश्यहरू विद्यालयले तोकेको समय सम्म के पुरा गर्न सकिन्छ भन्ने प्रश्नमा लगभग उद्देश्यहरू विषय शिक्षकहरूको धारणा नसकिने भन्ने थियो । किन भनी प्रश्न गर्दा उहाँहरूको सबै यो विषय पाठ्याभार कम र विषयवस्तुको प्रकृति हेर्दा अति नै व्यापक भएको धारणामा राखे ।

यो विषयको पाठ्क्रमले शिक्षाको राष्ट्रिय उद्देश्य परिपुर्तिमा के कति सघाएको छ भनि सोधिएको प्रश्नमा शतप्रतिशत शिक्षकले तुलतात्मक रुपमा अन्य विषयको भन्दा बढिनै सघाएको विचार राखे । यस विषयका विषयवस्तुले उदेस्यसँग मेल खाएको ठान्नुहुन्छ भन्ने सम्बन्धमा विषय शिक्षकहरूले धेरै जसो मेल खाएको धारणा राखे भने कमै मात्र मेल नखाएको वताए । किन भने यस विषयमा उद्देश्य पुरा गर्न विषयवस्तु थोरै भएको भन्ने जवाफ थियो । यस विषयको पाठ्यक्रम बालको आवश्यकता, स्तर, र रुचि अनुसा्र छ छैन भनी सोधिएको प्रश्नमा विषय शिक्षकले पाठ्यक्रम पुर्ण रुपमा वालकको आवश्यकता स्तर,क्षमता, रुचि, समय अनुसारका विषयवस्तु समेट्न नसकेको बताए ।

समग्रमा पाठ्यपुस्तकमा पाठ्यवस्तुको पर्याप्तता कस्तो देख्नु हुन्छ भन्दा विषय शिक्षकहरूले यो विविधता पुर्ण समाजमा मनोवैज्ञानिक हिसावले तथा विषयको व्यापक क्षेत्रहुनाले पर्याप्तता छ त भन्न मिल्दैन किन भने यो विषयको शिक्षणका विषय वस्तुको कुनै सिमाङकन् गर्न सकिदैन भन्ने उतर दिए ।

सामजिक अध्ययन विषय कस्तो लाग्छ ? भनि विद्यार्थीमा छलफल गराउँदा २७विद्यार्थीको जबाफ थियो राम्रो लाग्छ । यो विषय आफै पढ्न सकिन्छ तथा यस विषयबाट विविध पक्षका बारेमा

जानकारी मिल्ने बताएभने ९विद्यार्थीले यो विषय अप्ठ्यारो लाग्छ किनकी विभिन्न क्रियाकलापहरू गर्नुपर्ने बताए ।

तालिका ३ : सामाजिक अध्ययन विषय सम्बन्धि धारणा

| सामजिक अध्ययन विषय कस्तो लाग्छ ? | राम्रो | नराम्रो |
|---|---|---|
| संख्या | २७ | ९ |
| प्रतिशत | ७५% | २५% |

श्रोत : लक्षित समुह छलफल कार्यक्रम २०७२, अनुसुची ६

त्यसैगरी विषय बस्तुको प्रस्तुतीकरण तथा भाषा शैली कस्तो छ ? भनि गराएको छलफलमा शतप्रतिशत विद्यार्थीले प्रस्तुतीकरण र भाषा शैली एकदम सरल सहज भएको बताए ।

यस विषयमा भएका अभ्यास र क्रियाकलाप कस्ता छन् ? भनी सोधिएको प्रश्नमा सबै विद्यार्थीहरूले एकै स्वरमा भने अभ्यास क्रियाकलाप निकै अप्ठा्यारा छन् तथा बढी खोज अनुसन्धान गर्नु पर्ने विचार राखे ।

यो विषयमा भएका पाठ्यवस्तुहरूको अध्ययन पश्चात के शिक्षा पाउन सकिन्छ ? भनि राखेको प्रश्नमा सबै विद्यार्थीहरूको जवाफ थियो कि यसबाट आपनो देशको भौगालिक, ऐतिहासिक, सामाजिक तथा राजनैतिक लगायत विश्व सम्बीन्ध विविध पक्षको ज्ञान पाइने बताए ।

पाठ्क्रमका उद्देश्यहरू समाजका वर्तमान अवस्था पुरा गर्न सके नसकेको सम्बन्धमा भएको छलफलमा विद्यालय व्यवस्थापन समिती तथा श्रोत व्यक्तिले सामन्यतया समाजका वर्तमान आवश्यकता पुरा गर्ने धारणा राखेतापनि अपेक्षित मात्रामा समाजका आवश्यकता पुरा गर्न नसकेको प्रतिक्रिया राखेका थिए ।

यस विषयको पाठ्क्रमले निर्धारण गरेका उद्देश्यहरू विद्यालयले तोकेको समय सम्म के पुरा गर्न सकिन्छ भन्ने प्रश्नमा लगभग उद्देश्यहरू पुरा गर्न नसकिने भन्ने धारणा राखेका थिए । किन भनी प्रश्न गर्दा उहाँहरूको सबै यो विषय पाठ्याभार कम र विषयवस्तुको प्रकृति हेर्दा अति नै व्यापक भएको धारणा राखे ।

यो विषयको पाठ्क्रमले शिक्षाको राष्ट्रिय उद्देश्य परिपुर्तिमा के कति सघाएको छ भनि सोधिएको प्रश्नमा शतप्रतिशत व्यवस्थापन प्रतिनिधी तथा श्रोत व्यक्तिले तुलतात्मक रुपमा अन्य विषयको भन्दा बढिनै सघाएको विचार राखे ।

यस विषयका विषयवस्तुले उद्देस्यसँग मेल खाएको ठान्नुहुन्छ भन्ने सम्बन्धमा धेरै जसो मेल खाएको धारणा राखे भने कमै मात्र मेल नखाएको वताए । किन भने यस विषयमा उद्देश्य पुरा गर्न विषयवस्तु थोरै भएको भन्ने जवाफ थियो ।

समग्रमा पाठ्यपुस्तकमा पाठ्यवस्तुको पर्याप्तता कस्तो देख्नु हुन्छ भन्दा हाम्रो विविधता पुर्ण समाजमा मनोवैज्ञानिक हिसावले तथा विषयको व्यापक क्षेत्रहुनाले पर्याप्तता छ त भन्न मिल्दैन किन भने यो विषयको शिक्षणका विषय वस्तुको कुनै सिमाङक्न गर्न सकिदैन भन्ने छलफलबाट प्राप्त भयो ।

## ४.१.२ पाठ्यवस्तुहरूको उपयुक्तताको विश्लेषण

सामाजिक अध्ययन विषयका उद्देश्यहरू माध्यमिक तहको स्तर सुहाउँदा छन् ? भनि राखेको प्रश्नमा ७५ प्रतिशत विषय शिक्षकले ज्ञानको तिव्र विस्फोटनको वर्तमान परिवेश हेर्दा उद्देश्यहरू स्तर सुहाउँने नै भएको प्रतिक्रिया गरेका थिए । तर २५ प्रतिशत विषय शिक्षकले सबै क्षेत्रका र सबै किसिमका विद्यार्थीलाई सुहाउँने नभएको धारणा राखे ।

तालिका ४ : सामाजिक अध्ययन विषयको उदेश्य माध्यमिक स्तरसम्बन्धि धारणा

| सामाजिक अध्ययन विषयका उद्देश्यहरू माध्यमिक तहको स्तर सुहाउँदा छन् ? | सुहाउदो | नसुहाउदो |
|---|---|---|
| संख्या | ३ | १ |
| प्रतिशत | ७५ | २५ |

श्रोत : शिक्षक अन्तर्वर्ता प्रश्नावली २०७२, अनुसुची ५

विषयवस्तुको लम्बीय र समतलीय सङ्गठन कस्तो छ भन्दा शतप्रतिशत शिक्षकको जवाफ थियो कि समतलीय भन्दा पनि लम्बीय विषयवस्तुको सङगठन निकै उपयुक्त भएको र यसलाई सकेसम्म प्रभावकारी बनाउन गरिएको प्रयास प्रशंसा योग्य लायक भएको बताए भने ७५ प्रतिशत विषय शिक्षकले यसको सहि सिमाङ्कन नभएको र सबै शिक्षकले गर्न पनि नसक्ने बताए ।

तालिका ५ : विषयवस्तुको लम्बीय र समतलीय सङ्गठन प्रभावकारीता

| विषयवस्तुको लम्बीय र समतलीय सङ्गठन प्रभावकारी बनाउन गरिएको प्रयास कस्तो छ? | सहि सीमांकन भएको | सहि सीमांकन न भएको |
|---|---|---|
| संख्या | ३ | १ |
| प्रतिशत | ७५ | २५ |

श्रोत : शिक्षक अन्तर्वर्ता प्रश्नावली २०७२, अनुसुची ५

पाठ्यक्रमले निर्दिष्ट गरेका प्रत्येक विषयवस्तुको व्याख्या र विश्लेषण समान रुपले गरिएको छ ? भनि राखेको प्रश्नमा लगभग शतप्रतिशत समान हुननसकेको धारणा राखे । अन्तिम प्रश्नको रुपमा यो विषयका पाठ्यवस्तुहरूको उपयुक्तताको सम्बन्धमा राखेको प्रश्नमा ७५ प्रतिशत विषय शिक्षकले निर्ष्कस रुपमा भन्नु पर्दा बिषयबस्तुको उपयुतक्ता नै भएको देखिन्छ भने २५प्रतिशत विषय शिक्षकले विषयको प्रकिति तथा गहनतालाई हेर्दा सबै विषयवस्तुलाई समय अनुसार विश्लेषण गर्दा उपयुक्त नभएको बताए ।

तालिका ६ : विषयका पाठ्यवस्तुहरूको उपयुक्तता

| विषयका पाठ्यवस्तुहरूको उपयुक्तताका कस्तो छ? | उपयुक्त भएको | उपयुक्त नभएको |
|---|---|---|
| संख्या | ३ | १ |
| प्रतिशत | ७५ | २५ |

श्रोत : शिक्षक अन्तर्वर्ता प्रश्नावली २०७२, अनुसुची ५

यो विषय माध्यमिक तहमा राखिनु कति उपयुक्त छ भनि विद्यार्थी समुहमा छलफल गर्दा शतप्रतिशत विद्यार्थीहरूले एकदम उपयुक्त र औचित्यपुर्ण भएको धारणा राखे किन त भन्दा उहाँहरूको जवाफ थियो कि यो विषयले विद्यार्थीहरूलाई हरेक पक्षको व्यावहारिक गराउने जानकारी तथा समाज, देश र विश्वपरिवेशका बारेमा समेत निकै जानकारीहरूप्रदान गर्न सकिने बताए ।

यो विषयको पाठ्यवस्तुहरू तपाईहरूको स्तर, आवश्यकता र रुचि अनुसार के कस्ता छन् ? भन्दा उहाँहरूको छलफलबाट के निष्कर्ष थियो भने यसमा भएका धेरै विषयबस्तु विद्यार्थीको रुचि, आवश्यकता र पुर्वज्ञानमा आधाारित नै गरिएका छन् भने केहि विषयवस्तु जसमा विश्वको भुगोल र ऐतिहासिक अध्ययनका विश्वका विभिन्न आन्दोलन र क्रान्ति सम्बन्धि पाठ्यवस्तुहरू विद्यार्थीको स्तर, आवश्यकता र रुचिभन्दा बाहिर भएका बताए ।

सामाजिक अध्ययन विषयका उद्देश्यहरू माध्यमिक तहको स्तर सुहाउँदा छन् ? भनि राखेको प्रश्नमा वि.व्य.प्रतिनिधीले ज्ञानको तिव्र विस्फोटनको वर्तमान परिवेश हेर्दा उद्देश्यहरू स्तर सुहाउँने नै भएको प्रतिक्रिया गरेका थिए । तर श्रोत व्यक्तिले सबै क्षेत्रका र सबै किसिमका विद्यार्थीलाई सुहाउँने नभएको धारणा राखे ।

विषयवस्तुको लम्बीय र समतलीय सङ्गठन कस्तो छ भन्दा शतप्रतिशत शिक्षकको जवाफ थियो कि समतलीय भन्दा पनि लम्बीय विषयवस्तुको सङगठन निकै उपयुक्त भएको र यसलाई सकेसम्म प्रभावकारी बनाउन गरिएको प्रयास प्रशंसा योग्य लायक भएको बताए भने श्रोत वयक्ति शिक्षकले यसको सहि सिमाङ्कन नभएको र सबै शिक्षकले गर्न पनि नसक्ने बताए ।

पाठ्यक्रमले निर्दिष्ट गरेका प्रत्येक विषयवस्तुको व्याख्या र विश्लेषण समान रुपले गरिएको छ ? भनि राखेको प्रश्नमा लगभग शतप्रतिशत समान हुननसकेको धारणा श्रोत व्यक्तिले राखे । यो विषयका पाठ्यवस्तुहरूको उपयुक्तताको सम्बन्धमा राखेको छलफलको निष्कर्षको रुपमा भन्नु पर्दा बिषयबस्तुको अधिकांश उपयुक्तता  नै भएको देखिन्छ तर पनि विषयको प्रकृति तथा गहनतालाई हेर्दा सबै विषयवस्तुलाई समय अनुसार विश्लेषण गर्दा उपयुक्त नभएको बताए ।

### ४.१.३  उद्देश्य र पाठ्यवस्तुहरूको व्यावहारिकताको विश्लेषण

कुनै पनि विषयको अध्ययन अध्यापन गर्न सबैभन्दा पहिला उद्देश्यको निर्धारण गर्ने पाठ्यक्रम तयार गर्नुपर्ने र त्यसपछि पाठ्यक्रम अनुरुप पाठ्यपुस्तकमा विषयवस्तुहरूका सङगठन गर्नु पर्ने हुन्छ । त्यसै क्रममा माध्यमिक तहको सामाजिक विषयबस्तुहरूको पाठ्यक्रम निर्माण गरी उद्देश्य र पाठ्यवस्तुहरूको व्यवस्था गरिएको विषयको  उद्देश्यअनुसार पाठ्यवस्तुहरूको व्यवस्था गरिएको छ । यसका  उद्देश्य अनुसार पाठ्यवस्तुहरूको सङगठन सरल देखि जटिल तथा विद्यार्थीको स्तर,क्षमता,रुचि तथा पूर्वज्ञानमा आधरित भएको खण्डमा शिक्षण सिकाइ क्रियाकलाप, स्तरीय र प्रभावकारी भइ विषयको  उद्देश्य पूरा गर्ने सकिने देखिन्छ ।

सामजिक अध्ययन विषयको अध्ययनबाट विद्यार्थीको व्यवहारमा कस्तो परिवर्तन ल्याउन खोजेको देख्नु हुन्छ ? भनि गरिएको प्रश्नमा सबै शिक्षकहरूबाट निम्नानुसारका धारणाहरूराखेका थिए । यो विषयको प्रकृति हेर्दा यसमा घोकेर, कण्ठ गरेर भन्दा पनि गरेर सिक्ने भन्ने देखिन्छ। यस विषयले सैद्धान्तिक पक्ष भन्दा पनि व्यावहारिक पक्षलाई नै बढि जोड दिएको देखिन्छ । यसमा विद्यार्थीलाई विभिन्न क्रियाकलाप गराएर, व्यावहारिक पक्षमा मजवुत गर्न खोजिएको छ, जहाँ विद्यार्थीले आफनो मौलिक श्रृजनामा तथा खोजअनुसन्धानमा लागे मात्र विषयको शिक्षण सफल हुने भनि राखेको मान्यता हेर्दा यो विषयको व्यावहारिक क्षेत्र निकै उचित रहेको देखिन्छ ।

यो विषयमा भएका पाठ्यवस्तु कतिको व्यवहारमा उपयुक्त भएका देखिन्छन् ? भनि सोधिएको प्रश्नमा शिक्षकहरूको धारणा क्रमशः यस्तो थियो -सामाजिक समस्या पहिचान र समाधान, नागरिक चेतनाको विकास, नक्साङन कार्य निर्वाचनमा नागरिकको भुमिका,देश विकासमा विभिन्न व्यक्तित्वहरूको योगदानबाट विद्यार्थीका ज्ञान तथा सिपको विकास हुने देखिन्छ । यसमा भएका पाठ्यवस्तु रउद्देश्यहरूले संज्ञात्मक अभिवृद्धिमुलक उद्देश्य भन्दा सिपमुलक   उद्देश्यहरूमा तुलनात्मक रुपले बढी जोड दिएका आधारमा मान्न सकिन्छ कि यो विषयमा व्यावहारिक पाठ्यवस्तु निकै उपयोगी भएको स्पष्ट हुन जान्छ ।

यो विषयले कस्तो किसिमको ज्ञान दिन्छ ? भनि गरिएको प्रश्नमा सबै शिक्षकहरू विचारमा यो विषय विद्यार्थीहरूलाई आफ्नो घर परिवार,समाज,देश र विश्व परिवेशको बारेमा समसामायिक जानकारी प्रदान गरी एउटा चेतनशिल नागरिकको विकास गर्ने अपेक्षा राखेका छ । साथै श्रृजनशील, लगनशिल र उत्तरदायी नागरिक निर्माणका लागि आधार तयार पार्दछ ।

यो विषयको अध्ययन पश्चात के कति परिवर्तन आउन सक्ने ठान्नु हुन्छ ? भनि विद्यार्थी समुहमा छलफल गराउँदा उहाँहरूको प्रतिक्रिया थियो कि यस विषयबाट हामीलाई हाम्रा विकास क्षेत्रको विकास सम्बन्धि अवस्था थाहा पाउन , सामजिक समस्याहरूको बोध हुनुका साथै समस्या समाधानका उपाय जानकारी मिल्ने, तथा आफ्नो देश, एसिया, युरोप, अफ्रिका र अष्ट्रेलिया महादेशको प्राकृतिक, आर्थिक तथा सामाजिक पक्ष सम्बन्धि समेत ज्ञान प्राप्त भइ विश्वशान्ती कायम गर्ने आवश्यक वातावरण तयार गर्न सक्ने सवै सहभागी विद्यार्थीले नागरिक बनाउने प्रतिक्रिया राखे ।

यो विषयका पाठ्यबस्तु र उद्देश्यहरू कतिको व्यावहारिक छन् भन्दा २८ विद्यार्थीहरूले व्यावहारिक र अतिआवश्यक भएको बताए भने ८ विद्यार्थीहरूले कुनै पाठमा विषयवस्तु सम्बन्धि ( हामी, हाम्रो समुदाय र राष्ट्र) थोरै ज्ञान दिन खोजेको देखिन्छ भने कुनै एकाइ वा पाठमा(इकाई ६ हाम्रो पृथ्वी र ७ मा हाम्रो विगत) विषयवस्तु विद्यार्थीको लागि विस्तृत र गहन भएको बताए ।

तालिका ७ : विषयका पाठ्यबस्तु र उद्देश्यहरूको व्यावहारिकता

| विषयका पाठ्यबस्तु र उद्देश्यहरू कतिको व्यावहारिक छन् | व्यवहारिक र अति आवश्यक | अव्यवहारिक |
|---|---|---|
| संख्या | २८ | ८ |
| प्रतिशत | ७८ % | २२ % |

श्रोत : विद्यार्थी छलफल कार्यक्रम२०७२, अनुसुची ६

सामाजिक अध्ययन विषयको अध्ययनबाट विद्यार्थीको व्यवहारमा कस्तो परिवर्तन ल्याउन खोजेको देख्नु हुन्छ ? भनि गरिएको प्रश्न छफलमा वि.व्य.स.का प्रतिनिधी तथा श्रोत व्यक्तिले निम्नानुसारका धारणाहरू राखेको थिए- यस विषयले सैद्धान्तिक पक्ष भन्दा पनि व्यावहारिक पक्षलाई नै बढि जोड दिएको देखिन्छ । यसमा विद्यार्थीलाई विभिन्न क्रियाकलाप गराएर, व्यावहारिक पक्षमा मजवुत गर्न खोजिएको छ , जहाँ विद्यार्थीले आफनो मौलिक श्रृजनामा तथा खोजअनुसन्धानमा लागे

मात्र विषयको शिक्षण सफल हुने भनि राखेको मान्यता हेर्दा यो विषयको व्यावहारिक क्षेत्र निकै उचित रहेको देखिन्छ ।

यो विषयमा भएका पाठ्यवस्तु कतिको व्यवहारमा उपयुक्त भएका देखिन्छन् ? भनि सोधिएको प्रश्नमा -सामाजिक समस्या पहिचान र समाधान, नागरिक चेतनाको विकास, नक्साङकन कार्य, निर्वाचनमा नागरिकको भुमिका,देश विकासमा विभिन्न व्यक्तित्वहरूको योगदानबाट विद्यार्थीका ज्ञान सिपको विकास हुने देखिन्छ । यसमा भएका पाठ्यवस्तु र उद्देश्यहरूले संज्ञात्मक, अभिवृद्धिमुलक उद्देश्य भन्दा सिपमुलक उद्देश्यहरूमा तुलनात्मक रुपले बढी जोड दिएका आधारमा मान्न सकिन्छ कि यो विषयमा धेरै जस्ता व्यावहारिक पाठ्यवस्तु निकै उपयोगी भएको स्पष्ट हुन जान्छ ।

यो विषयले कस्तो किसिमको ज्ञान दिन्छ ? भनि गरिएको प्रश्नमा छलफलमा यो विषय विद्यार्थीहरूलाई आफ्नो घर परिवार,समाज,देश र विश्व परिवेशको बारेमा समसामायिक जानकारी प्रदान गरी एउटा चेतनशिल नागरिकको विकास गर्ने अपेक्षा राखेका छ । साथै श्रृजनशील, लगनशिल र उत्तरदायी नागरिक निर्माणका लागि आधार तयार गर्दछ ।

### ४.१.४ उद्देश्य र पाठ्यवस्तुको समयसापेक्षताको विश्लेषण

कुनै पाठ्यक्रम एक पटक निर्माण भएपछि सधैका उपयुक्त र सान्दर्भिक हुन सक्दैन किनकी आजको परिवर्तनशील युगमा मानिसका रुचि, चाहाना, आवश्यकता तथा ज्ञानको क्षितिज व्यापक र विस्तृत हुन गइरहेछ । त्यसै अनुरुप सामाजिक अध्ययन विषयको पाठ्यक्रम यसका उद्देश्य र पाठ्यवस्तुहरू पनि राजनितिक परिवर्तनबाट प्रभावित हुन्छन् साथै त्यसको प्रभाव सामाजिक,अर्थिक,शैक्षिक क्षेत्रमा पर्नु स्वाभाविक हो । यो कुरा विगतमा बनेका विभिन्न विषयका पाठ्यक्रमको बेलाबेलामा भएको परिवर्तन,संशोधन र परिमार्जनबाट पनि थाहा पाउन सकिन्छ । सामाजिक अध्ययन विषयको पाठ्यक्रम निर्माणको सैद्धान्तिक प्रकृतिक हेर्दा यो विषयमा अत्याधिक विषयवस्तु अटाँउनु पर्ने तथा विषयवस्तुको विविधता भएको वर्तमान सर्न्दभमा यस विषयले समाजका हरेक पक्षको अनिवार्य रुपमा अध्ययन गरी विषयवस्तुको रुपमा समेट्नुपर्ने आफ्नै किसिमको चुनौति विधमान रहेको स्थिति छ ।

यस विषयको माध्यमिक तहमा के कस्तो सान्दर्भिकता रहेको छ भनि विषय शिक्षकलाई प्रश्न गर्दा ७५ प्रतिशत शिक्षकले समाजलाई सामजिकीकरण र असल नागरिकको रुपमा सानै देखि ज्ञान दिनको लागि यो विषय समयसापेक्ष र समाजको आवश्यकता भित्र पर्ने कुरा बताए भने हरेक

विषय शिक्षकले यो विषयमा भएका कतिपय विषयवस्तु समय सापेक्ष र सान्दर्भीकता छ भनि गरिएको प्रतिप्रश्नमा उहाँको जवाफ थियो -हाम्रो विगत एकाइमा भएको नेपालको एकिकरण, राणाशासन तथा वि.सं. २००७ साल देखि २०४६ साल सम्मका राजनितीक  घटनाक्रम र यसको सामाजिक र आर्थिक प्रभाव जसको यसमा विस्तृत अध्ययन सम्भव छैन । त्यसैगरी भूगोल विषयभित्र पढाउन सुहाउने हाम्रो पृथ्वी एकाइ भित्रका विभिन्न महाद्धिपहरूको भौगलिक, सामाजिक र आर्थिक क्रियाकलापहरूको अध्यायन अध्यापन माध्यमिक तहका विद्यार्थीको लागि सरल र स्तरीय छैन ।

सामाजिक अध्ययनलाई समयसापेक्ष रुपमा स्थापित गर्न के गर्नु के गर्नु पर्ला भनि सोधिएको प्रश्नमा उहाँहरूको सुझावथियो - यो विषय अरु विषयभन्दा तुलनात्मक रुपमा बढी परिवर्तनशील प्रकृती भएको छ । यसमा समावेश गरिने विषयवस्तु आज समय सापेक्ष र सान्दर्भिक जस्तो देखिएपनि केहि समयपछि असान्दर्भीक र समय सापेक्ष नभएको स्थिति बन्न जान्छ ।त्यसकारण यो विषयमा हुने हरेक परिवर्तनको लागि एउटा दशौ नयाँ एकाइको व्यवस्था गनुपर्ने जसको नाम समसामयिक जानकारी भन्ने एकाइ राख्ने बताए जसमा हरेक वर्ष हुने परिवर्तन र संशोधन सम्बन्धि विषयवस्तु शिक्षक र विद्यार्थीले सोध खोज गरेर पढ्ने पढाउने व्यवस्था गराउनु पर्ने तथा अन्य बाँकी एकाइमा पनि सबै एकाइलाई समान एकाइगत भारको अनुपातको मिलान गरी विषयवस्तुको प्राथमिकताका आधारमा सङगठन  मिलाइ केहि समयका लागि अपरिवर्तशिल बनाउनु पर्ने बताए ।

सामाजिक अध्ययन विषयको आवश्यकता किन ? भन्दा विद्यार्थीहरूले यो विषयले देशको भौगोलिक, आर्थिक, सामाजिक, साँस्कृतिक तथा राजनीतिक अवस्थाको जानकारी तथा सामाजिक समस्या एवम् समससामयिक विषयको जानकारी गदै बालबालिकालाई आफ्नो वातवरण, समाज, परिस्थित तथा आवश्यकताअनुसार समायोजित हुनका लागि ज्ञान, सिप र कुशलताको विकास गराउने गर्दछ । जसले गर्दा बालबालिकाहरू, प्रजातान्त्रिक समाजका लागि प्रभावकारी सदस्यको रुपमा आफ्नो स्थान कायम राख्न सक्षम हुन्छन् ।

यस विषयको माध्यमिक तहमा के कस्तो सान्दर्भिकता रहेको छ भनि विद्यालय व्यवस्थापन समितीको प्रतिनिधीसँग छलफल गर्दा समाजलाई सामजिकीकरण र असल नागरिकको रुपमा सानै देखि ज्ञान दिनको लागि यो विषय एकदम समयसापेक्ष र समाजको आवश्यकता भित्र पर्ने कुरा बताए भने  र श्रोत शिक्षक व्यक्तिले - यो विषयमा भएका कतिपय विषयवस्तु समय सापेक्ष र सान्दर्भीकता छ भनि गरिएको प्रतिप्रश्नमा उहाँको जवाफ थियो हाम्रो विगत एकाइमा भएको नेपालको एकिकरण, राणाशासन तथा वि.सं. २००७ साल देखि २०४६ साल सम्मका राजनितीक

घटनाक्रम र यसको सामाजिक र आर्थिक प्रभाव जसको यसमा विस्तृत अध्ययन सम्भव छैन । त्यसैगरी भुगोल विषयभित्र पढाउन सुहाउने हाम्रो पृथ्वी एकाइ भित्रका विभिन्न महाद्धिपहरूको भौगलिक, सामाजिक र आर्थिक क्रियाकलापहरूको अध्यापन माध्यपन माध्यमिक तहका विद्यार्थीको लागि निकै जटिल र स्तरीय छैन ।

सामाजिक अध्ययनलाई समयसापेक्ष रुपमा स्थापित गर्न के गर्नु के गर्नु पर्ला भनि सोधिएको प्रश्नमा उहाँहरूको सुझावथियो यो विषय अरु विषयभन्दा तुलनात्मक रुपमा बढी परिवर्तनशील प्रकृतीको छ । यसमा समावेश गरिने विषयवस्तु आज समय सापेक्ष र सान्दर्भिक जस्तो देखिएपनि केहि समयपछि असान्दर्भीक र समय सापेक्ष नभएको स्थिति बन्न जान्छ । त्यसकारण यो विषयमा हुने हरेक परिवर्तनको लागि एउटा दशौ नयाँ एकाइको व्यवस्था गनुपर्ने जसको नाम समसामयिक जानकारी भन्ने एकाइ राख्नु पर्ने बताए,जसमा हरेक वर्ष हुने परिवर्तन र संशोधन सम्बन्धि विषयवस्तु शिक्षक र विद्यार्थीले सोध खोज गरेर पढ्ने पढाउने व्यवस्था गराउनु पर्ने बताए ।

## ४.२ विषयवस्तुको विश्लेषण

पाठ्क्रम अनुरुप निर्धारित विषयवस्तुको पाठ्यपुस्तकमा सङगठन गर्दा विद्यार्थीको शैक्षिक स्तर, उमेर, आवश्यकता,शिक्षण विधि, विषयको उद्देश्य, समय तथा मुल्याङकन साधन आदिका आधारमा गर्नु पर्दछ । त्यसकारण विषयवस्तु विश्लेषण गर्दा लम्बीय र समतलीय संरचनालाई पनि विचार पुयाउन जरुरी देखिन्छ ।

### ४.२.१ लम्बीय ढाँचाका आधारमा विषयवस्तुको विश्लेषण

यस पद्धति अनुसार विषयवस्तुको सङ्गठन गर्दा माध्यमिक तहको सामाजिक अध्ययन विषयको सन्दर्भमा हेर्दा विषयवस्तुको क्षेत्र र क्रम, पूर्वज्ञानको आधार, विषयवस्तुको क्रमबद्ध प्रस्तुती, विषयवस्तुको सङगठन, विद्यार्धीको रुचि र आवश्यकता तथा विषयवस्तुको जटिलता समेतलाई के कसरी समन्वयात्मक तथा सन्तुलित रुपमा व्यवस्थित गरिएको छ भनी विश्लेषण गर्नुपुर्ने हुन्छ । यहाँ माध्यमिक तहको सामाजिक अध्ययन विषयको विषयवस्तुको लम्बीय संरचनाको निम्नानुसार विश्लेषण गरिएकोछ ।

एकाई १ कक्षा ९मा पाठ १मा विकास र मानव विकास र दिगो विकास दिएको छन् भने कक्षा १० मा भएका पाठ क्रमशः क्षेत्रिय तथा संघिय विकासको अवधारण, पाँचै विकासस क्षेत्रको भौगोलिक, आर्थिक र सामाजिक विकासको तुलनात्मक अध्ययन र नेपालमा सञ्चालित विकास

आयोजनाहरू छन् । यसरी उक्त इकाईको विषयवस्तुको लम्बीय संरचना हेर्दा पुर्णतया सम्बन्ध कायम हुन सकेको छैन किनकी दिगो विकास र मानव विकासका विषयवस्तु कक्षा ९ नै सीमित गरिएका छन् भने संघिय विकासको अवधारणा मात्र कक्षा १० मा राखि तल्लो कक्षामा यसको चर्चा नै गरिएको छैन भने उक्त कक्षामा पनि यसको चर्चा नै  नगरी विकास क्षेत्रको बारेमा मात्र चर्चा गरिएको छ । यसरी हेर्दा विषयवस्तु  उपयोगी, समयसापेक्ष तथा बालवालिकाको रुचि एवम् स्तर अनुसार भएको मान्नु पर्दछ तर अन्तर सम्बन्धलाई उजागर गरेको पाईएन ।

एकाइ २ कक्षा ९ मा भएका पाठहरू क्रमशः विकासका पूर्वाधारहरू (शिक्षा, स्वास्थ्य, यातयात, खानेपानी, विधुत, संच्चार र विकासको पूर्वाधार निर्माणमा जनसहभागिता छन्) भने कक्षा १० मा भएका पाठहरू क्रमशः विकासका निम्ति दक्ष जनशक्ति, विकासमा महिलाको समान सहभागिता र शान्ति सुव्यवस्था छन् जहाँ लम्बीय संरचना अनुसार विश्लेषण गर्दा सम्बन्ध कायम भएकै मान्नु पर्दछ । एउटा पाठ जस्तै शान्ति तल्लो कक्षामा विषयवस्तु नै राखेका पाइएन । विद्यार्थीको स्तर र पूर्वज्ञान अनुसार तथा विषयवस्तुको क्रमबद्ध प्रस्तुती गरेको  देखिन्छ ।

एकाइ ३ मा लम्बीय संरचनाको विश्लेषण गर्दा विषयवस्तुको लम्बीय सम्बन्ध  मिलेकै मान्नु पर्दछ । किनकी हाम्रो रीतिरिवाज र परम्पराका विषयवस्तुको क्रमबुद्ध प्रस्तुती भएको छ भने धर्मनिरपेक्षता सम्बन्धि कक्षा ९ मा मात्र सीमित गरी माथिल्लो कक्षामा यसको कुनै चर्चा नभएको अवस्था छ बाँकी अन्य पक्षहेर्दा विद्यार्थीको सिकाइ अनुभव सँग सहयोगी विषयवस्तु  राखिएका छन् ।

एकाइ ४ मा विषयवस्तुको सान्दर्भिकता, व्यावहारिकता तथा आवश्यकतानुसार विषयवस्तुको लम्बिय सम्बन्ध  उपयुक्त रहेको देखिन्छ । किनकी यस एकाइमा सामाजिक समस्या र सामाधान लगायतका पक्षहरू सम्बन्धित विषयवस्तुको क्षेत्र र क्रम मिलेको छ । विषयवस्तु दुवै कक्षा ९र १० मा बराबर नै छन् । विषयवस्तु विद्यार्थीहरूको सिकाइ अनुभव र आवश्यकताअनुसारका भएकाले व्यावहारिक पक्षमा सुधार गर्दै एउटा असल सामाजिक व्यक्तिको रुपमा चिनिन सघाउ पुऱ्याउने किसिमका छन् ।

एकाइ ५ मा भएका विषयवस्तुहरू दुवै कक्षामा एकाइगत रुपमा वरावर राखिएका छन् । साथै विषयवस्तुको प्रस्तुती सरलबाट जटिलतिर क्रमबद्ध रुपमा भएको छ । विषयवस्तुलाई उदाहरण सहित प्रष्टा्याउने कोसिस पनि भएको छ । विषयवस्तु विद्यार्थी लागि  उपयोगी र जानकारीमूलक छन् । यसमा समसामयिक विषयवस्तु जस्तै : सुशासन, नागरिक समाजको भूमिका, विविधताामा एकता, मानवअधिकार, राष्ट्रिय सरोकारका विषयहरू  समावेश गरिएका छन् ।

एकाइ ६ अनुसार विषयवस्तुको लम्बीय संरचनाको सम्बन्ध विश्लेषण गरी हेर्दा यहाँ विषयवस्तु बढी जटिल किसिमका छन् । यहाँ भएका विषयवस्तु पूर्णतया विद्यार्थीको स्तर, क्षमता, आवश्यकता र रुचि अनुसारका नभएको भन्न सकिन्छ । किनकि यसमा भूगोल विषय लिएर पढ्दा सुहाउने र एकाइगत रुपमा यतिका विषयवस्तु विस्तृत र गहन अध्ययन गरी सिकाउन नसकिने जस्ता देखिन्छन् । जहाँ विश्वको हावापनी, विभिन्न महादेशहरूको प्राकृतिक,आर्थिक तथा सामाजिक पक्षहरूको अध्ययन गर्नु पर्नेछ । विश्वको नक्सा बनाएर विभिन्न तथ्यहरू भर्नु पर्ने अप्ठ्यारा विषयवस्तु राखिएका छन् । विषयवस्तुको क्षेत्रफल हेर्दा अनावश्यक तथा बढाइ चढाइ गरी धेरै विषयवस्तुको जानकारी गोलमटोल रुपमा थुपार्न खोजेको देखिन्छ । यस एकाइमा विषयवस्तुलाई प्राथमिकता क्रम, विषयको उद्देश्य, विद्यार्थीको स्तर र आवश्यकता एवम् रुचि अनुसार मिलाउनु पर्ने आवश्यकता जरुरी देखिन्छ ।

एकाइ ७ अनुसार विषयवस्तुको लम्बीय संरचनाको विश्लेषणबाट के स्पष्ट हुन्छ भने कुनै कक्षा १० मा भन्दा कक्षा ९ मा विषयवस्तु तुलनात्मक रुपमा बढी छन् । विषयवस्तुको क्षेत्र क्रम मिलाउने प्रयास गरेको देखिए तापनि मिल्न सकेको देखिदैन । एकाइगत रुपमा यति धेरै विषयवस्तु यो तहका विद्यार्थीका लागि स्तर सुहाँउदा र आवश्यकता अनुसार छैनन् । इतिहास विषय लिएर विषयगत रुपमा पढ्न उपयुक्त हुने जतिका विषयवस्तु एउटा इकाइमा अटाएर ईकाइको आकार ठुलो बनाउन खोजेको देखिन्छ । विषयवस्तुउपयुक्त, जानकारीमुलक तथा शिक्षा लिन सकिने किसिमका देखिन्छ । शिक्षकले पनि कक्षा शिक्षण गर्न तयारी र अभ्यास गर्नु पर्ने देखिन्छ । सबै विषयवस्तु विद्यार्थीलाई सरल र उपयुक्त ढङगले सिकाउने नसकिने अवस्था छ । किनकी यस्ता विषयवस्तु राजनितिकमा चासो नराख्ने विद्यार्थीलाई बुझाउन गह्रो हुन्छ ।

एकाइ ८ मा भएका विषयवस्तु व्यावहारिक र उपयुक्त छन् यहाँ विद्यार्थीको आवश्यकता, रुची र स्तर अनुसारको पूर्वज्ञानमा आधरित भएर क्रियाकलपलाई क्रमबद्ध रुपमा लम्बीय संरचनाको उचित ख्याल गरी विषयवस्तु प्रस्तुत गरिएको छ । तुलनात्मक रुपमा कक्षा ९ मा कक्षा १० भन्दा बढी नै विषयवस्तु समेटिएको छ । अन्य बाँकी पक्षहरू उपयुक्त नै रहेको देखिन्छ ।

एकाइ ९ अनुसार विषयबस्तुको लम्बीय संरचना विश्लेषण गर्दा विषयवस्तुहरूका वीचमा लम्बीय सम्बन्ध कायम भएको पाइन्छ । यसमा राखिएका सबै विषयवस्नु विद्यार्थीको रुचि, स्तर तथा पूर्वज्ञान अनुरुपका छैनन् । किनकी यसमा संयुक्त राष्ट्रसंघ, यसका अङगहरू, सार्क राष्ट्रहरू बीचको आपसी सहयोग लगायतका थुप्रै विषयवस्तु विस्तृत र गहन अध्ययन गर्नुपर्ने छ । जसका लागि पाठ्यपुस्तकमा भएका पाठ्यवस्तुबाट मात्रै सम्भव पनि छैन ।

यस विषयको विषयस्तुको लम्बीय संरचनाको विश्लेषण पश्चात के कुरा प्रष्ट हुन्छ भने यस विषयका विषयवस्तुको सङगठन गर्दा विद्यार्थी रुचि,स्तर, आवश्यकता तथा पुर्वज्ञान जस्ता पक्षहरूको पुर्ण रुपमा ख्याल नगरेको देखिन्छ । यसमा भएको ९ वटा एकाइ मध्ये एकाइ ६ हाम्रो पृथ्वी र एकाइ ७ हाम्रो विगतलाई बढी एकाईगत भार दिएर अन्य एकाईलाई कम महत्व दिँदै विस्तृत र बढी मात्रामा विषयबस्तु समावेश गरिएको छ । अभ्यास क्रियाकलापहरू लागि पाठ्यपुस्तकमा भएका विषयबस्तुले मात्र पुग्दैन । यसका लागि शिक्षक र विद्यार्थीले अन्य सन्दर्भसामग्री र उच्च स्तरका विषयवस्तुहरू पढ्न पर्ने देखिन्छ । कतिपय एकाईहरूमा आवश्यकता र सान्दर्भिकता भन्दा पनि बढी विषयबाट बोझिलो रुपमा प्रस्तुत गरिएको छ । विभिन्न एकाइहरूमा विषयवस्तुको अनुपातिक सन्तुलन पनि मिल्न सकेको छैन ।

### ४.२.२ विषयवस्तुको समतलीय सङगठनका आधारमा विश्लेषण

समतलीय संरचना अनुरुप विषयवस्तुको विश्लेषण गर्दा सामाजिक अध्ययन विषयको माध्यमिक तहमा पढाइने अन्य विषयहरूको विषयवस्तुहसँगको सम्बन्ध तथा त्यही विषय भित्रका विभिन्न एकाइहरू, पाठहरू, शिर्षक तथा उपशीर्षकहरूमा विषय बस्तुको सङगठन के कसरी भएको छ, के कति मात्रामा समन्वयात्मक स्वरुप भएको छ भन्ने तुलना गरी विश्लेषण गरिएको छ ।

#### ४.२.२.१ सामाजिक अध्ययन विषय भित्रका विषयवस्तुको विश्लेषण

माध्यमिक तहमा अध्यापन गराइने अनिवार्य र महत्वपूर्ण विषयको रुपमा सामाजिक अध्ययन विषयलाई लिइन्छ । यस विषयको पाठ्क्रमको निमार्ण र विषयवस्तुको छनोट गर्दा निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्क्रममा राखिएका विषयवस्तुलाई ध्यानमा राखिएको थियो । यो विषयको पाठ्यक्रमको निर्माण गरी विषयवस्तुको सङगठन गर्न अन्य विषयको तुलनामा निकै चुनौतीहरू र समस्याहरू रहेको स्थिती छ । जहाँ यस विषयको प्रकृति हेर्दा परिवर्तित सन्दर्भ अनुसार विषयवस्तु समेट्नु पर्ने, विषयको क्षेत्रपनि समय सापेक्ष रहनु, साधन र सिमितता, विषयवस्तुको विविधता तथा पाठ्क्रम परिमार्जन नीति आदि कारणहरू विद्यमान रहनु नै हो । यस विषयको समतलीय संरचना अनुसार यस विषयभित्र विषयवस्तुलाई उपयुक्त ढाँचामा नै मिलाएको देखिन्छ । यसमा पाठ्यवस्तुहरूलाई नौ वटा एकाइमा अलग अलग रुपमा एकाइगत हिसावले भुगोल, समाजशास्त्र, राजनितिकशास्त्र, इतिहास, अर्थशास्त्र विषयका विषयवस्तुको सङगठन र प्रस्तुतीको क्रम सरल देखि जटिल सम्म, प्रत्यक्षबाट अप्रत्यक्षतिर, अर्मुतताबाट मुर्ततिरशिक्षाका

सिद्धान्त अनुसार व्यवस्थित गरेको देखिन्छ । जहाँ विषयवस्तुलाई विद्यार्थीको पूर्वज्ञान रुचि, स्तर र क्षमताको आधारमा राखिएको छ जो निम्नाअनुसार क्रमशः एकाइगत रुपमा राखिएका छन् । १. हामी, हाम्रो समुदाय र राष्ट्र, २. विकासका पूर्वाधारहरू, ३. हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता, ४. सामाजिक समस्या र समाधान , ५. नागरिक चेतना, ६. हाम्रो पृथ्वी,७. हाम्रो विगत, ८.आर्थिक क्रियाकलाप र ९.अन्तर्राष्टिय सम्बन्ध, शान्ति र सहयोग छन् ।

तालिका ८ : सामाजिक अध्ययन पाठ्यक्रममा क्षेत्रअनुसारको पाठ्यभार विभाजन

| क्र.सं. | पाठ्यवस्तु | प्रतिशत(%) |
|---|---|---|
| १. | हामी ,हाम्रो समुदाय र राष्ट | ५ |
| २. | हाम्रा विकासका पुर्वाधार | ५ |
| ३. | हाम्रो परम्परा,सामाजिक मुल्य र मान्यतारु | ५ |
| ४. | सामाजिक समस्या र समाधान | १० |
| ५. | नागरिक चेतना | १० |
| ६. | हाम्रो पृथ्वी | २५ |
| ७. | हाम्रो विगत | २० |
| ८. | आर्थिक क्रियाकलप | १५ |
| ९. | अन्तर्राष्टिय सम्बन्ध , शान्ति र सहयोग | ५ |

श्रोत : माध्यमिक शिक्षा पाठ्यक्रम, २०६४

उपर्युक्त एकाइहरूमा राखिएका पाठ्यवस्तुको सङगठन गर्दा शिक्षाको राष्ट्रिय उद्देश्य, विद्यार्थीको रुचि , स्तर, क्षमता र आवश्यकता, विषयवस्तुको व्यावहारिकता र समयसापेक्षता लगायतका पक्षहरूलाई ख्याल गरी विषयवस्तुलाई एकाइ, पाठ, शिर्षक तथा उपशिर्षण्कमा राखेको कुरा देख्न सकिन्छ । विषयवस्तुको विश्लेषण र प्रस्तुतीकरण सरल भाषामा विद्यार्थीको शैक्षिक स्तर अनुसार भएको देखिन्छ । पाठ्यपुस्तकमा विभिन्न उदाहरण, संवाद, चिठी, वकृत्वकला, चित्र, अभिलेख नमुना, गाष्ठी वादविवादका माध्यमबाट विषयवस्तु विद्यार्थीका निम्ति सङ्गठित र व्यवस्थित गरिएकोछ । यस विषयका ६ र ७ एकाइ बाहेकका अन्य एकाइहरूमा भएका विषयवस्तुको क्षेत्र क्रम तुलनात्मक रुपमा कक्षातग हिसावले मिलेको छ । जहाँ विषयवस्तुलाई विद्यार्थीको पूर्वज्ञान र क्षेत्र र क्रम कायम भएको भन्न सकिन्छ । एकाइ ६ र ७ मा क्रमसः हाम्रो पृथ्वी र हाम्रो विगत अन्तर्गत राखिएका विषयवस्तुको पाठ्यभार क्रमशः २५ र २० प्रतिशत कायम गरिएको अवस्था एकातिर रहेको छ भने अर्को तिर यी एकाइहरू नेपाल देखि अन्तर्राष्ट्रिय स्तरसम्मका भौगोलिक र ऐतिहासिक विषयवस्तुको ज्ञान विद्यार्थीलाई विस्तृत र गहन रुपमा दिन

खोजिएको अवस्था रहेको छ । यसरी दिएका विषयवस्तु विद्यार्थीको पूर्वज्ञान बाट टाढा र अप्रत्यक्ष बढी भएको कारणले यी विषयवस्तु विद्यार्थीको स्तर, क्षमता र आवश्यकता सग पुर्णतया मेल खान नसकेको स्पष्ट हुन जान्छ । साथै यस विषयमा दिइएका विषयवस्तु खासगरी सामाजिक अध्ययन विषय अन्तर्गत एकाइगत रुपमा समावेश गरी कमजोर वौद्धिक स्तरका विद्यार्थीलाई बुझाउन सजिलो छैन्न । यसै गरी यसमा पाठ्क्रम अनुसार निर्धारित क्षेत्रगत पाठ्यभार पनि सन्तुलिन हुन नसकेको कुरा माथी उल्लेखित तालिकाबाट प्रष्ट  हुन गएको छ । कुनै एकाइमा विषयवस्तु आवश्यकता भन्दा पनि थोरै (२,४,९) छन् भने कुन एकाइमा आवाश्यकता भन्दा पनि बढी( एकाइ ६ र ७ ) छन् । त्यसैगरी यस विषयमा कुनै विषयवस्तुको केवल अवधारणासम्म मात्र सतही रुपमा जानकारी दिन खोजिएको छ ।  जस्तैः दिगो विकास, धर्मनिरपेक्षता, राष्ट्रिय सरोकारका विषय र भुकम्प आदि) भने कुनै विषयवस्तुको बारेमा एकदम विस्तृत र गहन रुपमा - जस्तै विश्वको हावापानी र वनस्पति, विभिन्न महाद्धिपहरूको प्राकृतिक, आर्थिक र सामाजिक अवस्था ) चर्चा गरिएको छ । समग्र रुपमा हर्दा यो विषयको विषयगत विषयवस्तुको सङगठन उपयुक्त र पर्याप्त छैन । यसमा एकाइगत पाठ्यभार सन्तुलन मिलेको छेन । अधिकांश विषयवस्तुलाई एकदम बढदो अमुर्तता र अप्रत्यक्षतिर लैजान खोजेको देखिन्छ । विषयवस्तु विद्यार्थीको पूर्वज्ञान, रुचि, स्तर र आवश्यकता अनुसार मिल्न नसकेको स्थिति छ । तसर्थ यस विषयका विषयवस्तुलाई प्राथमिकता, समयसापेक्षता र व्यावहारिकताका आधारमा विद्यार्थीको स्तर, रुचि, क्षमता र आवश्यकता अनुरुप उपयुक्त र वस्तुगत मापदण्ड अपनाइ छनौट र सङगठित गर्ने तरिका अपनाउनु आवश्यक छ ।

### ४.२.२.२. माध्यमिक तहका अन्य विषयसँगको सम्बन्ध विश्लेषण

यस विश्लेषणमा माध्यमिक तहका पाँच वटा अनिवार्य विषय तथा ऐच्छिक विषय ( अर्थशास्त्र र भुगोल ) को क्षेत्रको विश्लेषण गर्ने प्रयास गरिएको थियो । जहाँ अंग्रेजी र विज्ञान विषयसँग सामाजिक अध्ययन विषयका विषयवस्तुको प्रत्यक्ष सम्बन्ध नभए पनि उक्त विषयका विषयवस्तुको तहगत  उद्देश्यमा भने घनिष्ट सम्बन्ध कायम भएको पाइन्छ । उक्त तहका अन्य विषयसितको समलम्विय सम्बन्ध निम्नाअनुसार दिएको छ ।

नेपाली विषय माध्यमिक तहको अनिवार्य विषय हो । यसमा नेपाली भाषा सम्बन्धि सुनाइ, बोलाइ लेखाइ सम्बन्धि सिपहरूको विकास गर्न विभिन्न विषयवस्तु राखिएका हुन्छन् । जसअर्न्तगत पढ्नु पर्ने विषयहरू जस्तैः संस्कृति, धर्म परम्परा, सामाजिक मूल्य मान्यता, असल व्यक्तित्वका गुणहरू, नैतिकता, सादाचार जीवनी, कथा,कविता संवाद, वादविवाद,

चिठ्ठी,निवेदन,प्रतिवेदन,वक्तृत्वकला, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रसिद्ध व्यक्तिहरू हुन् । उपर्युक्त नेपालीमा पढ्नु पर्ने विषयवस्तुहरू सामाजिक अध्ययनमा पनि विषयवस्तुको प्रस्तुतीमा, व्याख्यामा, क्रियाकलापमा तथा अभ्यासमा  पढ्नु पर्ने र क्रियाकलाप गरेर सिक्छन् ।

गणित विषयमा पढ्नु पर्ने प्रतिशत, रेखाचित्र, वृत चित्र चार्ट ग्राफ, अंक गणितिय मध्यक डिग्री, सेन्टिग्रड, मिटर, सेन्टिमिटर लगायतका विषयवस्तुहरू सामाजिक अध्ययन विषय भित्र पनि समावेश गरेर सिकाईन्छ ।

माध्यमिक तहमा अनिवार्य विषयको रुपमा स्वास्थ्य, जनसङख्या र वातावरण शिक्षा विषय अध्ययन अध्यापन गराउन थालिएको छ । सामाजिक विषय स्वास्थ्य, जनसंख्या र वातवरण शिक्षा विषयको संयुक्त रुप हो । यो विषयमा स्वास्थ्य सम्बन्धि, जनसङख्या सम्बन्धि तथा वातावरण शिक्षा बारे विषयवस्तुहरू विस्तृत रुपमा पढ्नु पर्छ । यी विषयवस्तु सामाजिक अध्ययनमा स्वास्थ्य विकासको पूर्वाधारको रुपमा, वातावरणीय सरसफाइ तथा जनचेतना जगाउने, जनसङ्ख्या वृद्धि र यसका असरहरू  पढनु पर्दछ ।

अर्थशास्त्रका विषयवस्तु पनि सामाजिक अध्ययन एकाइ ८ अन्तर्गत राखि अलग रुपमा पढ्नु पर्ने व्यवस्था गरिएको छ जस्तैः कृषि, उद्योग, पर्यटक , वैदेशिक, व्यापार, आर्थिक योजना, गरिबी, गरिबी निवारण, रोजगार  छन् ।

भुगोल विषयसित सम्बन्धित विषयवस्तुहरू सामाजिक अध्ययनको एकाइ ६ मा अर्न्तगत राखेर एकाइगत रुपमा पढनु पर्ने व्यवस्था गरिएको छ। जुन विषयवस्तुहरू निम्न अनुसार उल्लेखित हुनु जस्तैः हावापानी, वनस्पति, जनजीवनमा भौगोलिक वातवरण, देशान्तर, आक्षंस धरातलीय स्वस्थ, नक्साङन  हुन् ।

समग्रमा हेर्दा सामाजिक अध्ययन विषय विभिन्न सामाजिक विज्ञानबाट विषयवस्तु लिएर एकीकृत र समन्वयात्मक रुपमा निर्मित विषय हो । यसमा समावेश गरिएका विषयवस्तु अन्य सामाजिक विज्ञानका विषयहरूबीचको घनिष्ट सम्बन्ध रहेको छ । सामाजिक अध्ययन विषयको अध्ययनबाट सामाजिक विज्ञान विभिन्न विषयवस्तुहरूको बारेमा धेरै कुराहरू पढेर थाहापाउन सकिन्छ । सामाजिक अध्ययन विषयको माध्यमिक तहमा राखिएका अन्य विषयसित प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा समतलीय सम्बन्ध एकदम उययुक्त कायम भएको देखिन्छ  ।

## ४.३ पाठ्क्रम र पाठ्यपुस्तक विश्लेषण

शिक्षाका लक्ष्य र उद्देश्य प्राप्तिका लागि बनाएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भनिन्छ। पाठ्यक्रम समाजको बदलिदो परिवेश अनुसार समाज र व्यक्तिको आवश्यकता पुरा गर्ने किसिमको हुनुपर्दछ। यसमा शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, विषयगत उद्देश्य तथा कक्षागत उद्देश्यहरू निर्धारण गरिएका हुन्छन्। उपर्युक्त उद्देश्यहरू प्राप्त गर्नको लागि के कस्ता विषयहरू सिकाइ अनुभवहरू, क्रियाकलापहरू विधिहरू तथा मुल्याङ्कनका साधनहरू पाठ्यक्रममा समावेश गर्ने भन्ने कुरालाई ध्यान दिई पाठ्यक्रमको निर्माण गर्नुपर्ने हुन्छ। यसरी पाठ्यक्रमले निर्धारण गरेको परिधीभित्र रही विद्यार्थी र शिक्षकका लागि निश्चित विषयको अध्यापनमा सहयोग गर्न गरिएको सामग्री पाठ्यपुस्तक हो। यदि पाठ्यक्रम र पाठ्यपुस्तक विच उपयुक्त सम्बन्ध कायम हुन सकेन भने पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू प्राप्त गर्न र विद्यार्थीहरूमा व्यावहारिक परिवर्तन ल्याउन सकिदैन। शिक्षाले राखेका शिक्षाको राष्ट्रिय उद्देश्य र तगगत उद्देश्यहरूपनि पुरा हुन सक्दैनन्। पाठ्यक्रमले तोकेका कक्षागत विशिष्ट उद्देश्यहरू र पाठ्यपुस्तकका विषयवस्तुलाई तुलना गरी विश्लेषण गरिएको थियो।

एकाइ १कक्षा ९ मा पाठ्क्रमको उद्देश्यअनुसार पाठ्यवस्तुको उपयुक्त प्रयोग भएको छ। यसमा राखेका उद्देश्यहरूको प्रकृति विशिष्ट छ। पाठ्यवस्तुको संङगठन विद्यार्थीको रुचि र स्तर अनुसार व्यवस्थित गरिएको छ। पाठ्यवस्तु समसामायिक र समयसापेक्ष किसिमका छन्। कक्षा १० मा भने उद्देश्यहरू विशिष्ट हुन सकेका छैनन्। दिएका उद्देश्यहरू एकदम व्यापक र पुरा गर्न नसकिने भई मापनमा कठिनाइ आउने देखिन्छ। जस्तैः क्षेत्रिय विकासको अवधारणा दिई विभिन्न क्षेत्रको भौगौलिक, सामाजिक र आर्थिक पक्षको तुलनात्मक विवरण दिन संघिय विकासको अवधारणा भन्ने पाठ विना उद्देश्य राखिएको छ। जुन एकाईमा केवल विकास क्षेत्रका विकास सम्बन्धि पाठ्यवस्तुहरूको मात्र छलफल गरिएकोछ। पाठ्यवस्तुहरूको उचित रुपमा व्याख्या गरिएकोछ।

एकाइ २ कक्षा ९ मा सम्पुर्ण एकाइलाई समेट्ने गरी एउटा मात्र उद्देश्य राखिएको छ। जुन उद्देश्य निकै विस्तृत तथा मापन गर्न जटिल देखिन्छ। जस्तै नेपालको विकास कार्यमा शिक्षा, स्वास्थ्य, यातायात, सच्चार, विद्युत, र खानेपानीको विकास उल्लेख गर्न भनेर निश्चित गरिएको छ। पाठ्यवस्तुहरूको प्रस्तुती सरल रुपमा उदाहरण सहित व्याख्या गरिएको छ। उद्देश्य संज्ञानात्मक पक्षलाई मात्र समेटेर वनाएको छ। यसमा राखिएको एउटा पाठ जस्तै विकासका पुर्वधार निर्माणमा जनसहभागिता विना उद्देश्यको राखिएको छ।कक्षा १० मा पाठ्यक्रम अनुसार विषयवस्तुको

व्याख्या निकै सरल र विद्यार्थीको स्तर अनुसार गरिएकोछ । यस एकाइमा पनि एउटा पाठ जस्तै : विकासमा महिलाको समान सहभागिता भने विना  उद्देश्य राखिएको छ । उद्देश्यहरू विशिष्ट छन् । पाठ्यवस्तु व्यावहारिक र उपयोगी किसिमका छन् ।

एकाइ ३ कक्षा ९ मा एकाइ अनुसार पाठ्यवस्तुहरू उपयुक्त छन् ।  उद्देश्यहरू विस्तृत र विशिष्टता मापन गर्न नसकिने हिसाबले राखिएका छन् । जस्तैः कुनै एक  उद्देश्य नेपाली कलाको पृष्ठभुमिमा हस्तकला, चित्रकला, वास्तुकला र मुर्तिकलाको परिचय दिन र तिनको संरक्षण कार्यमा सहभागि हुन् । यस एकाइमा  उद्देश्य विनाका पाठहरूपनि समावेश गरिएका छन् ।  जसमा धर्मनिरपेक्षता,हाम्रा धार्मिक स्थलहरू र हाम्रो रितिरिवाज र परम्परा छन् । धर्मनिरपेक्षता भन्ने पाठ समसामयिक र वर्तमानमा निकै सान्दर्भक भएपनि यस बारे पाठमा कुनै चर्चा गरिएको छैन । कक्षा १०मा पाठ्क्रम अनुसार पाठ्यवस्तुको सङगठन उपयुक्त र सरल भाषामा छन् । विषयवस्तुहरू अनुसार शैक्षिक सामग्री जुटाउन र निश्चित गर्न सजिलो छैन । जसमा नेपालका लोकगित, लोकबाजा, तथा हाम्रा शास्त्रीय एवम् लोकनृत्य जस्तापाठ्यवस्तुहरू समावेश गरिएका छन् । यस एकाइमा राखिएको  उद्देश्यहरू लामा र विशिष्टता निर्धारण गर्न नसकिने किसिमका छन् । जस्तै : हाम्रा परम्परा, सामाजिक मुल्य र मान्यता, साहित्य, कला र सस्कृतिको महत्व बताउन र तिनिहरूको संरक्षण कार्यमा सहयोग पुऱ्याउन भने  उद्देश्यमा भएका विषयवस्तुहरूमा  विद्यार्थीको रुचि, चाहना र स्तर अनुसारका छन् । किनकी उपर्युक्त विषयवस्तुहरूमा विद्यार्थीले देखेका, सुनेका र अनुभव गरेका व्यावहारिक पक्षहरू समावेश गरिएका छन् ।

एकाइ ४ मा ९ मा पाठ्यक्रम अनुसार पाठ्यवस्तुमा समावेश गरिएका विषयवस्तुहरू उपयुक्त र व्यावहारिक जानकारी प्रयोग गरि समाजमा परिवर्तन ल्याउन सक्ने खालका छन् । उद्देश्यको आधारमा विषयवस्तु बढी भएको जस्तो लाग्छ ।  उद्देश्यको प्रकृति विशिष्ट छ । विषयवस्तु विद्यार्थीको चाहना स्तर अनुसार कायम गरिएका छन् । कक्षा १० मा पाठ्यक्रम अनुसार निर्धारित विषयवस्तु वर्तमान परिवेश अनुसार समाजमा विद्यमान विभिन्न समस्याहरूको पहिचान गराई समाधानका निम्ति विद्यार्थीमा व्यावहारिक परिवर्तन गदै समुन्नत समाज निर्माण र विकासका लागि उपयोगी छन् । तुलनात्मक रुपमा  उद्देश्यको प्रकृति हेर्दा विशिष्ट देखिन्छ । विषयवस्तुहरू विद्यार्थीको स्तर अनुसार व्यवस्थित गरिएका छन् । शिक्षकले विषयवस्तु शिक्षणका लागि विषयवस्तुसित  सम्बन्धित पत्रपत्रिका, लेख रचनाहरू सङ्कलन गरी शिक्षण गरेमा मात्र प्रभावकारी शिक्षण गर्न सकिने देखिन्छ ।

एकाइ ५ कक्षा ९ मा पाठ्यक्रम अनुरुप पाठ्यवस्तु उपयुक्त र समसामयिक जानकारीका लागि आवश्यक छन् । विषयवस्तुलाइ वर्तमान सन्दर्भ अनुसार उपर्युक्त  समयसापेक्ष हुने गरी सङगठित गरिएको छ । निर्धारित विषयवस्तु प्रजातान्त्रिक परिपाटीमा उपयुक्त व्यवहार प्रदर्शन गर्न सक्ने आर्दश नागरिक तयार गर्ने किसिमले छनौट गरी सङगठित गरिएका छन् । विषयवस्तुको प्रस्तुती सरल र क्रमबद्ध रुपमा  उद्देश्यलाई पुरा गर्ने पर्याप्त सघाउ पुयाउने हिसावले मिलाएको छ ।कक्षा १० मा पाठ्क्रम अनुसार विषयवस्तुको उचित समायोजन र व्यवस्थापन भएको पाइन्छ । यसमा राखिएका विषयवस्तुहरू जस्तैः संवैधानिक विकास क्रम, नेपालका राजनितिक दल, निर्वाचन प्रक्रिया, मानवअधिकार र राष्ट्रिय सरोकारका विषयहरू समयसापेक्ष र उपयुक्त किसिमका छन् । उद्देश्य पनि विशिष्ट खालका छन् । विषयवस्तुको व्याख्या र प्रस्तुतिकरण विद्यार्थीको स्तर, रुचि र आवश्यकता अनुसार गरिएको छ ।

एकाइ ६ कक्षा ९ मा पाठ्यक्रमले विषयवस्तुलाई सरल देखि जटिल, प्रत्यक्षबाट अप्रत्यक्ष, किसिमले मिलाउने प्रयास गरेको भए तापनि विषयवस्तुको उचित क्षेत्र र क्रम मिलाउन सकेका छैनन् । जहाँ दिइएका विषयवस्तु जस्तैः एसिया, युरोप र अष्टेलिया महाद्धिपको प्राकृतिक साधन, आर्थिक क्रियाकलाप र सामाजिक जनजिवन एवम् नेपाल संगको तुलना हुन् । यसमा तिन वटा महादेशको बारेमा विभिन्न पक्षको अध्ययन गर्ने विस्तृत र व्यापक देखिन्छ । उपर्युक्त विषयवस्तु विद्यार्थीको रुचि, क्षमता र पुर्वज्ञानसँग पुर्णतया सामञ्जस्यता राख्ने किसिमको छैनन् । यसमा एकातिर पाठ्यक्रम २५ प्रतिशत  दिइएको छ भने अर्कोतिर प्रयोगात्मक कार्य बढी गरेर सिक्नु पर्ने पनि समस्या रहेको छ । यसमा निर्धारित विशिष्ट  उद्देश्य पनि एकदम लामा र अमापनिय देखिन्छन् । जस्तैः एसिया,युरोप र अष्ट्रेलिया महादीपको प्राकृतिक, सामाजिक जनजिवन तथा आर्थिक क्रियाकलापको संक्षिप्त परिचय दिन, नेपालसँग तुलना गर्न पनि निश्चित गरिएको छ। यस इकाईको शिक्षण गर्न भूगोल विषय लिएर स्नातक पास गरेको शिक्षक भएन भने विषयवस्तु वारे विद्यार्थीलाई राम्रो ज्ञान दिन  नसकिने देखिन्छ । भुगोल विषयको शिक्षकले मात्र विषयवस्तुलाई सरल सहज रुपमा सिकाउन सक्छ । कक्षा १० मा पनि तुलनात्मक रुपमा अन्य एकाइभन्दा बढी नै भार दिइएको छ । यसमा भएका विषयवस्तु निकै जटिल र अर्मुत किसिमले राखीदिनाले विद्यार्थीलाई विषयवस्तु सम्बन्धि ज्ञान दिएर स्पष्ट धारणा बसाउन विषय शिक्षकलाई पर्याप्त शैक्षिक सामग्री जुटाएर पनि कमै सकिने देखिन्छ । पाठ्यक्रम र पाठ्यपुस्तकविचमा उचित सन्तुलन र क्रमबद्धता छ भनेर भन्न सकिने अवस्था छैन । किनभने यसमा दिइका विषयवस्तु पाठ्यक्रमले निर्धारण गरेको परिधि भन्दा पनि बाहिर रहेर विस्तृत रुपमा समेटिएका छन् । जस्तै विश्वको हावापानीको प्रकार, हावापानी र

धरातलिय विविधताबाट, विश्वको पर्ने असर, उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिका महाद्धिपहरूको प्राकृतिक, सामाजिक र आर्थिक क्रियाकलाप र सामाजिक, जनजीवन र नेपालसँग तुलना रहेका छन् । विषयवस्तु उपयुक्त र समयसापेक्ष भए पनि विद्यार्थीको लागि स्तर अनुसार छैनन् ।

एकाइ ७ कक्षा ९ मा पाठ्यक्रम अनुसार निर्धारित विषयवस्तुलाई निकै विस्तृत रुपमा चर्चा गरिएको छ । यसरी निर्धारित विषयवस्तुको प्रस्तुतीलाई विद्यार्थीले सरल रुपमा सिक्न सक्दैनन् । यहाँ दिएका विषयवस्तुमा नेपालको एकीकरण देखि राणाकालिन प्रमुख उपलब्धिसम्म क्रमिक रुपले चर्चा गरिएको छ । एकाइगत उद्देश्यहरू विशिष्ट रहेका छन् । विषयवस्तुको व्याख्या र प्रस्तुती सरल रुपमा गरिएको छ । विषयवस्तुको ऐतिहासिक जानकारी राख्नको लागि उपयुक्त छन् । कक्षा १० मा पनि राखिएका विषयवस्तु पाठ्यक्रमद्धारा निर्धारण गरेको क्षेत्र भन्दा विस्तृत र वर्णनात्मक रुपमा राखिएका छन् । यस एकाइमा दिएका विषयवस्तुहरू प्रथम विश्वयुद्ध, द्धितीय विश्वयुद्ध तथा वि.सं. २००७ को दिल्ली सम्झौता देखि लिएर वि.सं. २०४६ साल पछि सम्मका राजनीतिक घटनाक्रमहरू समेटेर राखिएको छन् । एकाइगत  उद्देश्यहरू लगभग विशिष्ट छन् । विषयवस्तुहरू ऐतिहासिक कुराहरूको जानकारी राख्ने सवालमा र वर्तमान परिवेश अनुसार सही रुपमा अगाडि बढन् सबैलाई प्रेरणा दिने खालका, रुचिपुर्ण र उपयोगी छन् ।

एकाइ ८ कक्षा ९ मा अर्थशास्त्रका विषयवस्तुहरू राखिएका छन् ।जो दैनिक जीवनका लागि व्यावहारिक र अति आवश्यक देखिन्छन् । पाठ्यक्रम र विषयवस्तु विच उपयुक्त सम्बन्ध मिलेको देखिन्छ । यहाँ दिइएका विषयवस्तुमा कृषि, उद्योग र व्यापारमा आपसी सम्बन्ध, नेपालमा कृषिको महत्व, समस्या र यसको विकासका लागि अवलम्बन गर्नुपर्ने उपायहरू नेपालको अर्थतन्त्रमा उद्योगको महत्व, समस्या र समाधान एवम् सम्बर्द्धनका उपायहरू, आर्थिक योजना परिचय, गरिबी निवारण र रोजगार आदि छन् ।  उद्देश्यहरू विशिष्ट छन् । विषयवस्तु सम्बन्धि सरल रुपमा उदाहरणसित व्याख्या र विश्लेषण गरिएको छ । विषयवस्तुहरूले देशको आर्थिक विकासमा सहयोग गर्न असल व्यक्तित्वको निमार्णमा जोड दिएको छ । कक्षा १० मा पाठ्क्रम अनुसार विषयवस्तुको सङ्गठन उपयुक्त किसिमले मिलेको देखिन्छ । विषयवस्तुहरू निकै व्यवहारिक र समसामयिक आर्थिक चुनौतिहरूको उचित समाधानमा सघाउ पुयाउने किसिमका छन् । माध्यमिक तहमा ऐच्छिक विषय अर्धशास्त्र लिएर पढ्ने विद्यार्थीका लागि भने उपर्युक्त एकाइमा विषयवस्तु एमदम सरल र स्पष्ट रुपमा सिक्न सकिने देखिन्छ । यसमा भएमा पर्यटन र वैदेशिक रोजगारी सम्बन्धि पाठहरू अहिलेको परिवेशको लागि एकदम उपयोगी छन् ।

एकाइ ९ कक्षा ९ मा पाठ्यक्रम अनुसार विषयवस्तुको उचित समन्वय र सन्तुलन मिलेको छ । तर विषयवस्तुमो व्याख्या र प्रस्तुती विस्तृत रुपमा गरिएको छ । विषयवस्तुहरू अहिलेको वैज्ञानिक र प्राविधिक हिसावले विश्व एक गाँउ जस्तो रुपमा परिणत भइसकेको र देश विकासका लागि छिमेकी मित्र राष्ट्हरूको सहयोगको भुमिका निकै महत्वपुर्ण रहन गएको सन्दर्भमा उपयुक्त एकाइमा राखिएका विषयवस्तु निकै समसामयिक र उपयोगी छन् । उद्देश्यहरू पनि विशिष्ट रुपमा निर्धारण गरिएका छन् । जो विद्यार्थीको रुचि, क्षमता, र आवश्यकता अनुसार प्राप्त गर्न सकिने छन् ।कक्षा १०मा राखिएका विषयवस्तु कक्षा ९ भन्दा तुलनात्मक रुपमा कम देखिन्छन् । उद्देश्यहरू विशिष्ट प्रकृतिका छन् । पाठय्बस्तुहरू अहिलेको समय सन्दर्भ अनुसार हरेक पक्षका लागि व्यावहारिक र उपयोगी छन् ।

समग्रमा पाठ्यक्रम र पाठ्यपुस्तकको विश्लेषणबाट के निक्र्योलमा पुगिन्छ भने माध्यमिक तहका लागि सामाजिक अध्ययन विषय व्यावहारिक, उपयागी र समसामायिक जानकारीका लागि उपयुक्त देखिन्छ । यसमा भएका सबै विषयवस्तुको क्षेत्र र क्रम विद्यार्थीको पुर्वज्ञान, शिक्षाका सिद्धान्त तथा सम्पुर्ण देशका विद्यालयको भौतिक स्थिति र आवश्यकता अनुसार व्यवस्थित हुन सकेको छैन । पाठ्यक्रम अनुसार निर्धारित केहि उद्देश्य विशिष्ट रहेका छन् भने केही चाही बढी लामो, विस्तृत र मापनमा कठिनाइ हुने हिसाबले निश्चित गरिएका छन् । प्रत्येक एकाइलाई तोकिएको क्षेत्रगत पाठ्यभार विभाजन पनि समान छैन । एकाइगत रुपमा राखिएका विषयवस्तुको प्रकृति हेर्दा कुनै एकाइमा आवश्यकता भन्दा कम (एकाइ ३,४ र ९) र कुनै एकाइमा आवश्यकता बढी (इकाइ ६ र ७) पाठ्यवस्तुहरू छन् ।

यसरी निष्कर्ष रुपमा भन्दा पर्दा उपर्युक्त जे जस्ता कमी कमजोरी रहेका भए तापनि यस विषयमा विषयवस्तुको क्षेत्र र क्रम मिलाउँदा पाठ्यक्रम विज्ञहरूद्धारा विभिन्न पक्षहरूलाई ध्यान दिएर विषयवस्तुलाई सरल रुपमा गरेको प्रस्तुती प्रशंसनीय रहेको छ ।

## ४.४ सामजिक विषयको शिक्षणमा देखिएका समस्याको पहिचान

शिक्षण क्रियाकलप प्रत्यक्ष रुपमा विद्यार्थीसँग सम्बन्धित हुन्छ । विद्यार्थीहरूको ईच्छा र चहाना बुझ्ेर सोही अनुसार शिक्षण प्रक्रिया अपनाउनु असल शिक्षकको गुण हो । शिक्षण प्रक्रिया अपनाउदा सहयोगी साधनको रुपमा जे जस्ता क्रियाकलपहरू र सामग्रीहरूको प्रयोग गरिन्छ । तिनिहरूले विद्यार्थीलाई असजिलो महसुस हुनु हुदैन । जति सक्यो विद्यार्थी परिचित सामाग्रीहरूको प्रयोग गरी उनिहरूलाई स्वःस्फुर्त रुपले सहभागि गराउदा शिक्षण वढी प्रभावकारी हुन्छ ।

अध्ययनको क्रममा  प्र.अ., विषय शिक्षक , श्रोत व्यक्ति , वि.व्य.स.को प्रतिनिधी अन्तरवार्ता प्रश्नावली र विद्यार्थीसँगको छलफलबाट माध्यमिक तहको अनिवार्य सामाजिक विषय शिक्षणमा निम्नानुसारका समस्याहरू रहेको पाईयो ।

पाठ्य सामाग्रीको उपलब्धता र प्रयोग पर्याप्त नहुनु, कक्षा व्यवस्थापनको राम्रो अवस्था नहुनु, साथै कक्षा शिक्षणमा आवश्यक सुविधा नहुनु, कक्षा शिक्षणमा आवश्यक  शैक्षिक सामाग्रीको सुविधा नहुनु, कक्षा पास गराउदा हचुवा पद्दती अपनाउनु, कक्षामा विद्यार्थी चाप बढी हुनु, र प्रधानाध्यपकले कक्षा शिक्षणमा आईपरेका समस्या प्रति ध्यान नदिनु, शिक्षकले कक्षा शिक्षणमा पाठ्यसामाग्रीको निर्माण, संकलन र प्रयोगमा आईपरेका समस्या समाधानमा उचित व्यवस्थापन गरि प्रयोगमा ल्याउन अल्छि गर्नु,  स्थानिय शैक्षिक सामाग्रीहरू निर्माणमा  विद्यार्थीहरूलाई आवाश्यक निर्देशन गर्न शिक्षकले व्यवस्था गर्नु, कक्षा शिक्षणमा ढिलो आउने र छिटो जाने गर्नाले पाठ राम्ररी नवुझाउनु, शिक्षकले गृह कार्य नदिनु र दिएपनि नहेर्नु, विद्यार्थीलाई कक्षा  शिक्षणमा निरन्तर गर्न  नसक्नु, शिक्षकले कक्षामा दुई, चार जनाले वुझेको आधारमा पाठ अगाढी वढाउनु, पाठ्यवस्तुको सुष्म रुपमा प्रश्नोत्तर नगर्नु, शिक्षकले कुनै पाठ छिटो र कुनै ढिलो गरी अध्ययन अध्यापन गर्नु, शिक्षकले सवै विद्यार्थीहरूलाई समान रुपले नहेर्नु, कोर्ष वढी र शिक्षकको उपश्थिती कम हुनु, प्रत्येक विद्यार्थीले सिक्यो वा सिकेन भनेर दृष्टि पुराउनु पर्नेमा अगाडी उभिएर सरसर्ती व्याख्या गरिरहनु, शिक्षकले विद्यार्थीलाई सजाय र पुरस्कारको व्यवस्था नगर्नु, कक्षा शिक्षणमा समयको कमि हुनु, शिक्षकमा शिक्षण प्रतिको रुचि घट्दै जानु र दक्ष शिक्षकको अभाव हुनु, पाठ्यसामाग्री र शैक्षिक सामाग्रीहरूको निर्माण तथा प्रयोगमा चासो नराख्नु, विद्यार्थीहरू आफैमा मेहेनत गर्ने वानीको अभाव हुनु, कक्षा शिक्षण पश्चात विद्यार्थीले घरमा अध्ययन गर्ने वानी नहुनु, विद्यार्थीमा अनुशासनको कमि हुनु, विद्यार्थीमा अध्ययन गर्ने रुचिको अभाव हुनु र नजानेका प्रश्न पनि शिक्षकलाई नसोध्ने शिक्षण समस्या रहेको देखियो ।अध्ययनको विश्लेषणबाट शिक्षकको जिम्मेवारी र कर्तव्य शिक्षणमा महत्वपूर्ण हुन्छ एवं  विद्यार्थी, शिक्षक, विद्यालय र सरकारको नितिले पनि शिक्षणमा प्रत्यक्ष प्रभाव परेको हुन्छ भन्ने कुरा अध्ययनबाट थाहा भयो ।

शिक्षण पेशामा योग्य र ट्यालेन्ट व्यक्तिहरू आकर्षित हुन नसक्नु, पाठ्यक्रम कार्यन्वयनको एउटा अभिन्न अंग विद्यार्थी मूल्यांकनमा परीक्षा वाहेकका साधनहरूको प्रयोग नहुनु, नयाँ समसामयिक शैक्षिक सामाग्रीको अभाव हुनु, नक्सा ग्लोव,चार्ट जस्ता सामग्रीहरू विद्यालयमा पुराना मात्र हुनु तर अद्यावधिक नहुनु,सामाजिक शिक्षकको  बहुआयमिक नहुनु,सामजिक शिक्षण सम्बन्धित तालिमको अभाव, पाठ्यक्रम, पाठ्यपुस्तक,शिक्षक निर्देशिका जस्ता आवाश्यक सामाग्रीहरू समयमा

उपलब्ध नहुनु , अन्य विषय भन्दा यसमा सोधिने प्रश्नहरू पाठ्यपुस्तक भन्दा वाहिराबाट आउने गरेको शिक्षकलाई पठनपाठनमा समस्या हुनु , अभिभावकहरूले सहयोग नगर्दा विद्यालय व्यवस्थापन, पठनपाठन लगायत विविध कार्यमा समस्या हुनु, विद्यार्थी संख्या धेरै भएकोले गृह कार्य परीक्षण र शैक्षिक भ्रमण व्यवस्थापनमा समस्या हुने गरेको, आन्तिरिक र निरन्तर मूल्यांकनको अभाव हुनु, पाठ्यपुस्तकले शिक्षक र विद्यार्थीलाई पर्याप्त सहयोग गर्न नसक्नु, पाठ्यक्रममा विषयवस्तु भन्दा क्रियाकलापहरू वढि दिनु , विद्यार्थी केन्द्रित शिक्षण विधि प्रति शिक्षकसँग सकरात्मक अभिवृत्ति नहुनु, निरीक्षण तथा अनुगमन नाम मात्रको हुनु, कार्यस्थलका तत्कालिन समस्याहरू समाधान गर्ने खालको निरीक्षण नहुनु पनि सामाजिक विषय शिक्षणको समस्या रहेको छ ।

## ४.५ सामजिक विषयको पाठ्यक्रम र पाठ्यपुस्तकमा देखिएको समस्या समाधान

यस अध्ययनको क्रममा प्र.अ., वि.व्य.स. प्रतिनिधी, श्रोत व्यक्ति शिक्षकका लागि गरिएको अन्तवार्ता प्रश्नावली र विद्यार्थी सँगको छलफलबाट सामजिक विषयको पाठ्यक्रम र पाठ्यपुस्तकमा देखिएको समस्या समाधानका उपायहरू खोज्ने प्रयास गरिएको छ ।

समष्टिगत रुपमा भन्नुपर्दा.पाठ्यवस्तुहरू र पाठ्यभार विचमा उपयुक्त सन्तुलन मिलाउनु पर्ने,पाठ्यवस्तुहरूको छनौट र संगठन समाजमा बर्तमान आवश्यकता पुरा गर्न सक्ने आधारमा राख्नुपर्ने, पाठ्यपुस्तकमा दिएको पाठ्यवस्तुहरू समानरुपले विश्लेषण र व्याख्या गर्नुपर्ने, विषयवस्तुहरूको समतलीय संरचनालाई अझ स्तरीय र प्रभावकारी बनाउन विशेष जोडदिनु पर्ने,पाठ्यक्रम अनुसार निश्चित गरिएका विषयवस्तुलाई पर्याप्तता दिने सवालमा ध्यान पुऱ्याउनु पर्ने, यस विषयको पाठ्यक्रम अनुसार विषयवस्तुको छनौट गरी क्षेत्र क्रम मिलान गर्दा विषयवस्तुको प्राथमिकता क्रम तथा लम्बीय र समतलीय सङगठनको मापदण्ड अपनाउनु पर्ने,समयसापेक्ष रुपमा पाठ्यक्रम निमार्ण र परिमार्जन गदै सोही अनुरुप पाठ्यपुस्तक तयार गरिनु पर्ने देखिन्छ ।

यसैगरी विषयवस्तुको उपयुक्तता भए नभएको पहिचान गर्न सम्वद्ध सबै सरोकारवालाहरूको सल्लाह र सुझावलाई उचित रुपले समायोजन गरिनु पर्ने, यो विषयको प्रभावकारी शिक्षण गरी उद्देश्य प्राप्त गर्न विद्यालयले पर्याप्त मात्रामा शैक्षिक सामग्रीको व्यवस्था मिलाउनु पर्ने,. यस विषयको शिक्षण गर्ने शिक्षक प्राय: बढी श्रृजनशिल र खोज अनुसन्धानमा लागि रहनु पर्ने, पाठ्यक्रम अनुसार पाठ्यपुस्तक तयार गरी सहसम्बन्ध वलियो बनाउन सम्बन्धित पक्षले विशेष सावधानी अपनाउनु पर्ने,सामाजिक अध्ययन विषय अन्तर्गतका सबै विषयवस्तुलाई तिनिहरूको

महत्व र समयसापेक्षताका आधारमा उचित एकाइभार दिएर अनुपातिक रुपमा सन्तुलन मिलाउनु पर्ने, यस विषयका विषयवस्तुको बारेमा विद्यार्थीहरूलाई प्रत्यक्ष रव्यावहारिक ज्ञान दिनका लागि स्थानिय ठाउँहरू बाहेकका भौगोलिक, ऐतिहासिक र सास्कृतिक महत्वका स्थानमा भ्रमण गराउन विद्यालयले व्यवस्था मिलाउनु पर्ने, प्रत्येक पाठको अन्तमा पाठका महत्वपुर्ण विषयवस्तुको साराशं बुँदागत रुपमा राखिनु पर्ने, पुस्तकमा दिएका अभ्यास र क्रियाकलापहरू विद्यार्थीको शैक्षिक स्तर, क्षमता र विषयवस्तु अनुसार नै राखिनु पर्ने,सामाजिक अध्ययन विषयमा रहेका विषयवस्तुको व्यापक पकृतिको भएको र प्रयोगात्मक क्रियाकलाप बढी गर्नुपर्ने हँदा पाठ्यभार बढाउनु पर्ने, यस विषयको एकाइ ६र ७ भएका विषयवस्तुहरूलाई संक्षिप्त रुपमा विद्यार्थीको स्तर अनुसार राखिनु पर्ने, उपयुक्त पाठ्यक्रम निर्माण गर्दा देशको समग्र राजनितिक विकास क्रम, भौगोलिक, सामाजिक र आर्थिक अवस्था, विद्यालयको भौतिक अवस्था तथा विश्वपरिवेश जस्ता मुलभुत पक्षहरूलाई समेट्नु पर्ने, यस विषयवस्तुको प्रस्तुतीलाई सरल र सहज बनाउन सरलबाट जटिलतिर, प्रत्यक्षबाट अप्रत्यक्षतिर तथा अमुर्तताबाट मुर्त लगायतका आवश्यक शिक्षाका सिद्धान्तहरूलाई पाठ्यक्रम निर्माता र विषय शिक्षकले पर्याप्त सावधनीका साथ पालना गर्नुपर्ने, यो विषयमा भएका विषयवस्तु वा शिर्षक सम्बन्धमा के कति पढाउने भनि स्पष्ट सिमाङ्कन गरिनु पर्ने,यो विषयले सामाजिक प्रभावकारी सदस्यको रुपमा भुमिका निर्वाह गर्न सक्ने श्रृजनशील, लगनशील तथा जिम्मेवार नागरिक तयार गर्न विशेष जोड दिनु पर्ने देखिन्छ।

अतःमाध्यमिक विद्यालयमा सामाजिक विषय शिक्षणलाई प्रभावकारी वनाउनका लागि सर्वप्रथम पाठ्यसामाग्रीको उपलब्धता प्रयोग तथा आइपरेका यावत समस्याहरूलाई नीति निर्माता, पाठ्यक्रम विकास केन्द्र, विषय शिक्षक, प्र.अ., वि.व्य.स. एवं स्वय विद्यार्थीहरूबाट समाधान खोज्ने तर्फ लाग्नुपर्ने आवश्यकता देखिन्छ। माध्यमिक तहको सामाजिक अध्ययन विषयको वर्तमान पाठ्यक्रम र पाठ्यपुस्तक अन्तरसम्बन्ध विश्लेषण क्रममा अध्ययनबाट प्राप्त भएका सुझावहरूलाई आधार मानी पाठ्यक्रम विकास केन्दले यस विषयको पाठ्यक्रम निर्माण गरी पाठ्यपुस्तक तयार गरिनु पर्ने आवश्यकतालाई महसुस गरिनु पर्दछ।

# परिच्छेद पाँच : प्राप्ती, निष्कर्ष तथा सुझाव

अध्ययन शिर्षक अनुसार माध्यमिक तहको सामाजिक अध्ययन विषयको वर्तमान पाठ्यक्रम र पाठ्यपुस्तक अन्तरसम्बन्ध  विश्लेषण अन्तर्गत परिचय खण्ड जस्मा अध्ययनको पृष्ठभूमि,समस्याको कथन, अध्ययनको औचित्य, अध्ययनको उदेश्य, अनुसन्धनात्मक प्रश्न, अध्ययन परिसीमा, शब्दको परिभाषा र व्यख्या समावेश गरीएकोछ। त्यसै गरी साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाकामा सम्बन्धित साहित्यको पुनरावलोकन, सैद्धान्तिक खाका  र पुनरावलोकनको उपादेयता जस्ता विषयवस्तु प्रस्तुत गरिएको छ।  त्यसै गरी अध्ययन विधि अन्तर्गत अनुसन्धान ढाँचा, जनसंख्या र नमुनाको आकार, तथ्यांकको श्रोत, अनुसन्धानको साधन, तथ्यांक संकलन प्रक्रिया , तथ्यांक विश्लेषण प्रक्रिया विषय प्रस्तुत गरिएको छन्। यस अनुसन्धान अध्ययनको मुख्य भाग भनेको नै तथ्यांक विश्लेषण र व्याख्या हो जस अन्तर्गत यस अध्ययनको उदेश्य मुताविक सो लाई पुष्टाइ गर्न  पाठ्यवस्तुको विश्लेषण गरिदा यस सम्बन्धमा सामाजिक अध्ययनको पाठ्यक्रम अनुरुप पाठ्यपुस्तकमा पाठ्यवस्तुहरूको पर्याप्तता विश्लेषण, पाठ्यवस्तुहरूको उपयुक्तताको विश्लेषण, उदेश्य र पाठ्यवस्तुहरूको व्यवहारिकताको विश्लेषण, उदेश्य र पाठ्यवस्तुको समय सापेक्षताको विश्लेषण गरिएकोछ। त्यसै गरी विषवस्तुको विश्लेषण अन्तर्गत लम्बिय ढाँचाको आधारमा विषयवस्तुको विश्लेषण, विषय वस्तुको समतलिय संगठनको आधारमा विश्लेषण गरी प्रस्तुत गरिएको छ। त्यसै  गरी पाठ्यक्रम र पाठ्यपुस्तक विश्लेषण गरिएकोछ साथै सामजिक शिक्षणमा देखिएका समस्याहरू र पाठ्यक्रम र पाठ्यपुस्तक विच देखिएका समस्या समाधानका विषयहरू पनि प्रस्तुत गरि अन्तमा यस अध्ययन विश्लेषणबाट प्राप्त प्राप्ती ,निषकर्ष र सुझावलाई प्रस्तुत गरिएको छ।

पाठ्यक्रम अनुसार निर्धारित विषयवस्तुको पर्याप्तता र उपयुक्तताको विश्लेषण,  उद्देश्य र पाठ्यवस्तुको व्यावहारिकता एवम् समयसापेक्षता लेखाजोखा, तथा पाठ्यक्रम पाठ्यपुस्तक सहसम्बन्ध अध्ययन गर्न राखेका  उद्देश्यहरूको प्राप्तिका लागि नमुना छनौटमा परेका माध्यमिक तहका सामाजिक अध्ययन विषयका विषय शिक्षकका लागि प्रश्नावली र विद्यार्थीका लागि  लक्षित समुह छलफल कार्यक्रम तथा अध्ययनकर्ताद्धारा गरिएको दस्तावेज विश्लेषण अध्ययन साधनका आधारका प्राप्त भएका तथ्याङ्क,सुचना, धारणा, जानकारीहरूको प्रशोधन, सम्पादन, व्याख्या र विश्लेषण गरी प्राप्ती, निष्कर्ष र सुझावका रुपमा निम्नानुसार प्रस्तुत गरिएको छन्।

## ५.१ प्राप्ती

सामाजिक अध्ययन विषयको पाठ्यक्रम अनुसार निर्धारित केही कक्षागत उद्देश्यहरू सैद्धान्तिक रुपमा विशिष्ट जस्ता देखिए तापनि व्यावहारिक रुपमा विशिष्ट नभएको, त्यसै गरी यस विषयका पाठ्यवस्तुहरूलाई विद्यालयले तोकिएको समयभित्र पाठ्यवस्तुहरूको व्यापकता र पाठ्यभार विचको उचित सन्तुलन नभएका कारण पुरा गर्न नसकिएको,पाठ्यवस्तुहरूको उद्देश्यसँगको तालमेल मिलेको र सामाजिक अध्ययन विषयका पाठ्यवस्तुहरूमा वर्तमान विविधतापुर्ण समाजमा मनोवैज्ञानिक तथा विषयवस्तुको व्यापक क्षेत्रविस्तारका कारणले पर्याप्तता नभएको स्थिति देखियो ।

त्यसै गरी पाठ्यवस्तुहरूमा भएका प्रत्येक पाठ्यवस्तुहरूको विश्लेषण र व्याख्या समान रुपमा नभएका, विद्यार्थी र शिक्षकका अनुसार यो विषयको पाठ्यवस्तुहरूमा भएका अभ्यास र क्रियाकलापहरू विद्यार्थीको स्तर, क्षमता र विषयवस्तु सम्बन्धि खोज अनुसन्धान गरेर अध्ययन गर्न सक्ने रयस विषयका पाठ्यपुस्तकहरूको अध्ययन पश्चात् विद्यार्थीहरूलाई व्यवहारिक रुपमा सक्षम र आफ्नो मौलिक श्रृजनामा विषयवस्तु सम्बन्धि खोजअनुसन्धान गरेर अध्ययन गर्न सक्ने बनाउने लक्ष्य राखेको पाईयो ।

यस विषयका पाठ्यवस्तुहरूले समयसापेक्ष रुपमा विद्यार्थीहरूलाई आफ्नो घरपरिवार, समाज, देश र विश्व वातावरण सम्बन्धि शिक्षा दिँदै सामाजिक अध्ययन विषयको तहगत उद्देश्य पुरा गर्नसघाएको देखियो ।

सामाजिक अध्ययन विषयक पाठ्यवस्तुहरू अन्य विषयका पाठ्यवस्तुहरू भन्दा तुलनात्मक रुपमा बढी परिवर्तशिल भएको स्थिति देखियो । सामाजिक अध्ययन विषयको समतलीय संरचना अनुसार यस विषय अन्तर्गतका पाठ्यवस्तुहरूलाई उपयुक्त ढाँचामा एकाइ, पाठ्यशीर्षक तथा उपशीर्षकमा व्यवस्थित गरेको पाईयो । जहाँ पाठ्यवस्तुहरलाई विद्यार्थीहरूलाई विद्यार्थीको स्तर क्षमता पूर्वज्ञान तथा शिक्षाका सिदान्त अनुसार सङगठन गरेको देखियो । सामाजिक अध्ययन विषयको माध्यमिक तहका अन्य विषयहरू सितको समतलिय संरचना अनुसार केही विषयहरू सितको समतलीय संरचना अनुसार केही विषय सँग (अङग्रजी, गणितर विज्ञान) अप्रत्यक्ष रुपमा सम्बन्ध कायम भएको तथा बाँकी अन्य विषय : नेपाली भूगोल, स्वास्थ्य जनसंङ्ख्या तथा वातावरण शिक्षा र अर्थशास्त्रका पाठ्यवस्तुहरू विच प्रत्यक्ष घनिष्ट सम्बन्ध कायम भएको देखियो ।तहगत रुपमा शिक्षाको राष्ट्रिय उद्देश्यपरिपुर्ती गर्ने सवालमा यो विषयका पाठ्यवस्तुहरूपर्याप्त, समयसापेक्ष उपयुक्त र व्यवहारिक रहेको पाइयो ।

यस विषयको पाठ्यपुस्तकमा पाठ्यवस्तुहरूलाई एकाइगत रुपम राख्दा विषयवस्तुको महत्व र उपयोगिताका आधारमा सन्तुलन र समन्वय गदै प्राथमिकता क्रम अनुसार सङगठन हुन नसकेको देखियो । यो विषयको एकाइ ६ र ७ बाहेकअन्य एकाइमा भएका पाठ्यवस्तुहरू विद्यार्थीको पुर्वज्ञान, रुचि र स्तर अनुसार उपयुक्त र सन्तुलित ढाँचा राखिएको देखियो ।

पाठयक्रम अनुसार विषयवस्तुको पर्याप्तता सम्बन्धमा मिश्रितरुपमा रहेको पाईयो । तर विषयवस्तुभने राम्रा रहेको पाईयो । आफै पढेरपनि बुझ्न सकिने र विविध पक्षको वारेमा जानकारी दिने सम्बन्धमा पर्याप्त पाईयो । दस्तावेज विश्लेषणको अनुसार यो विषयले समय सापेक्ष सम्पुर्ण विषय वस्तु समेटेर विभिन्न पक्षको ज्ञान दिनुपर्ने हुँदा पर्याप्तता नरहेको पाईयो ।

पाठ्यक्रम अनुसार निर्धारित विषय वस्तुको उपयुक्तता सम्बन्धमा  यस विषयमा समावेश गरिएका सवै विषय वस्तु उपयुक्त र स्तर सुहाउदा भएको तर केहि विषयवस्तु समान रुपमा समेट्न नसकेकाले उपयुक्त नभएको देखियो । साथै यस विषयको समतलीय संगठन भन्दा पनि लम्वीय संगठन निकै सवल रहेको देखियो। धेरै विषयवस्तुहरू विद्यार्थीको रुचि , स्तर , क्षमता र पूर्वज्ञानमा आधरित भएको हुनाले उपयुक्त भएको र एकाई ६ र ७ मा भएका केहि विषयवस्तु विद्यार्थीको लागि उपयुक्त नभएको पाईयो । दस्तावेज विश्लेषणबाट पनि विषयवस्तु उपयुक्त भएका र केहि मात्र उपयुक्त हुन नसकेका देखिन्छन् ।

पाठ्यक्रम अनुसार निर्धारित   उद्देश्य र पाठ्यवस्तुहरूको समय सापेक्ष सम्बन्धमा यो विषयले विषय वस्तु छनौट र संगठनमा क्रममा विभिन्न चुनौतीहरू  विद्यमान रहेको परिपेक्ष्यमा पनि यसमा भएका  उद्देश्य र पाठ्यवस्तुहरू समयसापेक्ष भएको तर केहि विषयवस्तुहरू समयसापेक्ष नभएको विषय शिक्षक अन्तवार्ता प्रश्नावलीबाटदेखिएको छ तापनि  यसले सामाजिक समस्या, ऐतिहासिक, भौगोलिक, आर्थिक लगायतका विभिन्न पक्षहरूको बारेमा विस्तृत जानकारी प्रदान गर्ने भएकाले समयसापेक्ष नै भएको पाइयो । दस्तावेज विश्लेषण अनुसार पनि समाजिक अध्ययनले समसामयिक र व्यावहारीक पक्षको बारेमा विद्यार्थीहरूलाई विषयवस्तु सिकाउने हुनाले समयसापेक्ष भएको देखिन्छ । व्यावहारिकताको दृष्टिकोण अनुसार विश्लेषण गर्दा यो विषयले सैद्धान्तिक पक्ष भन्दा व्यावहारिक पक्षमा बढी जोड दिने उद्देश्य राखेको आधारबाट यो विषयका विषयवस्तु व्यवहारिक नै भएको पाईयो । यो विषयले हाम्रा विकास क्षेत्रहरूको विकास सम्बन्धि अवस्था थाहा पाउन, सामाजिक समस्याहरूको बोध गराउने तथा विश्वका विभिन्न देशको ऐतिहासिक र भौगोलिक ज्ञान दिने हुनाले व्यावहारिक भएको पाइयो ।सामाजिक अध्ययन विषयमा विभिन्न व्यावहारिक पक्ष सम्बन्धि जानकारी दिँदै व्यावहारिक रुपमा सवल सक्षम बनाउने देखियो ।

पाठ्यक्रम र पाठ्यवस्तुको सहसम्बन्धे पाठ्यक्रम अनुसार पाठ्यपुस्तक तयार भएको देखिन्छ। यसमा विषयवस्तुको छनौट र सङगठनमा विद्यार्थीहरूलाई पूर्णतया ख्याल गरी गर्न नसकेको देखियो ।यो विषयमा एकाइगत पाठ्यभार समान नभएको र उद्देश्यहरूमा पुर्णतया विशिष्टतता कायम नभई मापनीय समस्या परेको देखिन्छ।

## ५.२ निष्कर्ष

एक्काइशौ शताब्दीको युग वैज्ञानिक युग हो। वर्तमान समयमा हरेक क्षेत्रमा भइरहेको परिवर्तनले प्रत्येक व्यक्ति र समाजलाई प्रभावित गरिरहेको स्थिति छ। जे जति परिवर्तन र विकास भइरहेको छ् यो सबै शिक्षाको कारणले भएको हो। त्यसकारण शिक्षा क्षेत्रमा पाठ्यक्रमको निर्माण गर्दा शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य र कक्षागत उद्देश्य लगाएतका आधारमा गरिन्छ। पाठ्यक्रम सैद्धान्तिक कार्यक्रमको दस्तोवेज हो भने त्यसैले यहाँ माध्यमिक तहको वर्तमान सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तक अन्तरसम्बन्ध विश्लेषण क्रममा अध्ययनसँग सम्बद्ध सबै पक्षबाट प्राप्त भएका विचार, भावना र अवधारणाहरूलाई विश्लेषण गर्दा प्राप्त भएका निष्कर्षहरूलाई निम्नानुसार उल्लेख गरिएको छ।

पाठ्यवस्तुहरूलाई समाजका वर्तमान आवश्यकता अपेक्षित मात्रामा पुरा हुन नसकेको देखियो। पाठ्यवस्तुहरूको व्यापकता र पाठ्यभार विच उचित सन्तुलन नभएकाले समयमै विषयवस्तुको शिक्षण पुरा गर्न सम्भव नभएको पाइएकोले पाठ्यपुस्तकमा भएका पाठ्यवस्तुहरूको विश्लेषण र व्याख्या समान रुपले नगरिएको देखियो।

वर्तमान विविधतापुर्ण समाजमा मनोवैज्ञानिक र विषयवस्तुको व्यापक क्षेत्र विस्तारका कारणले पाठ्यवस्तुहरू पुर्णतया पर्याप्त हुने नसकेको देखिन्छ। अभ्यास र क्रियाकलापहरू विद्यार्थीको स्तर, क्षमता विषयवस्तु अनुरुप हुन नसकेको देखिन्छ। पाठ्यवस्तुहरूले विद्यार्थीहरूलाई व्यवहारिक रुपमा सक्षम र मौलिक रुपमा श्रृजनशिल बनाउन खोजेको देखिन्छ। यस विषयका पाठ्यवस्तुहरूले समयसापेक्ष रुपमा विभिन्न पक्ष सम्बन्धि जानकारी दिने देखिन्छ। यो विषयका एकाइ ६ र७ बाहेकका अन्य एकाइगत भएका पाठ्यवस्तुहरू लगभग उपयुक्त ढाँचामा नै मिलाएको देखिन्छ। सामाजिक अध्ययन विषय माध्यमिक तहमा राख्नु सान्दर्भिकता र समय सापेक्ष रहेका पाईन्छ। पाठ्यक्रम अनुसार विषयवस्तुको पर्याप्तता समग्र पक्षको आधारमा हेर्दा कमै रहेको पाइन्छ। यस विषयमा भएका सम्पुर्ण विषयवस्तु पुर्णतया उपयुक्त हुन नसकेको देखिन्छ। पाठ्यक्रम

अनुरुप निर्धारित  उद्देश्य र विषयवस्तुहरू विभिन्न चुनौतिहरूका बावजुत पनि समयसापेक्ष भएको देखिन्छ ।

समग्रमा पाठ्यक्रम निर्माण गरी पाठ्यपुस्तक तयार गर्दा सम्बन्धित निकायले विद्यार्थी रुचि, स्तर क्षमता र पुर्वज्ञानलाई समेट्न सकेको छैन  । यो विषयले विद्यार्थीलाई प्रजातान्त्रिक परिपाटीमा उपयुक्त व्यवहार प्रदर्शन गर्न सक्ने आर्दश नागरिक तयार पार्ने लक्ष्य राखेको पाइयो । यो विषयको एकाइ ६ र ७ मा भएका विषयवस्तुहरू अन्य एकाइहरूको तुलनामा विस्तृत र विद्यार्थीको स्तर सुहाँउदो नभएको देखिन्छ । सामाजिक अध्ययन विषयले विद्यार्थीहरूलाई देशको सामाजिक, राजनितिक, भौगोलिक, ऐतिहासिक, आर्थिक लगायतका विविध पक्षहरूको जानकारी गराउने हुनाले व्यावहारिक भएको देखियो । पाठ्यक्रम र पाठ्यपुस्तक सहसम्बन्ध अधिकांश रुपमा मिलेको देखिन्छ ।यस विषयमा समावेश गरिएका विभिन्न एकाइहरूलाई समान भार नदिएको हुनाले व्यावहारिक भएको देखिन्छ । पाठ्यक्रमविद्धहरूले यस विषयको विषयवस्तुको छनौट र सङगठन गर्न गरेको प्रयास प्रशंसनीय रहेको छ । यो विषयमा प्रयोगात्मक पक्षलाई बढी राखेर व्यावहारिक रुपमा विद्यार्थीलाई सवल र सक्षम बनाउन खोजेको पाइयो । सामाजिक अध्ययन विभिन्न सामाजिक विज्ञानबाट विषयवस्तु ग्रहण गरी तयार गरिने एकिकृत र समन्वयात्मक विषयको रुपमा रहेको छ । विषयवस्तुको समतलिय सङगठन भन्दा लम्बीय सङगठन तुलनात्मक रुपमा उपयुक्त रहेको हुनाले यस विषयमा पाठ्यवस्तुको उपयुक्तता भएको मान्न सकिन्छ । यसमा क्रमशः एकाइ ६ हाम्रो पृथ्वीलाई २५ प्रतिशत र एकाइ ७ हाम्रो विगतलाई २० प्रतिशत भार दिइएकोले अन्य एकाइलाई कम महत्व दिएको हुनाले अन्य एकाई प्रति अन्याय भएको देखिन्छ । प्राय धेरै जसो विशिष्ट उद्देश्यहरू निकै लामा र मापनमा कठिनाई भएको देखिन्छ । विद्यालयमा पाठ्यपुस्तक बाहेक अन्य सन्दर्भसामग्री र शैक्षिक सामग्रीको कमि रहेको पाइएको छ ।

सैद्धान्तिक पक्षलाई भन्दा व्यवहारिक जीवन उपयोगी विषयवस्तुको छनौट र संगठनमा प्राथमिकता क्रमका आधारमा हुनुपर्ने , पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक तयार गर्दा देशको राजनितिक, सामाजिक ,आर्थिक, ऐतिहासिक ,भौगोलिक अवस्था र विश्वपरिवेश लगायतका मुलभुत पक्षलाई विशेष जोड दिनुपर्ने जस्ता महत्वपुर्ण कुराहरू निष्कर्षको रुपमा  आएको छन् ।

## ५.३ सुझावहरू

यस अध्ययनको शिर्षक अनुरुप निश्चित गरिएका  उद्देश्यहरूलाई पुरा गर्न  उद्देश्यहरूलाई पुरा गर्न उत्तरदाताहरूबाट प्राप्त भएका सुचना, प्रतिक्रिया भावना एवं अनुसन्धानकर्ताले गरेका दस्तावेज अध्ययन विश्लेषणका आधारमा केही सुझावहरू प्रस्तुत गरिएका छन् ।

### ५.३.१. नीतिगत तहका लागि सुझाव

पाठ्यवस्तुहरू र पाठ्यभार बीचमा उपयुक्त सन्तुलन मिलाउनु पर्ने आवश्यक रहेको देखिन्छ । सामाजिक अध्ययन विषय अन्तर्गत पाठ्यवस्तुहरूलाई एकाइगत रुपमा महत्व र उपयोगिताको आधारमा राखिनु पर्ने देखिन्छ ।यस विषयको पाठ्यक्रम अनुसार विषयवस्तुको छनौट गरी क्षेत्र क्रम मिलान गर्दा विषयवस्तुको प्राथमिकता क्रम तथा लम्बीय र समतलीय सङगठनको मापदण्ड अपनाउनु पर्ने देखिन्छ ।पाठ्यवस्तुहरूको छनौट र संगठन समाजमा बर्तमान आवश्यकता पुरा गर्न सक्ने आधारमा राख्नुपर्ने देखिन्छ ।यो विषयको माध्यमिक तहका अन्य विषयसित र यसै विषयका पाठ्यवस्तुहरू अन्तर्गतको समतलिय संरचना विश्लेषण गर्नु पर्ने देखिन्छ । विषयवस्तुहरूको समतलीय संरचनालाई स्तरीय र प्रभावकारी बनाउन जोडदिनु पर्ने देखिन्छ ।पाठ्यक्रम अनुसार निश्चित गरिएका विषयवस्तुलाई पर्याप्तता दिने सवालमा पाठ्यक्रम विकास केन्द्रले ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।समयसापेक्ष रुपमा पाठ्यक्रम निर्माण र परिमार्जन गर्दै सोही अनुरुप पाठ्यपुस्तक तयार गरिनु आवश्यक देखिन्छ ।

पाठ्यक्रमअनुसार पाठ्यपुस्तक तयार गरी सहसम्बन्ध वलियो बनाउन शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र , पाठ्यक्रम अनुसन्धान निकाय एवं संलग्न शिक्षा विद्ले ध्यान दिनु पर्दछ ।सामाजिक अध्ययन विषयमा रहेका विषयवस्तुको व्यापक प्रकृतिको भएको र प्रयोगात्मक क्रियाकलाप बढी गर्नुपर्ने हुँदा पाठ्यभार बढाउनु आवश्यक छ ।यस विषयको एकाइ ६र ७ भएका विषयवस्तुहरूलाई संक्षिप्त रुपमा विद्यार्थीको स्तर अनुसार राखिनु पर्ने देखिन्छ ।पाठ्यक्रम निर्माण गर्दा देशको समग्र राजनितिक विकास क्रम, भौगोलिक, सामाजिक र आर्थिक अवस्था, विद्यालयको भौतिक अवस्था तथा विश्वपरिवेश जस्ता मुलभुत पक्षहरूलाई बिर्सनु हुदैन । यो विषयमा भएका विषयवस्तु वा शीर्षक सम्बन्धमा के कति पढाउने भनी स्पष्ट सिमाङ्कन गरी निर्देशिका तयार गरिनु पर्दछ ।यो विषयले प्रभावकारीसामाजिकसदस्यको रुपमा भूमिका निर्वाह गर्न सक्ने श्रृजनशील, लगनशील तथा जिम्मेवार नागरिक तयार गर्न विशेष जोड दिनु पर्दछ ।यो विषयमा हुने हरेक परिवर्तनको लागि एउटा दशौ नयाँ एकाइको व्यवस्था गनुपर्ने जसको नाम समसामयिक जानकारी भन्ने एकाइ राख्नु पर्दछ ।

### ५.३.२. अभ्यास तहका लागि सुझाव

पाठ्यपुस्तकमा दिएको पाठ्यवस्तुहरू समानरुपले विश्लेषण र व्याख्या गर्नुपर्ने देखिन्छ ।यो विषयको प्रभावकारी शिक्षण गरी उद्देश्य प्राप्त गर्न विद्यालयले पर्याप्त मात्रामा शैक्षिक सामग्रीको व्यवस्था मिलाउनु अति आवश्यक छ ।सामाजिक अध्ययन विषय अन्तर्गतका सबै विषयवस्तुलाई

तिनिहरूको महत्व र समयसापेक्षताका आधारमा उचित एकाइभार दिएर अनुपातिक रुपमा सन्तुलन मिलाइ अध्ययन अध्यापन गरिनु अति आवश्यक छ ।यस विषयका विषयवस्तुको बारेमा विद्यार्थीहरूलाई प्रत्यक्ष रव्यावहारिक ज्ञान दिनका लागि स्थानिय ठाउँहरू बाहेकका भौगोलिक, ऐतिहासिक र सास्कृतिक महत्वका स्थानमा भ्रमण गराउन विद्यालयले व्यवस्था मिलाउनु पर्दछ ।प्रत्येक पाठको अन्तमा पाठका महत्वपुर्ण विषयवस्तुको साराशं बुँदागत रुपमा टिपोट गर्न लगाउन जरुरी छ । पुस्तकमा दिएका अभ्यास र क्रियाकलापहरू विद्यार्थीको शैक्षिक स्तर, क्षमता र विषयवस्तु अनुसार नै राखिनु पर्दछ ।यस विषयवस्तुको प्रस्तुतीलाई सरल र सहज बनाउन सरलबाट जटिलतिर, प्रत्यक्षबाट अप्रत्यक्षतिर तथा अमुर्तताबाट मुर्त लगायतका आवश्यक शिक्षाका सिद्धान्तहरूलाई सिकाई क्रियाकलपमा लागु गरिनुपर्दछ ।विषय शिक्षकले प्रभावकारी शिक्षण गर्नका लागि खोज अनुसन्धान र श्रृजनशील कार्यमा ध्यान दिनुपर्ने देखिन्छ ।

५.३.३. अनुसन्धान तहका लागि सुझाव

सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तक वीचको अन्तरसम्बन्धको विषयमा सोध कार्य गर्दा सिमित साधान, स्रोत, समय र अध्ययन सम्बन्धी समस्यालाई ध्यानमा राखी अध्ययनको परिसिमा पूर्वाञ्चल विकास क्षेत्रको मोरङ जिल्लाको सुन्दर दुलारी नगरपालिका भित्रका २ वटा सामुदायिक मा.वि.हरू साजीलाल उ.मा.वि. र ज्योती मा.वि. नमुना छनौट विधिवाट छनौट गरी सो विद्यालयमा शैक्षिक वर्ष २०७२।०७३ मा कार्यन्वयनमा रहेको कक्षा ९ र१० को सामाजिक शिक्षा पाठ्यवस्तु र सो सम्बन्धी पाठ्यकमलाई अध्ययन क्षेत्र भित्र सिमीत गरिएकोले यसको नमुनाको आकार पनि सानो भएकोले यसको निष्कर्षलाई सामान्ययिकरण गरेमा भरपर्दो नहुन सक्छ । त्यसैले यसको आकारमा वृद्धि गर्न अन्य मा.वि. तथा उ.मा.वि. विद्यालय छनौट गरी सोध कार्य अगाडी वढाउदा सो बाट निस्केको निष्कर्षलाई व्यवहारमा सामन्ययिकरण गर्न भरपर्दो हुने कुरालाई सोध कर्ताले सोधपत्र तयार गर्दा ध्यान दिनु पर्ने देखिन्छ ।

अनुसन्धानकर्ताले पाठ्यक्रमको गहिराइलाई पहिचान गरी सो अनुसार पाठ्य विषयवस्तुको मूल्यांकन गर्नु एवंविषयवस्तुको उपयुक्तता एवं पर्याप्तता भए नभएको पहिचान गर्न सम्वद्ध सबै सरोकारवालाहरू जिल्ला शिक्षा कार्यालयको विद्यालय निरीक्षक, विद्यालय व्यवस्थापन समितिको अन्य पदाधिकारीहरु, शिक्षा सरोकार नागरिक मञ्च र सो क्षेत्रमा रहेका शिक्षा विद्को सल्लाह र सुझावलाई उचित रुपले समायोजन गरिनु पर्दछ ।विद्यार्थीले सिकाई प्रक्रिया कुन रुपमा ग्रहण गर्न सकेकोछ सो सम्बन्धमा विद्यार्थी छलफलबाट पत्ता लगाउन नसकेको कुरालाई अवलोकन विधि मार्फत एवं अभिभावकसँगको अन्तरक्रियाबाट पत्ता लगाउनु उपयुक्त हुन्छ ।साथै विद्यार्थीको सिकाई उपलब्धी कुन स्तरमा छ भन्ने कुरालाई अंक गणितीय र तथ्यांकशास्त्रिय औजार प्रयोग गरी निर्धारण गरिनु पर्दछ । अनुसन्धान कर्ताले प्र.अ., विषय शिक्षक , वि.व्य.स. प्रतिनिधि तथा श्रोत व्यक्तिबाट प्राप्त सूचना लक्षित उत्तरदाताबाट सहि सूचना प्राप्त हुनको लागि आन्तरिक एवं वाह्य पक्षको विश्लेषण गरी मनोवैज्ञानिक तवरले वातवरण मिलाउनु उपयुक्तहुन्छ ।

# सन्दर्भ सूची

अधिकारी, देवराज र पाण्डे, धुव्रलाल (२०६९), *अनुसन्धान पद्दति,* काठमाडौः सनराईज पब्लिकेशन प्रा.लि. ।

कट्टेल, बालचन्द्र (२०६४),*पाठ्यक्रमअध्ययन,* न्यू हिरा वुक्स ईन्टरप्राईजेज, किर्तिपुर नयाँवजार काठमाडौं ।

खनाल, पेशल (२०७०), *शैक्षिक अनुसन्धान पद्दति,* काठमाडौ : सनलाई पब्लिकेशन प्रा.लि.

खनाल, श्रीप्रसाद र तिमिल्सेना, विनोद (२०६३), *कार्यक्रममूल्याङ्कन,* काठमाडौं : क्षितिजप्रकाशन ।

खनाल ,श्रीप्रसाद (२०६४), *पाठ्यक्रम सिद्धान्त,* जुपिटर पब्लिसर एण्ड डिष्टिवुटर, किर्तिपुर काठमाडौ ।

पन्त, करुणकार (२०६३), *माध्यमिकतहमा सामाजिकशिक्षा शिक्षण सम्बन्धि एक अध्ययन,* अप्रकाशित शोधपत्र, स्नाकोत्तर तह, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, त्रि.वि., काठमाडौं ।

पा.वि.के (२०५९), *प्रशिक्षकनिर्देशिका सामाजिकअध्ययन,*भक्तपुर : लेखक ।

पा.वि.के. (२०५९), *माध्यमिकतहको अनिवार्य विषयको पाठ्यपुस्तकहरूको प्राविधिकमूल्याङ्कन,*भक्तपुरः लेखक ।

लुईटेल, चक्रपाणी (२०६४), *सामाजिकअध्ययन शिक्षण,* काठमाडौंः निमा पुस्तकप्रकाशन ।

शर्मा, निर्मला र शर्मा, चिरञ्जीवि (२०६४), *पाठ्यक्रम योजना र अभ्यास,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिट्रिव्यूटर्स ।

शर्मा, भोजराज र पौड्ेल, आन्नद (२०५९), *माध्यमिकतहको पाठ्यपुस्तकको प्राविधिकमूल्याङ्कनको प्रतिवेदन,*भक्तपुरः पा.वि.के. ।

श्री ५ को सरकार, शिक्षा मन्त्रालय (२०२८), *राष्ट्रिय शिक्षा पद्धति योजना,* काठमाडौं : लेखक

## सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तक वीचको अन्तरसम्बन्ध

## अनुसूची १

नमुना छनौटमा परेको विद्यालय

| क.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | साजिलाल उच्च मा.वि. | सुन्दरदुलारी नगरपालिका ७ |
| २ | ज्योती मा.वि. | सुन्दरदुलारी नगरपालिका |

## सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तक वीचको अन्तरसम्बन्ध

## अनुसूची २

नमुना छनौटमा परेका विद्यालयको सामजिक शिक्षकको नाम

| क.सं. | शिक्षकको नाम | ठेगाना | योग्यता | शिक्षण अनुभव वर्ष |
|---|---|---|---|---|
| १ | नारायण प्रसाद घिमिरे | साजिलाल उच्च मा.वि. | Med. | ३१ |
| २ | श्याम बावु काफ्ले | साजिलाल उच्च मा.वि. | Med. | १२ |
| ३ | याम प्रसाद सिग्देल | ज्योती मा.वि. | Med. | १२ |
| ४ | टेक बहादुर न्यौपाने | ज्योती मा.वि. | Bed. | ८ |

विद्यालयको शिक्षक हाजिरी रेकर्ड २०७२।७३ र विद्यालय प्रशासन व्यक्तिगत फाइल

## सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तक वीचको अन्तरसम्बन्ध

## अनुसूची ३

नमुना छनौटमा परेका विद्यालयको विद्यालय व्यवस्थापन समिती र श्रोत शिक्षक व्यक्तिको विवरण

| क.सं. | नाम पद | ठेगाना |
|---|---|---|
| १ | गीताशर्मा घिमिरे (वि.व्य.स. अध्यक्ष) | साजीलाल उ.मा.वि. सुन्दरदुलारी ७ |
| २ | पुरन कुमार राई (वि.व्य.स. अध्यक्ष) | ज्योती मा.वि. सुन्दरदुलारी न.पा. |
| ३ | प्रेम प्रसाद भट्टराई (श्रोत व्यक्ति) | सुकुना उ.मा.वि.श्रोत केन्द्र |

# सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तक वीचको अन्तरसम्बन्ध

## अनुसूची ४

सामुहिक छलफलको लागि छनौट भएको विद्यार्थीहरु

| क.सं. | विद्यार्थीको नाम | विद्यालयको नाम | कक्षा |
|---|---|---|---|
| १ | अस्मिता राई | ज्योती मा.वि. | १० |
| २ | प्रतिभा श्रेष्ठ | ज्योती मा.वि. | १० |
| ३ | केशकुमारी अधिकारी | ज्योती मा.वि. | १० |
| ४ | ज्योती राई | ज्योती मा.वि. | १० |
| ५ | गोपाल दाहाल | ज्योती मा.वि. | १० |
| ६ | राजमाया राई | ज्योती मा.वि. | १० |
| ७ | रोहित वि.क. | ज्योती मा.वि. | १० |
| ८ | पूर्ण तामांग | ज्योती मा.वि. | १० |
| ९ | विरेन्द्र राई | ज्योती मा.वि. | १० |
| १० | रिमा तामांग | ज्योती मा.वि. | ९ |
| ११ | सनिज लिम्बु | ज्योती मा.वि. | ९ |
| १२ | सुविना राई | ज्योती मा.वि. | ९ |
| १३ | सरस्वती गुरुगं | ज्योती मा.वि. | ९ |
| १४ | मेनका लिम्बु | ज्योती मा.वि. | ९ |
| १५ | रिता फुयाल | ज्योती मा.वि. | ९ |
| १६ | बिक्रम राई | ज्योती मा.वि. | ९ |
| १७ | सकुन्तला फुयाल | ज्योती मा.वि. | ९ |
| १८ | हेमराज राई | ज्योती मा.वि. | ९ |
| १९ | पवल मगर | साजीलाल उ.मा.वि | ९ |
| २० | अस्मिता राई | साजीलाल उ.मा.वि | ९ |
| २१ | भगवती पराजुली | साजीलाल उ.मा.वि | ९ |

| | | | |
|---|---|---|---|
| २२ | कविता भट्टराई | साजीलाल उ.मा.वि | ९ |
| २३ | अनुपा पराजुली | साजीलाल उ.मा.वि | १० |
| २४ | प्रमिला श्रेष्ठ | साजीलाल उ.मा.वि | १० |
| २५ | विपिन पौडेल | साजीलाल उ.मा.वि | १० |
| २६ | संजय चौधरी | साजीलाल उ.मा.वि | १० |
| २७ | शुश्मिता चौधरी | साजीलाल उ.मा.वि | १० |
| २८ | आशा तामांग | साजीलाल उ.मा.वि | ९ |
| २९ | शर्मिला देवान | साजीलाल उ.मा.वि | ९ |
| ३० | नम्रता कार्की | साजीलाल उ.मा.वि | ९ |
| ३१ | टिकामाया भट्टराई | साजीलाल उ.मा.वि | ९ |
| ३२ | अनुराधा चौधरी | साजीलाल उ.मा.वि | ९ |
| ३३ | बशन्ती तामांग | साजीलाल उ.मा.वि | १० |
| ३४ | चिरञ्जीवी राउत | साजीलाल उ.मा.वि | १० |
| ३५ | करिना राई | साजीलाल उ.मा.वि | १० |
| ३६ | आरती चौधरी | साजीलाल उ.मा.वि | १० |

## सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तक वीचको अन्तरसम्बन्ध

## अनुसूची ५

माध्यमिक तहको बर्तमान सामजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तक अन्तर सम्बन्धको विश्लेषण सम्बन्धमा विषय शिक्षकको धारणा र प्रतिक्रियाहरुको लागि अन्तरवार्ता प्रश्नावली

नाम : ............................... अनुभव ..............................

विद्यालय : ...............................

१.के यस विषयमा पाठ्यक्रममा उल्लेख गरिएका उदेश्य विशिष्ट छन् ?

.......................................

२.यदि छैनन भने कुन कुन उदेश्य विशिष्ट छैनन्?

..............................................

३.के यस विषयको पाठ्यक्रमका उदेश्यहरुले समाजको वर्तमान आवश्यकता परिपुर्ति गर्न सक्दछन् ?

.................................................

४.यदि सक्दैन भने पाठ्यक्रममा कुन कुन विषय थप्नुपर्ला ?

....................................................

५.के ति निर्धारण गरिएको उदेश्यहरु माध्यमिक स्तर सुहाउदो छन्?

...........................

६.यदि छैन भने कुन कुन छैन?

................................................

७. के यस विषयको पाठ्यक्रमका उदेश्यहरु विद्यालयले निर्धारण गरेको समय भित्र पुरा गर्न सकिन्छ ?

............................................

८.यदि सकिदैन भने के गर्नु पर्ला ?

................................................

९.यस तहका यस विद्यालयका उदेश्यहरु पुरा गराउन सवै पाठहरुको शिक्षण गर्न आवश्यक छ ?

.............................................

१०.छैन भने कुन कुन पाठहरु उपयुक्त छैनन् ?

...............................................

११.के यस विषयका पाठ्यक्रमका उदेश्यले शिक्षाको राष्ट्रिय उदेश्य पुरा गर्न सघाउछ ?

........................................................

१२.के यस विषयका विषयवस्तुहरुले उदेश्यसँग मेल खाएको ठान्नुहुन्छ ?

..............................................................

१३.यदि छैन  भने कुन कुन वेमेल भएको देखिन्छ ?

..........................................................

१४ के विषय सुचि कठिनाई स्तर अनुसार बमोजिम क्रमबद्ध गरिएको छ ?

.................................................................

१५. के सामजिक अध्ययन विषयका पाठ्यपुस्तकमा भएका सवै पाठहरु माध्यमिक तहको योग्यता बमोजिम छन्?

............................................................

१६.यदि छैन भने त्यस्ता पाठहरुको नाम उल्लेख गर्नुहोस?

.........................................................

१७.के छनौट गरिएका विषय वस्तुहरुको सीमांकन गरिएको छन्?

................................................

१८. यसका विषय वस्तुहरु अघिल्लो कक्षा र पछिल्लो कक्षाका विषयवस्तुसँग लम्बवत रुपमा जोडिने गरी छनौट गरिएको छन्?

..................................................................

१९.के छनौट गरेका सम्पुर्ण  विषयवस्तुहरु एक शैक्षिक सत्र भित्र पुरा हुन्छन्?

.............................................

२०. यदि हुदैनन् भने के गर्नु पर्ला?

.................................................

२१.के तपाई यस विषयका पाठ्यक्रममा अन्य विषय वस्तु थप्नु पर्ने आवाश्यकता छ भन्ने ठान्नुहून्छ ?

...............................................

२२ यदि थप्नुपर्ने भएमा कुन कुन विषय थप्नुपर्ला?

..............................................................

२३.के पाठ्य पुस्तकमा पाठ्यक्रमले निर्दिष्ट गरेको प्रत्येक विषय वस्तुको व्याख्या विश्लेषण समान रुपले गरिएकोछ ?

...........................................................

२४. के सामजिक विषयको पाठ्यपुस्तकमा भएका चित्रहरु स्पष्ट, आकर्षक र सान्दर्भिक छन् ?

......................................................

२५.के पाठ्यक्रमले निर्धारण गरेको उदेश्यहरुको क्रम अनुसार नै विषय वस्तुको संगठन क्रमिक रुपमा गरिएकोछ ?

.....................................................................

२६.छैन भने कुन कुन विषयवस्तुको संगठन मिलेको छैन ?

...............................................................................

२७ के सिकाई अनुभवहरुको कठिनाई स्तर सरल देखि जटिलताको सम्म क्रमबद्ध गरिएकोछ ?

...........................................................

२८ के पाठ्यपुस्तकका प्रत्येक ईकाई लम्विय रुपमा संगठित छन् ?

...............................................................

२९.के सामजिक अध्ययन विषयको पाठ्यक्रम तत्काल परिमार्जन गर्नु आवश्यक छ ?

..............................................................................

३०. यदि परिमार्जन गर्न उपर्यूक्त देख्नुहुन्छ भने कुन कुन पक्षमा परिमार्जन गर्नुपर्ला ?

.....................................................................

३१. के यस विषयको पाठ्यपुस्तकको प्रत्येक पाठको अन्तमा विद्यार्थीको उपलब्धी मापन गर्नको लागि मूल्यांकन प्रक्रियाको आधार दिइएको छ ?

.........................................................

३२.तपाईले विद्यार्थीको मुल्यांकनका साधन प्रयोग गर्नु भएकोछ ? मूल्यांकन पद्धती के कस्तो रहेको छ ?

..................................................

३३. पाठ्यपुस्तकमा पाठ्यवस्तुको पर्याप्तता कस्तो देख्नुहुन्छ ?

३४. शिक्षण सिकाई प्रक्रियामा कस्ता शिक्षण विधि प्रयोगमा ल्याइएको छ ?

........................................

३५ शैक्षिक सामाग्रीको निर्माण र संकलन कसरी गर्नुहुन्छ ?

.....................................................................

३६.सामजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तकको उपलब्धता र प्रयोगमा केहि कमजोरीहरु देख्नुहुन्छ यदि कमजोरी भए कसरी निराकरण गर्न सकिन्छ ।

.......................................

# सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तक वीचको अन्तरसम्बन्ध
# अनुसूची ६

## लक्षित समुह छलफलमा विद्यार्थीहरुलाई सोधिएको प्रश्नहरु

१.सामजिक अध्ययन विषय कस्तो लाग्छ ?

............................................................

२.यस विषयमा मन पर्ने पाठहरु कुन कुन हुन् ?

............................................................

३.यि पाठहरु मन पर्ने कारण के हुन?

.....................................................

४.यस विषयमा भएका अप्ठ्यारा पाठहरुको नाम भन्नुहोस ।

...................................................

५ ति पाठहरुअप्ठ्यारा किन लाग्छ ?

........................

६.यसमा दिएका सवै पाठहरु तपाईहरुलाई सुहाउदा छन् ?

.................................................

७.प्रत्येक पाठको अन्तमा दिएको अभ्यासहरु र क्रियाकलपहरु कत्तिको उपयुक्त छन ?

............................................

८.पाठ्यपुस्तकमा भएको प्रत्येक  विषयवस्तुहरुको समान  रुपमा व्याख्या र विश्लेषण गरिएको छन् ?

..............................................................

९.पाठ्यपुस्तकमा दिएको चित्रहरु स्पष्ट, आकर्षक र सान्दर्भिक छन?

.........................................

१०.विषय वस्तुको प्रस्तुतीकरण कसरी गरिएकोछ ?

.......................................................

११. तल्लो कक्षामा पढेका कुराले माथिल्लो कक्षामा पुग्दा सहयोग पुगेकोछ ?

.........................................

१२ यस विषयमा भएको विषयवस्तु कति उपयुक्त र व्यवहारिक छन्?

....................................

१३ यस विषय वस्तु एक शैक्षिक वर्षमा पुरा भएकोछ ?

........................................

१४. यस विषयको अध्ययनबाट तपाईहरुले कस्तो शिक्षा पाउनुहुन्छ ?

........................................

१५ शिक्षकले शिक्षणमा कस्ता सामाग्री प्रयोग गर्नुहुन्छ ?

.........................................

१६.शिक्षकले पाठको अन्तमा के कस्ता परीक्षाहरु लिने गर्नु भएकोछ ?

...............................

१५. यस विषय सम्बन्धमा थप भनाई केहि छन् ।

## सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तक वीचको अन्तरसम्बन्ध

## अनुसूची ७

### प्र. अ. ,वि.व्य.स. तथा श्रोत व्यक्तिका लागिअन्तर्वार्ता प्रश्नावली

नाम : .............................. अनुभव ..............................

विद्यालय : ...............................

१ कक्षा ९ र १० मा विद्यार्थी संख्या कति छन् ?

..................................

२ तपाइको विद्यालयमा सामाजिक विषयको पाठ्यक्रम उपलब्ध छ ? छ भने कसरी ल्याउनु भयो ?

......................................

३ के यस विषयमा पाठ्यक्रममा उल्लेख गरिएका उदेश्य विशिष्ट छन् ?

.........................................

४ यदि छैनन भने कुन कुन उदेश्य विशिष्ट छैनन् ?

................................................

५ के पाठ्पुस्तकहरु विद्यालयमा छन् ? शिक्षकलाई दिनु हुन्छ ?

.........................................................

६ के यस विषयको पाठ्यक्रमका उदेश्यहरुले समाजको वर्तमान आवश्यकता परिपुर्ति गर्न सक्दछन् ?

..........................................................

७ यदि सक्दैन भने पाठ्यक्रममा कुन कुन विषय थप्नुपर्ला ?

...............................................

८ के ति निर्धारण गरिएको उदेश्यहरु माध्यमिक स्तर सुहाउदो छन्?यदि छैन भने कुन कुन छैन?

.......................................................

९ के यस विषयको पाठ्यक्रमका उदेश्यहरु विद्यालयले निर्धारण गरेको समय भित्र पुरा गर्न सकिन्छ?यदि सकिदैन भने के गर्नु पर्ला ?

..............................................

१० के यस विषयका पाठ्यक्रमका उदेश्यले शिक्षाको राष्ट्रिय उदेश्य पुरा गर्न सघाउछ ?

........................................

११ के यस विषयका विषयवस्तुहरुले उदेश्यसँग मेल खाएको ठान्नुहुन्छ ?

..............................

१२ के सामजिक अध्ययन विषयका पाठ्यपुस्तकमा भएका सवै पाठहरु माध्यमिक तहको योग्यता बमोजिम छन्?यदि छैन भने त्यस्ता पाठहरुको नाम उल्लेख गर्नुहोस?

....................................................

१३ यसका विषय वस्तुहरु अघिल्लो कक्षा र पछिल्लो कक्षाका विषयवस्तुसँग लम्बवत रुपमा जोडिने गरी छनौट गरिएको छन् ?

............................................

१४ के छनौट गरेका सम्पुर्ण विषयवस्तुहरु एक शैक्षिक सत्र भित्र पुरा हुन्छन ?यदि हुदैनन् भने के गर्नु पर्ला ?

.......................................

१५ के तपाई यस विषयका पाठ्यक्रममा अन्य विषय वस्तु थप्नु पर्ने आवाश्यकता छ भन्ने ठान्नुहून्छ ?यदि थप्नुपर्ने भएमा कुन कुन विषय थप्नुपर्ला ?

......................................

१६ के पाठ्यपुस्तकका प्रत्येक ईकाई लम्बिय रुपमा संगठित छन् ?

.............

१७ के सामजिक अध्ययन विषयको पाठ्यक्रम तत्काल परिमार्जन गर्नु आवश्यक छ ?

.....................

१८ यदि परिमार्जन गर्न उपर्यूक्त देख्नुहुन्छ भने कुन कुन पक्षमा परिमार्जन गर्नुपर्ला ?

...................................

१९ शैक्षिक सामाग्रीको निर्माण र संकलन कसरी गर्नुहुन्छ ?

...........................................

२० मूल्यांकन पद्धती के कस्तो रहेको छ ?

.........................................

२१ कुन कुन शिक्षण विधि प्रयोगमा ल्याइएको छ ?

............................

२२ सामजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तकको उपलब्धता र प्रयोगमा केहि कमजोरीहरु देख्नु हुन्छ यदि कमजोरी भए कसरी निराकरण गर्न सकिन्छ ।

.....................................

## सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तक वीचको अन्तरसम्बन्ध

## अनुसूची ८

### माध्यमिक तहको वर्तमान पाठ्यक्रमको स्वरुप

| क.सं. | विषय | साधारण | | संस्कृत | | वेद विद्यालय | |
|---|---|---|---|---|---|---|---|
| | | पूर्णाङ्क | पाठ्यभार | पूर्णाङ्क | पाठ्यभार | पूर्णाङ्क | पाठ्यभार |
| १ | नेपाली | १०० | ५ | १०० | ५ | १०० | ५ |
| २ | गणित | १०० | ५ | १०० | ५ | १०० | ५ |
| ३ | अंग्रेजी | १०० | ५ | १०० | ५ | - | - |
| ४ | विज्ञान | १०० | ५ | १०० | ५ | - | - |
| ५ | सामजिक अध्ययन | १०० | ५ | १०० | ४ | १०० | ५ |
| ६ | स्वास्थ्य ,जनसंख्या र वातवरण शिक्षा | १०० | ४ | - | - | - | - |
| ७ | ऐच्छिक प्रथम | १०० | ५ | १०० | ५ | - | - |
| ८ | ऐच्छिक द्धितीय | १०० | ५ | १०० | ५ | - | - |
| ९ | अनिवार्य संस्कृत | - | - | १०० | ५ | - | - |
| १० | संस्कृत , व्याकरण र अनुवाद | - | - | - | - | १०० | ५ |
| ११ | संस्कृत भाषा साहित्य | - | - | - | - | १०० | ५ |
| १२ | वेदा वा निती शाश्त्र | - | - | - | - | १०० | ५ |
| १३ | कर्मकाण्डा वा फलित ज्योतिष | - | - | - | - | १०० | ४ |
| १४ | आयूर्वेद, प्राकृतिक चिकित्सा, तर्क संग्रह मध्ये एक | - | - | - | - | १०० | ५ |
| | जम्मा | ८०० | ३९ | ८०० | ३९ | ८०० | ३९ |

श्रोत : माध्यमिक शिक्षा पाठ्यक्रम २०६४, पाठ्यक्रम विकास केन्द्र सानो ठिमी भक्तपुर

# सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तक वीचको अन्तरसम्बन्ध

## अनुसूची ९

### माध्यमिक तहको सामजिक अध्ययन विषयको वर्तमान पाठ्यक्रम अनुसार विशिष्ट उदेश्य र पाठ्य वस्तुको क्षेत्र र क्रम तालिका

| क्र.सं. | विशिष्ट उदेश्य | |
|---|---|---|
| | कक्षा ९ | कक्षा १० |
| १ | १.विकास,दिगो विकास तथा मानव विकासको अवधारण वताउन | १.क्षेत्रिय विकासको अवधारणा दिई विभिन्न क्षेत्रको भौगोलिक, सामजिक , आर्थिक पक्षको तुलनात्मक विवरण दिन । |
| २ | नेपालमा मानव विकासको स्थिती विश्लेषण गर्ने | नेपालमा सञ्चालित मुख्य मुख्य आयोजनाहरुको विवरण दिने, ति आयोजना सञ्चालनको लागि सहयोग गर्न र सहभागि हुन |
| ३ | नेपालको विकास कार्यमा शिक्षा , स्वास्थ्य , यातायात , सञ्चार ,विद्युत र खानेपानीको विकास उल्लेख गर्ने | नेपालमा विकासका कठिनाईहरु तथा समाधानका उपायहरु उल्लेख गर्न र सहभागि हुन, |
| ४ | नेपाली कलाको पृष्ठभुमिमा हस्तकला चित्रकला,वास्तुकला र मुर्तिकलाको परिचय दिन र तिनको संरक्षण कार्यमा सहभागि हुन | विकासको पूर्वाधारको रुपमा दक्ष जनशक्ति र शान्ति सुव्यवस्थाको महत्व तथा आवश्यकता दर्शाउन |
| ५ | हाम्रा राष्ट्रिय विभुतीहरुबाट राष्ट्रका लागि भएको योगदानहरुको वर्णन गर्न र उनीहरुले गरेको राम्रा कुराको अनुसरण गर्ने | हाम्रा सांस्कृतिक सम्पदाहरुको पहिचान गर्न र संरक्षण तथा सम्बर्द्धनमा सहयोग गर्न |
| ६ | सामजिक समस्या पहिचान गर्न , त्यसको समस्या समाधानको उपायहरु उल्लेख गर्न र समाधान कार्यहरुमा सहभागि हुन | हाम्रा लोक नृत्य लोक गित र लोक बाद्यको महत्वको वर्णन गर्न तथा त्यसको उत्थानमा सहयोग गर्न |
| ७ | संविधानको परिचय दिई नेपालको संवैधानिक विकास क्रम उल्लेख गर्न | हाम्रा राष्ट्रिय दिवसहरुको महत्व वर्णन गर्न र त्यस्ता दिवसहरुमा आफ्नो सहभागिता जनाउन । |
| ८ | बर्तमान संविधानले प्रदान गरेको मौलिक हक उल्लेख गर्न | अन्तर्राष्टिय व्यक्तित्वको योगदान उल्लेख गर्न र उनीहरुले देखाएको राम्रा कुराहरुको अनुशरण गर्न । |
| ९ | सुशासनको अवधारण वताई नागरिक समाजको भुमिका उल्लेख गर्न | सामजिक विकृतिले समाजमा परेको प्रभाव प्रमाण र त्यसको समाधानमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुले खेलेको भुमिका वारे वर्णन गर्न र त्यस्ता कार्यमा सहयोग गर्न । |
| १० | नेपालमा जाती ,धर्म , भाषा,क्षेत्र ,लिङ्ग आदिका दृष्टिले विविधताको पहिचान गरी एक अर्कामा सहिष्णुता कायम राख्ने | राज्यका तीन अंगहरु तथा संवैधानिक अंगहरुको संक्षिप्त परिचय दिन, गठन प्रक्रिया र कार्यहरु उल्लेख गर्न । |

| | | |
|---|---|---|
| ११ | देशान्तरको कारणले समय र तिथीमा पार्ने प्रभाव वताउने | नेपालको शासन प्रणालीमा राजनैतिक दलहरुको भुमिका |
| १२ | नेपालको हावापानीको अवस्था, ऋतु परिवर्तनको परिचय दिन । | निर्वाचन प्रक्रिया र यसमा नागरिकले खेल्नुपर्ने भुमिका उल्लेख गर्न । |
| १३ | भौगोलिक विविधताबाट जनजीवनमा पर्ने असर बताउन। | मानव अधिकारको अवधारणा सँग परिचित भई सो अनुसारको आचरण गर्न |
| १४ | नेपालको नक्शा अध्ययन गरि प्रमुख तथ्यहरु संकेत गर्ने । | राष्ट्रिय सरोकारका विषयमा सचेत हुने र सो अनुसारको आचरण गर्न । |
| १५ | एशिया , यूरोप र अष्टेलिया महाद्विपको प्राकृतिक , सामजिक जनजिवन तथा आर्थिक क्रियाकलपको संक्षिप्त परिचय दिन र नेपाल सँग तुलना गर्न । | विश्वका हावापानीको प्रकारको संक्षिप्त परिचय दिन र यसले जनजीवनमा पार्ने असर वताउन । |
| १६ | ऐतिहासिक श्रोतहरुको खोजी र अध्ययन गरी त्यसको उपयोग गर्न । | उत्तर अमेरिका तथा दक्षिण अमेरिका र अफ्रिका महाद्विपहरुको प्राकृतिक, सामजिक, र आर्थिक क्रियाकलपबारे वर्णन गर्न र नेपाल सँग तुलना गर्न । |
| १७ | नेपालको एकिकरण अभियानको संक्षिप्त रुपमा वर्णन गर्न र यसले पारेको प्रभाव वताउन । | भुकम्पको परिचय दिन, यसको असर र सुरक्षाको उपायहरु अवलम्बन गर्ने । |
| १८ | नेपाल अंग्रेज युद्धका प्रमुख नेपाली वीर वीरंगनाहरुको योगदान वताउन । | नेपालको नक्शा उतारी नेपाल एवं विश्वको नक्शामा प्रमुख तथ्यहरु संकेत गर्न । |
| १९ | नेपालमा राणाशासनको उदय,अन्त्यको कारण र सामजिक तथा आर्थिक पक्षमा पारेको प्रभाव उल्लेख गर्ने । | वि.सं.२००७ साल देखि वि.स.२०४६ साल सम्मका प्रमुख राजनितिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव वर्णन गर्न । |
| २० | औद्योगिक क्रान्तिले मानव समाजमा पारेको प्रभाव उल्लेख गर्न | वि.स.२०४६ साल देखि हाल सम्मका प्रमुख राजनितिक घटनाक्रम र त्यसले सामजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव वर्णन गर्न । |
| २१ | नेपालको आर्थिक विकासमा कृषि , उद्योग र व्यापार बीचको आपसी सम्बन्ध र महत्व वर्णन गर्न एवम् तिनको सुधारमा योगदान दिन । | प्रथम र द्धितीय विश्व युद्धको कारण ,परिणाम हरु, प्रभाव र नेपालीहरुको भुमिका उल्लेख गर्न । |
| २२ | नेपालको अर्थतन्त्रमा उद्योगको महत्व तथा विकासका संभावनाहरु उल्लेख गर्न | नेपालमा पर्यटन उद्योगको महत्व र विकासका संभावनाहरु उल्लेख गर्न । |
| २३ | नेपालमा उद्योगको समस्याहरु र यसलाई प्रवर्द्धन गर्ने उपायहरु वताउन र आवश्यक योगदान दिन । | पर्यटन उद्योग विकासको समस्या र समाधानको उपायहरु उल्लेख गर्ने |
| २४ | आर्थिक योजनाको परिचय दिन र अघिल्लो योजनाको समिक्षा गर्न । | नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारको महत्व, सम्भावना र चुनौती उल्लेख गर्ने |
| २५ | नेपालमा गरिवी निवारण र रोजगार प्रवर्द्धनमा आर्थिक योजनाले पुराउने सहयोग उल्लेख गर्न । | चालु योजना र यसको उदेश्य एवम् कार्यक्रम उल्लेख गर्न । |
| २६ | सार्क राष्ट्रहरुको आपसी सहयोग र | संयुक्त राष्ट्रसंघ र यसका विशिष्ट संस्थाहरुसँगको |

| | | |
|---|---|---|
| | सद्भावना बारे वर्णन गर्न । | सम्बन्ध तथा सहयोग वर्णन गर्न । |
| २७ | नेपालको दातृराष्ट्रहरुसँगको सम्बन्ध र सहयोग बारे वयान गर्न । | विश्वमा घटेका समसामयिक घटनाहरुले मानव जनजिवनमा पारेको प्रभाव उल्लेख गर्न |
| २८ | नेपाललाई संयुक्त राष्टसंघको सदस्यको रुपमा चिन्न र अन्तर्राष्टिय शान्ति स्थापनाका लागि नेपालले संयुक्त राष्टसंघमा खेलेको भुमिकाको वर्णन गर्न । | |
| २९ | विश्वमा घटेका समसामयिक घटनाहरुले मानव जीवनमा पारेको प्रभाव उल्लेख गर्न । | |

श्रोत : माध्यमिक शिक्षा पाठ्यक्रम २०६४, पाठ्यक्रम विकास केन्द्र सानो ठिमी भक्तपुर

पाठ्यवस्तुको क्षेत्रक्रम

| पाठ्यवस्तुको क्षेत्रक्रम | कक्षा ९ | कक्षा १० |
|---|---|---|
| १.हामी ,हाम्रो समुदाय र राष्ट | १.विकास<br>२.मानव विकासको मापन<br>३.दिगो विकास | १.क्षेत्रिय तथा संघिय अवधारण<br>२. पूर्वाञ्चल विकास क्षेत्र<br>३.मध्यामञ्चल विकास क्षेत्र<br>४.पश्चिमाञ्चल विकास क्षेत्र<br>५.मध्यपश्चिमाञ्चल विकास क्षेत्र<br>६. सुदुर पश्चिमाञ्चल विकास क्षेत्र |
| २.विकासको पूर्वाधार | १.विकासका पूर्वाधारहरु<br>२. शिक्षा<br>३. स्वास्थ्य<br>४. वातवरण<br>५.खानेपानी<br>६. विद्युत तथा सञ्चार<br>७.विकासको पूर्वाधारमा जनसहाभागिता | १.विकासका निम्ति दक्ष जनशक्ति<br>२.दक्ष जनशक्ति : आज र भोली<br>३.विकासको महिलाको समान सहभागिता<br>४.शान्ति सुव्यवस्था |
| ३.हाम्रो परम्परा सामजिक मुल्य र मान्यताहरु | १.हाम्रो रीतिरिवाज र परम्परा<br>२.नेपाली चित्रकला<br>३.नेपाली मुर्तिकला<br>४.नेपाली वास्तुकला<br>५.धर्मनिरपेक्षता र हाम्रा प्रमुख धार्मिक स्थलहरु<br>६.हाम्रा राष्टिका लागि भएको योगदानहरु | १.हाम्रा सम्पदा<br>२.नेपालको लोक गित<br>३.नेपाली लोक वाजा<br>४.हाम्रा शाश्त्रिय तथा लोक नृत्य<br>५.हाम्रा राष्टिय दिवस<br>६.अन्तर्राष्टिय व्यक्तित्वहरु |
| ४.सामाजिक समस्या र समाधान | १.सामाजिक समस्याको पहिचान<br>२.सामाजिक समस्यको समाधान<br>३.सामाजिक सुधारमा स्थानीय संघसंस्थाको भुमिका<br>४. सामाजिक सुधारमा राष्टिय स्तरको | १.चेलीबेटी वेचविखान र देहव्यापार<br>२.सामजिक कुप्रथा<br>३.प्रमुख सामाजिक समस्या :भ्रष्टाचार<br>४.लागुपदार्थ दुर्व्यसान |

| | | |
|---|---|---|
| | संघसंस्थाहरु<br>५.सामाजिक सुधारमा भएका प्रयासहरु | ५.शरणार्थी समस्या<br>६. सामाजिक समस्या निराकारणमा अन्तर्राष्टिय संस्थाहरुको भुमिका<br>७.नेपालको विकास कार्यमा स्काउटले खेलेको भुमिका<br>८. नेपालको विकास कार्यमा रेडक्रस र एस.ओ.एस.का योगदान |
| ५.नागरिक चेतना | १.संविधानको परिचय<br>२.नेपालको संवैधानिक विकासक्रम<br>३.नेपालको वर्तमान संविधानको विशेषताहरु<br>४. मौलिक हकहरु<br>५. मौलिक हक र कर्तव्य<br>६.सुशासन<br>७.नागरिक समाजको भुमिका<br>८.विविधतामा एकता | १.व्यवस्थापिका<br>२.कार्यपालिका<br>३.न्यायपालिका<br>४.संवैधानिक अङ्गहरु<br>५.राजनैतिक दलहरु<br>६.निर्वाचन प्रक्रिया<br>७ निर्वाचनमा नागरिकको भुमिका<br>८.मानव अधिकार<br>९.राष्ट्रिय सरोकारको विषय |
| ६.हाम्रो पृथ्वी | १.देशान्तर र समयको सम्बन्ध<br>२.स्थानीय र प्रमाणिक समय<br>३.नेपालको धरातलीय स्वरुप<br>४.नेपालको हावापानीको अवस्था<br>५.नेपालको भौगोलिक विविधता र जनजीवन<br>६. नक्शा कार्य<br>७.स्वतन्त्र नक्सांकन कार्य<br>८.दुरी सम्बन्धि ज्ञान<br>९. एशिया महादेशको भौगोलिक वातवरण<br>१०.एशिया महादेशको आर्थिक तथा सामाजिक जनजीवन<br>११.यूरोप महादेशको भौगोलिक वातवरण<br>१२.यूरोपको आर्थिक र सामाजिक जनजीवन<br>१३. अष्ट्रेलिया महादेशको भौगोलिक वातावरण<br>१४. अष्ट्रेलिया महादेशको आर्थिक क्रियाकलप र सामाजिक जनजीवन<br>१५.एशिया, यूरोप, अष्ट्रेलिया र नेपाल | १.हावापानी र प्राकृतिक वनस्पति<br>२.हावापानी र प्राकृतिक वनस्पतिको प्रदेश<br>३. उष्ण प्रदेश<br>४.उष्ण प्रदेशिय जनजीवन<br>७.जाडो प्रदेश<br>८.उत्तर अमेरिकाको भौगोलिक वातावरण<br>९.उत्तर अमेरिकाको प्राकृतिक साधन र यसको उपयोग<br>१०.दक्षिण अमेरिकाको भौगोलिक वातावरण<br>११. उत्तर अमेरिकाको साधन र यसको उपयोग<br>१२. अफ्रिका महादेशको भौगोलिक वातावरण<br>१३.अफ्रिका महादेशको आर्थिक क्रियाकलप<br>१४.उ.अमेरिका , द.अमेरिका , अफ्रिका र नेपाल<br>१५.भुकम्प<br>१६.नक्साको माध्यमबाट सुचना प्रवाह |
| ७.हाम्रो विगत | १.ऐतिहासिक श्रोतहरुको खोजी ,अध्ययन र उपयोग<br>२.नेपाल एकिकरणको प्रयासहरु | १.दिल्ली संझौता र २००७ सालको आन्दोलनको अन्त्य<br>२.२००७ साल देखि २०१७ साल |

| | | |
|---|---|---|
| | ३.सैनिक सुदृढिकरण तथा आर्थिक समस्या<br>४.एकिकरण अभियानको सफलताको सुरुवात<br>५.एकिकरण अभियानको निरन्तरता<br>६.नेपाल अंग्रेज युद्धको कारण र परिणामहरु<br>७.नेपाल अंग्रेज युद्धमा नेपाली वीर वीरंगनाको योगदान<br>८.राणाशासनको उदय र पतनको कारण<br>९. राणाकालिन प्रमुख उपलब्धी<br>१०.औद्योगिक क्रान्ति | सम्मको राजनितिक घटनाक्रम<br>३.प्रत्यक्ष शासन र दलहरु माथीको प्रतिवन्ध<br>४.२०१७ साल देखि २०३६ सम्मको राजनितिक घटनाक्रम<br>५.२०३६ साल देखि २०४६ सम्मको राजनितिक घटनाक्रम<br>६.२०४६ साल पछिको राजनैतिक घटनाक्रम<br>७.प्रथम विश्वयुद्धको कारण<br>८.प्रथम विश्वयुद्धको प्रमुख घटना र परिणामहरु<br>८.द्धितीय विश्वयुद्धको कारणहरु<br>९.द्धितीय विश्वयुद्धको प्रमुख घटनाहरु |
| ८.आर्थिक क्रियाकलप | १.कृषि उद्योग र व्यापारमा आपसि सम्बन्ध<br>२.कृषि<br>३.कृषिका समस्या र समाधानका उपायहरु<br>४.उद्योग<br>५.उद्योग विकासका समस्याहरु र समाधान<br>६.व्यापार<br>७. नेपालको वैदेशिक व्यापारको समस्या र समाधानको उपायहरु<br>८.आर्थिक योजना<br>९.विगत योजनाको उपलब्धीहरु<br>१०.गरिवी गरिवी निवारण र रोजगार प्रवर्द्धन | १. पर्यटन उद्योग र यसको महत्व<br>२.नेपालमा पर्यटन उद्योगको संभावना<br>३.नेपालमा पर्यटनका समस्याहरु<br>४.पर्यटन उद्योगको समस्या समाधानको उपायहरु<br>५.नेपालको पर्यटन केन्द्रहरु<br>६. वैदेशिक रोजगार<br>७.वैदेशिक रोजगारका चुनौती र सम्भावना<br>८.चालु योजनाको उदेश्य र कार्यक्रम |
| ९. अन्तर्राष्ट्रिया सम्बन्ध , शान्ति र सहयोग | १.अन्तर्राष्टिय समझदारी, शान्ति र सहयोग<br>२.विश्वमा विज्ञान र प्रविधीको विकासबाट मानव जनजीवनमा पारेको प्रभाव, समसामयिक घटना<br>३.नेपालको अरु राष्ट्रसँगको सम्बन्ध<br>४.सार्क राष्ट्रविच आपसी सहयोग र सद्भाव<br>५.विश्वो जल्दोवल्दो समस्या : जलवायु परिवर्तन | १.संयुक्त राष्ट्रसंघ र यसको अंगहरु<br>२.संयुक्त राष्ट्रसंघ का विशिष्टिकृत संस्थाहरु<br>३.संयुक्त राष्ट्रसंघ को गतिविधीहरु<br>४.अन्तर्राष्ट्रिय सम्बन्ध र नेपाल |
| | | |

श्रोत : माध्यमिक शिक्षा पाठ्यक्रम २०६४, पाठ्यक्रम विकास केन्द्र सानो ठिमी भक्तपुर

# सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तक वीचको अन्तरसम्बन्ध

## अनुसूची १०

### सामाजिक अध्ययन पाठ्यक्रममा क्षेत्रअनुसारको पाठ्यभार विभाजन

| क.सं. | पाठ्यवस्तु | प्रतिशत(%) |
|---|---|---|
| १०. | हामी ,हाम्रो समुदाय र राष्ट्र | ५ |
| ११. | हाम्रा विकासका पुर्वाधार | ५ |
| १२. | हाम्रो परम्परा,सामाजिक मुल्य र मान्यतारु | ५ |
| १३. | सामाजिक समस्या र समाधान | १० |
| १४. | नागरिक चेतना | १० |
| १५. | हाम्रो पृथ्वी | २५ |
| १६. | हाम्रो विगत | २० |
| १७. | आर्थिक क्रियाकलप | १५ |
| १८. | अन्तर्राष्टिय सम्बन्ध , शान्ति र सहयोग | ५ |

श्रोत : माध्यमिक शिक्षा पाठ्यक्रम २०६४, पाठ्यक्रम विकास केन्द्र सानो ठिमी भक्तपुर